CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच

बागलुङ्को सांस्कृतिक पहिचान



४.२६
४२९८

प्रेम छोटा

२०३५ सालमा मूर्तिलाई अगाडि मुख पारी हनुमान नाच बागलुङ बजारमा परिक्रमा गर्दाको दृश्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच

बागलुङको सांस्कृतिक पहिचान

(परम्परा, कला, संस्कृति, प्रविधि, संरक्षण र विकास)

प्रेम छोटा

प्रकाशक

दीअ प्रकाशन

रत्न-श्रेष्ठ पुरस्कार गुठी, बागलुङ

CC-0. In Public Domain. Digitization by eGangotri

358.26
छो ४२१६

प्रकाशक तथा वितरक

दीअ प्रकाशन
रत्न श्रेष्ठ पुरस्कार गुठी
धवलागिरि अञ्चल, बागलुङ
फोन नं.: ०६८-५२०९७४/५२०५८०
९८४७६२३१७५

ACC NO 26182

ग्रन्थः- हनुमान नाच बागलुङको सांस्कृतिक पहिचान

विधाः- प्राचिनतम् लोकसंस्कृतिमूलक ग्रन्थ

अनुसन्धाताः- प्रेम छोटा

अक्षराङ्कनः- ईश्वर शर्मा पौडेल, संजिव वोहरा, बागलुङ

सर्वाधिकारः- शोधकर्ता स्वयम्

संस्करणः- प्रथम

प्रकाशन कालः- २०६८

संख्याः- ५००

पृष्ठः- २०९+२७

संस्थागत मूल्यः- ५००/-

सामान्य मूल्यः- ३५०/-

मुद्रणः **प्रज्ञा अफसेट प्रिन्टिङ्ग प्रेस**
फोन नं.: ०१-५५३४९५२

Hanuman Nach

Baglung Ko Shaskritik Pahichan
An Analytical Study
By: Mr. Prem Chhota
Published : Deea Prakashan, Baglung

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेम छोटा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

वर्तमान समाजमा कोही चुरोट, खैनीको नसामा व्यग्र छन् त कोही जाँड, वियर र रक्सीको, त्यस्तै कोही जुवाको खालमा मस्त छन् त कोही आर्थिक उपार्जनको क्षेत्रमा तर हाम्रा वरिष्ठ साहित्यकार, लोकसंस्कृतिका अन्वेषक एवम् नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभासद प्रेम छोटा भने धवलागिरिका भाषा, साहित्य, संस्कृति र कलाका गतिविधि लगायत बागलुङको नेवार समुदायमा विद्यमान विगतका इतिहास र संस्कृतिका सम्बन्धमा गहिरो अध्ययन, अनुसन्धान र अन्वेणण कार्यमा निरन्तर रूपमा साधनारत छन् । यस सिलसिलामा सिङ्गो नेपाली साहित्य, संस्कृतिको शोध-खोज र अन्वेषणका क्रममा हाम्रा अनुसन्धाता प्रेम छोटाज्यूले बागलुङमा भक्तपुर, बनेपा, ललितपुर लगायतका विभिन्न ठाँउ थलोहरूबाट बसाई सराई गरी वा विस्थापित भई आएका नेवार समुदायका जागरूक अन्य जातिसमेत सहभागी हुँदै गरेका बागलुङका नेवार जातिले २७५ वर्ष यतादेखि वेजोड वर्षमा प्रदर्शन गर्ने गरेको प्रसिद्ध लोक संस्कृतिमूलक हनुमान नाचसम्वन्धी सांस्कृतिक सम्पदाको शोध ग्रन्थ विज्ञ समाजसमक्ष प्रस्तुत गर्नुभएको छ । नेपाली साहित्य र लोकसंस्कृतिका अन्वेषक प्राज्ञ प्रेम छोटाले नेपाल र नेपाली जनजातिको विशेण गरेर हिन्दू दर्शनमा आधारित लोकसंस्कृति मूलक हनुमान नाचजस्तो महत्त्वपूर्ण पौराणिक लोकनृत्यको अंगीकार गर्दै उक्त शोध ग्रन्थलाई समस्त पाठकहरूसामु प्रस्तुत गर्न पाउनु आफैंमा गौरवको विषय वन्न गएकोछ भने शोधकर्ता छोटाप्रति दीअ प्रकाशन हार्दिक आभार व्यक्त गर्दछ । त्यस्तै यो ग्रन्थलाई प्रकाशनार्थ आर्थिक सहयोग पुऱ्याउनुहुने सम्पूर्ण सङ्घसंस्था तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दछौं ।

दीअ प्रकाशन

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भूमिका

प्रेम छोटाज्यूलाई भाजु प्रेम छोटा अझ आफ्नै थेगो अनुसार "मचाहम प्रेम भाजु" भन्न मलाई मन पर्छ। मैले उहाँलाई धेरै बर्ष अगाडि **'स्वतन्त्र विश्व-१९७९'** पत्रिकामा पढ्ने मौका पाएको थिएँ। उक्त पत्रिकामा प्रकाशित लेखमा उहाँले बागलुङ बजारमा बेलाबेलामा नचाइने हनुमान-नाचको विषयमा खोजपूर्ण लेख प्रकाशित गर्नु भएको थियो (उक्त नाच भादगाउँ निवासी व्यापार गर्ने सिलसिलामा राजा रणजित मल्लको अवसान पछि बसाइ सर्ने क्रममा पोखरा हुँदै बागलुङ पुऱ्याइएको पत्यार लाग्दो तर्कको आधारमा लेख्नु भएको थियो। रङ्गिन चित्रहरूले समेत सजाएर प्रकाशित गरिएको उक्त मौलिक लेखमा नाचको विभिन्न झाँकिसमेत दर्शाएको सो नाच नचाउने वेलामा प्रयोग हुने राग, ताल र गीतहरूले गर्दा त्यो नाच पक्का पक्कै भादगाउँकै मौलिक संस्कृति नै रहेछ भन्ने बुझ्न कुनै कठिनाइ परेन। त्यस नाचको पात्रहरूको भेष-भूषा, अभिनय र वाद्य-वादनको नामबाट भादगाउँमा भन्दा बागलुङ बजारमा नचाइने हुनमान नाचको मौलिकता नबिग्रेको देखियो। केवल बागलुङमा नृत्यश्वर मान्ने विषयमा नासल देवता (नास : द्यो) शिव, भैरव, महा-मञ्जुश्री, महालक्ष्मी, गणेशमध्ये एकलाई नमानी केवल हनुमानलाई मात्र मानेको देखेर आश्चर्य लाग्यो। फेरि भादगाउँमा **"नासल देवता"** को पूजा गरेपछि "हैंमाद्यो" (हमाद्यों, हमद्यी, हेमावती, हिमवती देवी) समेतको पूजा गर्ने अनिवार्यता हुन आउँछ, तर सो पूजा गर्नुपर्ने अनिवार्यता उक्त लेखमा पढ्न पाइएन। बागलुङ बजारमा प्रचलित हनुमान नाचलाई भादगाउँमा **"माक :प्याखं"** नाच भन्ने प्रचलन छ। सो नाच निकाल्ने बेलामा भादगाउँमा "नासल देवता" र "हैमा-द्यो" को पूजा गरी सकेपछि हनुमानको समेत आराधना गर्ने प्रचलन देख्दछु। त्यसो त भादगाउँमा जुन पात्रले जुन देवताको चित्र अभिनय गर्ने हो सोही देवताको पनि

CC-0. In Public Domain. Digitization by eGangotri

विधिपूर्वक पूजा-अर्चना र आराधना गर्ने प्रचलन अद्यावधि मौजुद नै रहेको पाइन्छ । त्यस वेलादेखि बागलुङमा पुगी उक्त नाचले आराध्यदेव मानिएका हनुमानाजीको दर्शन गर्ने इच्छा ममा जाग्यो । वल्ल सम्वत् २०४९ सालको चैत्र दशमीको दिन बागलुङ बजार पुग्दा सफल भइयो । त्यही दिन बागलुङ बजारमा मोटर देखा पऱ्यो । सबै काम छाडि हनुमानजीको दर्शन गर्न तम्स्यौं । ज्यादै नजिक आइसकेपछि पनि मेरो भादगाउँमा राखिदिएको टुपिले छोइ नाट्यश्वर श्री हनुमानजीको दर्शन गर्ने मौका मिलेन, किनकि त्यस ठाउँमा यस पंक्तिका लेखक कर्मचारी पर्यटकको हैसियतले पुगेको थियो । बागलुङ बजारको घर, पसल, घर पसलको पेटी, ढल, बाटो, मन्दिर, पाटी, भजनमण्डलको बारेमा आँखाभरि र मनभरि दृश्यहरू कोची त्यहाँबाट बेनी बजार पुग्यौं । भाजु प्रेम छोटाज्यूसँग भेटी विचार साटासाट गर्ने, आफ्नो भाषाबाट बोल्ने र हाँस्ने रहर कालीगण्डकीमै नासो राख्न वाध्य भयौं ।

सम्वत् २०५७ सालको बिस्केट संक्रान्ति पनि भादगाउँ निवासीको नाताले हर्षोल्हासपूर्वक मनाउन पाइएन । विश्वध्वज तीनटुक्रा भइ भाचिहाले, हामी तीन जना नागरिकले वलि हुन वाध्य भयौं । त्यही दिन यस लेखकको पुरातात्विक घरमा माननीय न्यायधीशज्यूहरू श्री बुद्धरत्न शाक्य र श्री विमल मुलेपतिज्यूको आगमन भएको रहेछ भाजु प्रेम छोटाज्यूको मौलिक थर 'पसःखलः' को अर्थ बुझ्न र उहाँको पुर्ख्यौली घर **"भादगाउँ खुवु"** भन्ने ठाउँ पहिचान गर्न । सो दिन मैले उहाँहरूलाई स्वागत गर्न पाइन तैपनि मेरो छोरा सत्चेन्द्रले झिनो जानकारी दिएर उहाँहरूलाई विदाइ गरिदिएको रहेछ । उक्त संक्रान्तिको दिनदेखि पसःखलः थर र भादगाउँ खुवु भन्ने बस्तीको विषयमा कौतुहल भइ यो लेख लेख्न बसेको हुँ ।

परापूर्व कालदेखि भादगाउँ शहरका नागरिकहरूको व्यवसायको आफ्नै मौलिक विशेषता रहेको छ । यस ठाउँको व्यवसाय झट्ट हेर्दा कृषि व्यवसायजस्तो देखिए तापनि कृषि व्यवसाय केवल सहायक

CC-0. In Public Domain. Digitization by eGangotri
व्यवसाय मात्र हो । यस ठाउँको प्रमुख व्यवसाय उद्योग तथा वाणिज्य व्यवसाय हो । यस शहरमा राजभृत्य व्यवसायी न्यून नै रहेको छ । लिच्छवि राजा शिवदेव प्रथमको शासनकालदेखि भादगाउँ शहर व्यापारिक केन्द्र भइसकेको हुँदा यस ठाउँलाई **"खृपिङ्ग द्रुङ्ग"** अर्थात् व्यापारिक केन्द्र भादगाउँ भनी सकेको देखिन्छ। हुन पनि यो शहर नेपाल उपत्यकाको पूर्वपट्टिको प्रमुख व्यापारिक नाका नै हो। थरीथरीका उद्योग तथा व्यापार व्यवसायहरूको जमघट हुने एक टोल भादगाउँको **इनाचो टोल** पनि हो । यस ठाउँमा विभिन्न थर लेख्ने उद्योग व्यापार गर्ने व्यक्तिहरूले बसोवास गरिरहेका छन् । ती विभिन्न थरहरूमध्ये 'पसःखलः' थर पनि एक हो । पसःखलः थरहरू प्रायः खाद्यान्नको थोक एवं खुद्रा व्यापार गर्न सिपालु देखिन्छन् । कोही कोही पसःखलः थरका साहूहरू किराना पसल राख्ने गर्दछन् । पसःखलःहरूको प्रमुख व्यापार ढाक्रे व्यापार हुने भएको हुँदा उनीहरू व्यापारिक नाकाका प्रायः पसल राख्ने र खाद्यान्नको गोदाम राख्ने उद्देश्यले व्यापारिक नाकामा बस्न निकै रूचाउने गर्दथे । आजभोलि ती पसःखलः थरका साहूरूले युगअनुसार आफ्नो थरलाई परिमार्जित गरी विभिन्न थरको आफ्नो परिचय दिइरहेको हामी भादगाउँलेहरूदेखिआएका छौं । यी पसःखलः साहूहरूको पुरानो थर **'कान्त्रा'** हो । यसको शाब्दिक अर्थ हुन आउँछ - अरूहरूले पातको लपेसमा विहान वेलुका खान नसकेको अवस्थामा उनीहरूले माटोको थाल अर्थात **"कान्त्रा"** मा राखी खान सक्ने घरानियाँ साहू भनी कहलाइन्थे। आजभोलि यस्तो शब्द अलि असजिलो लागेको महसुस भएकोले होला पसःखलः अर्थात् पसल राख्न सक्ने साहू भन्ने थरमा परिणत गरेको होला । भादगाउँमा आजभोलि बावुले आफ्नो थर श्रेष्ठ लेखे पनि छोराले **पसःखलः** लेख्ने गरेको देखिन्छ । यी पसःखलः साहूहरूको एक खलकले आफ्नो थर **"वैद्य"** लेख्ने गरेको देखिन्छ । वैद्य थर लेख्ने साहूहरूमा इनाचोको राजवैद्य जगतमानको सन्तानहरूले वैद्य थर लेखेको हो भनी राजवैद्य जगतमान वैद्यको पनाति पुरेन्द्र

CC-0. In Public Domain. Digitization by eGangotri

वैद्यजीले यसका लेखकलाई बताएका थिए ।

नेपाल उपत्यकाको पूर्वपट्टि, उत्तर पूर्वतर्फ र दक्षिणतिरको सिमाना हालको काभ्रेपलाञ्चोक जिल्ला पर्दछ । यस जिल्लामा पर्ने धुलिखेल गाउँ, खड्पु गाउँ, तौखो गाँउ, पनौती गाउँ, वनेपा गाउँ, नाला गाउँ र साँगा गाउँसमेत ७ गाउँ भादगाउँजस्तै लिच्छवी समयदेखि व्यापारिक चहलपहल भएका गाउँ हुन् । हाल ती ७ गाउँमा प्रायः नगरपालिका घोषित गरिसकिएको छ । सम्वत् १७२६ को मंसिर १ गतेसम्म ती गाउँहरू भादगाउँको अधीनमा रहेका थिए । सो समयमा वागमती नदीको पूर्वदेखि दूधकोशीको पश्चिम भू-भागका मानिसहरू, पूर्वी पहाडी प्रदेशका वासिन्दाहरू र पूर्व-दक्षिणको दुन र तराइका मानिसहरू उपत्यका पस्न ती ७ गाउँको बाटोहरूमध्ये कुनै एक गाउँको बाटो भई उपत्यका झर्ने गर्दथे । यसको लागि ती बटुवाहरूले **साङ्गा-भञ्जाङ, नाला-भञ्जाङ र वेहेवर-भञ्जाङ** भई भादगाउँ झर्दथे । यसो हुँदा ती भञ्जाङहरूको फेडीमा पर्ने स-साना नाकाहरूमा समेत व्यापार र उद्योगहरू चल्ने भएको कारणले गर्दा हालको "खुबु टोल" मा पनि व्यापारिक गुल्जार बढिरहेको थियो । भादगाउँको खुवु वस्तीको पूर्वपट्टि ताथली, पश्चिमपट्टि पाचामह्री भनिने भाटेढुकुर, उत्तर इथु उझान र दक्षिण पलेवु खोच पर्दछन् । हाल यो ठाउँ **"चितपोल गाउँ विकास समिति"** मा पर्दछ । यो सानो वस्ती नाला-भाञ्जाङ, साङ्गा भञ्जाङ र वेहवर-भञ्जाङको फेदीबजारका रूपमा रहेको थियो । समयको परिवर्तनसँगै नयाँ पुराना बाटोहरू बनेका कारणले हाल उजाड भइसकेका छन् । अरनिको राजमार्गको निर्माण भइसकेपछि यो चहल-पहल वस्तीको प्रायः अस्तित्व नै शून्य भइसकेको छ । हाल उक्त बस्तीमा मुस्किलले एक दुईवटा पीपलका रूखहरू, पानी पिउने पधेरा र बाटामा विच्छ्याइएका ढुङ्गाहरू मात्र बाँकी रहेका छन् । यही ठाउँ अर्थात् **"भादगाउँ खुबु"** हो । सम्भवतः बागलुङ निवासी अन्वेषक भाजु प्रेम छोटाज्यूको वंशजको यही पुर्ख्यौली थलो होला भन्ने अनुमान गरेको छु । प्रस्तुत लेखका

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकले उक्त खुबु बजारमा नटेकेको करीब तीस बर्ष जति भइसकेको छ। यसबाट उक्त बस्तीको अस्तित्व अझ सङ्कटमा परिसकेको अनुमान हुन्छ। नेपालको कुनै पनि गढी, गौंडा र गोश्वरा रहेको ठाउँहरूमा र पहाडी व्यापारिक नाकामा भादगाउँले मूलका नेवार साहूहरू भेटिएको कारणबाट अन्वेषक भाजु प्रेम छोटाज्यूको पूर्खा पनि भादगाउँले नै हुन् भनी भन्ने कुरामा म पूर्ण विश्वस्त छु। त्यसमा पनि उहाँको पुर्ख्यौली वस्ती भादगाउँको वाँडिम क्षेत्र अर्थात् ३ ढुङ्गे पूर्व नै हो भन्ने कुरामा विवाद छैन कारण उहाँको थर 'पसःखलः' नै रहेको छ। अस्तु

सत्यनारायण प्रजापति

भक्तपुर नगरपालिका वडा नं. १
तोलाक्षे, सूर्यमढी, देइनाचा
फोन नं. ०१-६१२१२३
मितिः २०५७ जेठ १५

CC-0. In Public Domain. Digitization by eGangotri

लेखकीय

धवलागिरि हिमाल स्वयंम्मा देदीव्यमान छ । बागलुङ जिल्लाको भौगोलिक वनावट अति विकट र दुर्गम मानिए तापनि यसका पौराणिक सांस्कृतिक, धार्मिक परम्परा र ऐतिहासिक दृष्टिले यस क्षेत्रको विशेष महत्त्व रहेको कुरा इतिहासले सिद्ध गरेको छ । धवलागिरि अञ्चल, बागलुङ जिल्लाको अपूर्व सांस्कृतिक सम्पदा, उतुङ्ग पर्वत श्रृंङ्ख्ला र अनादिकालदेखि अनन्तकालसम्म निरन्तर रुपमा बगरिहेकी कृष्णा (काली गण्डकी) गण्डकीको प्राचीनताको गौरवपूर्ण गाथाको गौरव गर्न सकिन्छ । त्यस्तै ऐतिहासिक, सांस्कृतिक र साहित्यिक रूपमा अंकित विक्रमाव्दिको सोन्हौं शताब्दि पछिको नेपाली साहित्यको प्राथमिक कालका विद्वद् मण्डलीहरूमा रमापति, उमापति, हरिराम, शिवराम, प्रेमनिधि, वीरशाली पन्त, सुकृतिदत्त पन्त, ज्वालादत्त पन्त आदियशस्वी साधक तथा विद्वान् कवि लेखकहरू यिनै क्षेत्रका गौरवशाली विभूति (निधि) मानिन्छन् ।

माध्यमिक कालका युवाकवि मोतीराम भट्ट मोती-मण्डलीका प्रमुख सह मित्र एवं श्रृंगार रसका गजलकार कवि लक्ष्मीदत्त पन्त 'इन्दू' आधुनिक नेपाली साहित्यका उज्वल नक्षेत्र र २००७ सालको जनक्रान्तिका प्रथम शहिद थीरबम मल्ल आदि प्रतिभाहरूको जन्मभूमि र कर्मभूमि पनि बागलुङ जिल्ला नै हो । यसका अलावा पौराणिक कालका जैमनि, ऋषि, राजग्रह् र पारस-कारण, ऋषि, वर्तमान समयका ब्रह्मलीन हुनु भएका १००८ स्वामी आवाल ब्रहमाचारी परमानन्द स्वामी, बागलुङ कुँडुलेका १००८ षदाचार्य श्रीधर स्वामी, युवा पुस्ताका ब्रहमनिष्ठ एवं देवघाटका पीठाधीश आवाल ब्रहमचारी १००८ स्वामी ज्ञानानन्द सरस्वती, मुक्तिनाथ पीठाधीश स्वामी कमलनयनाचार्य, ओशो पथिक डा.टीके पथिक (पौडेल) आदि योगीहरूको तपोभूमिले यहाँका अति प्राचीन र अर्वाचिनताले यस क्षेत्रको महत्त्वको उदाहरण प्रस्तुत गरेका छन् ।

त्यस्तै पौराणिक युगदेखिको कालिका भगवती मन्दिरलगायतका

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकन मठ्-मन्दिर, ताल-तलैया, देवी-देवालयहरू, धार्मिक र सांस्कृतिक अनुष्ठान आदिको परम्परा बोकेको यहाँको सामाजिक, आर्थिक, धार्मिक जीवन र वर्तमान समयमा आधुनिकताको परिव्यस्तित हुँदै आएका नयाँ पुस्ताका स्वनामधन्य सिर्जनशील प्रतिभाहरूद्वारा उत्तिकै उर्वर र उन्नत तुल्याइरहेको छ। यी बाहेकका यस क्षेत्रको लोकसंस्कृति, लोकसाहित्य, लोकनृत्य र लोकगीत (झ्याउरे गीत) आदिले बागलुङ जिल्ला उच्च शिखरमा पुऱ्याइरहेका छन्। यस सम्बन्धमा झ्याउरे गीतको लय र बोलको उद्गम स्थल बागलुङ, राङ्खानीका गोऱ्या सिरस (श्रीस) र वलेवा नेपानेका मुखिया मनवीर हुन भनी अन्वेषक कालिभक्त पन्तकृत **'गीत सुधारको राष्ट्रिय बाटो-२०३३** (प्रकाशित स्वयं २०३३, पृष्ठ-४१, फलेवास, पर्वत) कृतिमा उल्लेख छ। त्यस्तै नेपालमा आधिकारिक रूपमा हस्तलिखित पात्रो निर्माण गर्ने प्रथम व्यक्ति बागलुङ मूलपानीका **पं. ज्यो. छायाँदत्त पन्त** हुन् भन्ने कुरा आजभोलि थाहा पाइएको छ। यसप्रकार समग्रमा भन्नु पर्दा यहाँको भाषा, साहित्य, संस्कृति र कला आदिले पनि विभिन्न जाति र धर्मावलम्बीहरूलाई आत्मसात् गर्दै आएको पाइन्छ भने अर्कातिर वर्तमान समयमा सामाजिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक र लौकिक जीवनको संरचनाबाट बागलुङले सिङ्गो संस्कृतिमा योगदान पुऱ्याउनमा विशेष भूमिका खेलेको छ।

यस सन्दर्भमा प्रस्तुत **हनुमान नाच बागलुङ्को सांस्कृतिक पहिचान**, परम्परा, कला, संस्कृति, प्रविधि, संरक्षण र विकाससहितको विश्लेषणात्मक अध्ययन नामक शोध कार्य मेरो एकाध वर्षको सम्लग्नता वा कठोर परिश्रमको उपज मात्र नभई विगतका वर्षहरूको कडा मेहनत र संकल्पको उपज पनि हो। यस शोधकार्यमा धवलागिरि अञ्चल, बागलुङ जिल्लाभित्रका लोकसंस्कृतिपरक लोकनृत्य, लोकपरम्परा, संस्कार, सामाजिक संगठन, आजापूजा, चाड-पर्व, रीति-रिवाज र स्थान विशेषको नामकरण समेतको उत्पत्तिसम्बन्धी यथासम्भव परम्परागत रूपमा मानिआएको **हनुमान नाचः बागलुङ्को सांस्कृतिक पहिचान**

CC-0. In Public Domain. Digitization by eGangotri

लोकसंस्कृतिमूलक विधाको अध्ययन अनुसन्धान गरी यहाँ उल्लेख गरिएको छ । भौगोलिक र सांस्कृतिक दृष्टिले फरक फरक ठाउँ-गाउँ, जिल्ला वा सीमा क्षेत्रभित्र सीमाङ्कित हुनु परेता पनि यसको मूल उद्देश्य र मर्मलाई एउटै मानिएको छ । यसले नेपालको सांस्कृतिक सम्पदाको सिङ्गो प्रतिनिधित्व गर्छ भन्ने भनाई पनि होइन तापनि बागलुङको सांस्कृतिक सम्पदा (Cultural Heritage of Baglung) का सम्बन्धमा केही हदसम्म भए पनि एउटा सानो सुईले घोच्दा जसरी शरीरै रन्काउँछ, त्यसरी नै रन्काउने छ कि भन्ने झिनो आशा एवं विश्वास लिएको छु, किनकि यसबाट बागलुङको सांस्कृतिक, प्राकृतिक स्रोत-साधन र अनुशीलन गर्न चाहने सम्बन्धित क्षेत्रका विद्यार्थी वा विद्वदमण्डलीहरू नै किन नहोस् आंशिक मात्रामा उनीहरूलाई यस्ता प्रकारका सांस्कृतिक सम्पदाहरूको उत्थान, संरक्षण, सम्बर्द्धन र जगेर्नाको निम्ति लिखित रूपमा जीवित राख्न निर्वाध रूपमा सघाउला कि भन्ने पूर्ण भरोसा छ ।

प्रस्तुत विषयवस्तुका वारेमा शोधखोज र अध्ययन-अनुसन्धान गरी त्यसको लिपिवद्ध गर्ने स्वभाव ममा पहिले देखि नै रहीरहेको भएता पनि आधिकारिक रूपमा बागलुङको सांस्कृतिक सम्पदाका बारेमा उक्त शोधकार्य तयार पार्न मलाई सहयोग उपलब्ध भएको हो ।

यस सन्दर्भमा म जुन माटोमा जन्मिएँ, हुर्किएँ, त्यहीं-मेरै बागलुङको माटो अर्थात् पवित्र **ध्य-खोला** काली गण्डकीको उद्‌गम् स्थल) दामोदर कुण्ड र धवलागिरिको श्वेत वर्णले मलाई बेरेका छन् । मेरो अन्त:स्करणमा मेरै माटो, कालीगण्डकी, कञ्चन हिमाल, यहाँको निर्मल पवन, सुन्दर सांस्कृतिक र प्राकृतिक सम्पदा आदिले मलाई निरन्तर लेख्ने र पढ्ने प्रेरणा प्रदान गरेका छन् भने बागलुङ कालिकामाई सदा मभित्र प्रतिविम्बित भएको पनि देख्छु । यस बाहेक

CC-0. In Public Domain. Digitization by eGangotri

चारैतिर फैलिएका उतुङ्ग पहाडी-श्रृंखला, छहरा, पहरा, नदी र नालालगायतका कालीको किनारैकिनार र तटवर्ती क्षेत्रका लोकसंस्कृति, लोकगाथा, प्राकृतिक स्रोत र तिनका अनुपम सौन्दर्य र यहाँको स्वच्छ वातावरण नै मेरा लागि प्रेरणाका स्रोत बनेका छन्। यसर्थ बागलुङ जिल्लामा करिव २७५ वर्ष पहिलेदेखि निरन्तररूपमा संचालित तथा जगेर्ना गरीराखेको सांस्कृतिक सम्पदाहरूलाई सकेसम्म बटुल्न, हुर्काउन र प्रकाशमा ल्याउने उम्मेद राखी आफ्नै सिर्जनशीलताका माध्यमद्वारा एउटा सामान्य संस्कृतिकर्मीको हैसियतले यसमा मैले जो जे यत्न गरेको छु, त्यो कसैमा छिपेको छैन । त्यसको अर्थ यो पनि होइन कि मैले आफूलाई धवलागिरिमा नै लगाई रहन चाहेको पनि छैन । समग्रमा नेपाली राष्ट्रिय संस्कृतिको संरचना र उत्थानमा समेत सक्दो रूपमा स्वयमलाई समाहित गराइराख्ने उत्कट अभिलाषा मभित्र सलवलाइरहेको छ र रहिरहने छ ।

प्रस्तुत शोधकार्य म एक्लैको प्रयासले मात्र सम्भव र सम्पन्न भएको होइन । यसमा सम्बन्धित क्षेत्रका विद्वान् संस्कृतिकर्मी, समाजसेवी तथा विभिन्न स्थानहरूका विज्ञ-महानुभावहरू, शुभ-चिन्तक, सहयोगी मित्रहरू, वा ज-जसले मलाई हृदयदेखि नै आवश्यक सान्दर्भिक सामंग्रीहरू जुटाई सहयोग पुऱ्याई यस रूपमा ल्याउनमा सघाए र हौसला प्रदान गरे ती सम्पूर्ण मान्यजनहरूको म चिर-ऋणी छु । यसर्थ उहाँहरूमा कृतज्ञता प्रकट नगरी रहन सक्दिन । त्यस्तै आफ्नो व्यस्त समयलाई ख्याल नगरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने वर्तमान समयका नेपाली समालोचकीय क्षेत्रका वरिष्ठ समालोचक सहप्राध्यापक डा. लक्ष्मणप्रसाद गौतमप्रति आभार प्रकट गर्दछु । त्यस्तै गरी हमेसा सहयोग पुऱ्याईरहने स्नेही मेरी भान्जी एवम् कवयित्री सन्तु श्रेष्ठ, युवा सहयोगी विन्दुसागर राजभण्डारी लगायत अन्य मेरा स्वजनहरू धन्यवादका पात्र हुनुहुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यस सिलसिलामा बागलुङ देउराली चोक-४ निवासी वयोबृद्ध संस्कृतिकर्मी श्री कर्णबहादुर श्रेष्ठसित सुरक्षित रहेको पुरानो हस्तलिपि हनुमान नाचको भजनको मूललिपिबाट फोटोकपी गर्न सहयोग पुऱ्याउनु भएकोमा श्रद्धेय श्री कर्णबहादुर श्रेष्ठलाई विशेष् धन्यवाद दिन चाहन्छु। यस सम्बन्धमा भादगाउँका प्रसिद्ध इतिहासकार तथा लोकसंस्कृतिविद् श्रद्धेय स्व. सत्यनारायण प्रजापतीज्यूले मिति २०५७ जेठ १५ गते मलाई सम्बोधन गरी लेख्नुभएको व्यक्तिगत पत्रले मेरा नजरमा केवल व्यक्ति विशेषमा मात्र सिमित नरहेको र त्यस पत्रमा बागलुङमा सञ्चालित प्रसिद्ध हनुमान नाचको महत्त्व र महिमाका बारेमा चर्चा गर्नुका अतिरिक्त हाम्रो पुरै सिंह (श्रेष्ठ) पसःखलः खलककै पुर्खौली थर-थलोको ऐतिहासिक खोजपूर्ण लेखको रूपमा उल्लेख भएको हुँदा उहाँको उद्वोधित उद्गार (पत्र) लाई यसमा भूमिकाको रूप दिएको छु, जसले यसलाई थप उर्जा पैदा गरिदिएको छ। उहाँको सम्मति अनुसार उक्त पत्रलाई प्रमुख भूमिकाको रूपमा यसमा समावेश गर्न पाउँदा ज्यादै हर्ष लागेको छ। त्यसका लागि स्व.प्रजापतिज्यूप्रति आभार प्रकट गर्दछु।

यसैगरी यस शोधग्रन्थमा समाविष्ट नक्सा तथा आवश्यक तथ्याङ्कहरू जिल्ला तथ्याङ्क कार्यालय, बागलुङबाट प्राप्त भएको छ। रत्न-श्रेष्ठ पुरस्कार गुठी, रत्न-श्रेष्ठ पुरस्कार पुस्तकालय बागलुङमा संग्रहित फोटाहरू (तस्वीर), अभिलेख, पुस्तकहरू तथा पत्रपत्रिकाहरू प्राप्त भएका छन् भने हनुमान नाच संरक्षण परिषद् बागलुङका अध्यक्ष परशुराम श्रेष्ठ, लक्ष्मीनारायण कला मन्दिरका वर्तमान अध्यक्ष भरतकुमार श्रेष्ठ पर्वत कुश्माका स्रष्टा इन्द्रकुमार विकल्प र बागलुङका सम्पूर्ण संस्कृतिकर्मीहरू लगायत विभिन्न सङ्घ संस्थाहरूको सहयोगप्रति हार्दिक आभार प्रकट गर्छु साथै यस शोध प्रबन्धको पाण्डुलिपिलाई टङ्कन सहयोग गर्ने संजिव वोहरा, ईश्वर शर्मा पौडेल र लेआउटका

CC-0. In Public Domain. Digitization by eGangotri

लागि सहयोग पुऱ्याउनुहुने भाइ जोन क्षत्रीलाई समेत धन्यवाद दिन चाहन्छु ।

आजसम्मका मेरा सम्पूर्ण अनुसन्धानात्मक तथा सिर्जनात्मक कार्यमा सदा साथ दिई वा पारिवारिक अनुकूलताकै कारणको उपजका रूपमा यस ग्रन्थलाई लिएको छु । त्यसका निम्ति मेरी अर्धाङ्गिनी इन्द्र श्रेष्ठ, छोरा द्वय प्रेमेन्द्र श्रेष्ठ, युगेन्द्र श्रेष्ठ, पुत्रवधुहरू मेनका श्रेष्ठ, कल्पना श्रेष्ठको गुणलाई हृदयको एक कुनामा सजाएर राखेको छु ।

मैले यो अनुसन्धानमूलक अध्ययन कार्य गर्ने सन्दर्भमा बागलुङको प्रसिद्ध हुनमान नाचका सम्बन्धमा विद्यमान रहेका कतिपय धार्मिक, सांस्कृतिक, पौराणिक तथा ऐतिहासिक विषयवस्तुलाई समयको सीमाभित्र रहेर अध्ययन गर्दा समस्त रूपमा समेट्न सकेको छैन तापनि यससम्बन्धी अध्ययन अनुसन्धानका लागि यसले एउटा सानो गोरेटोका काम पनि गर्नेछ भन्ने आशा लिएको छु । मेरो अल्प ज्ञानको कारण यसमा भएका कमी कमजोरी वा त्रुटिहरूका लागिसमेत क्षमा याचना गर्दछु ।

प्रस्तुत **हनुमान नाच बागलुङको सांस्कृतिक पहिचान** नामक लोकसंस्कृतिमूलक ग्रन्थ प्रकाशन जस्तो कार्यका लागि जिखेविस-युवा सूचना केन्द्र, बागलुङ, बागलुङ समाज कल्याण केन्द्र काठमाडौं अन्तर्गत संचालित बागलुङका लोकसंस्कृतिका मर्मज्ञ एवम् काठमाडौं निवासी शिक्षासेवी श्यामसुन्दर गुभाजु (शाक्य)ले आफ्नो प्रातः स्मरणीय पिता स्व. ललितमान गुभाजुको स्मृतिमा स्थापित **"ललित स्मृति अक्षय कोष"**को तर्फवाट आर्थिक सहयोग प्राप्त भएकोमा बागलुङ समाज कल्याण केन्द्र तथा कोषका संस्थापक श्यामसुन्दर गुभाजु, बागलुङका काठमाडौं निवासी **वरिष्ठ चर्म, कुष्ठ तथा यौन रोग विशेषज्ञ** डा. रामकुमार श्रेष्ठ, ब्र.कु. मोहनकुमारी गौचन, प्रधान कजी स्व. नारायणप्रसाद श्रेष्ठका छोराहरु तीर्थप्रसाद, कृष्णप्रसाद,

CC-0. In Public Domain. Digitization by eGangotri

बलराम र मनोविज्ञान श्रेष्ठको उदार भावनाको कदर गर्दै उहाँहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै बागलुङ समाज कल्याण केन्द्रका प्रमुख कार्यकारी अधिकृत रामकुमार राजभण्डारीलाई विशेष धन्यवाद भन्छु म। त्यस्तै अन्य शुभचिन्तकहरूमासमेत सततः कृतज्ञता ज्ञापन नगरी रहन सक्तिन।

अन्तमा मलाई यो शोधग्रन्थ सम्पन्न गर्न जस-जसले उत्प्रेरणा प्रदान गर्नुभयो उहाँहरूलाई हृदयदेखि आभार प्रकट गर्दै यस क्षेत्रमा सदा प्रयत्नशील हुने अवसर प्राप्त भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुका साथै यस कृतिभित्रका त्रुटिपक्षलाई विद्वान् वर्गबाट सकारात्मक सुझाव दिनुभएमा मेरो यो प्रयास सफल भएको ठान्ने छु। यसको सही मूल्याङ्कनका लागि विद्वद् वर्गमा नै जिम्मा लगाइदिन चाहन्छु। धन्यवाद

२०६८ भाद्र

प्रेम छोटा

नेपालको नक्सा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

विषयसूची

क्र.सं.	शीर्षक	पृष्ठ
१	प्रकाशकीय	
२	भूमिका	
३	लेखकीय	
	पहिलो परिच्छेद	
१.१.	शोधपरिचय	१
	दोस्रो परिच्छेद	
२.१.	धवलागिरि अञ्चलको संक्षिप्त परिचय	१५
२.९.	बागलुङ शब्दको व्युत्पत्ति र यसको नामकरण	३३
२.११	सांस्कृतिक सम्पदाका दृष्टिमा बागलुङको लोकनृत्य तथा मठ-मन्दिर	४३
	तेस्रो परिच्छेद	
३.१.	नेपालका नेवारसमुदायमा परम्परित लोकसंस्कृतिको प्रभाव	५९
३.४.	हनुमान नाच बागलुङको प्रसिद्ध प्राचीन लोकसंस्कृति	६६
३.१८.	हनुमान नाच संरक्षण परिषद्, यसको संस्थागत स्वरूप र संरचना	८३
३.२२.	२०१३ साल पछिका प्रधानकजी र ज्यामाको हुने कलाकारहरूको क्रमिक स्वरूप	९३
३.३५.	स्थानान्तरित लोकनृत्य हनुमान नाच म्याग्दीको बेनी वजारमा	१११
३.३९	लोकसंस्कृतिका रूपमा पर्वत कुश्माको हनुमान नाच	१२१
	चौथो परिच्छेद	
४.१	हनुमान नाच संरक्षण परिषद् बागलुङको परिकल्पना र लक्ष्य	१२५
४.११	हनुमान नाच पूजा संचालन विधि-२०६३	१३०
४.२१	हनुमान नाच संरक्षण परिषद हनुमान नाच संचालन पूजाविधि	१३१
४२२.	हनुमान नाच संरक्षण परिषद्को विधान-२०४६	१५६

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट खण्ड

१. बागलुङ्मा नचाइने प्राचीन (पुरानो हस्तलिखित) हनुमान नाचको गीत भजनमाला १८०

२. २०१९सालअघि प्रदर्शित हनुमान नाचको आय-व्यय १८८

३. २०३५सालमा प्रदर्शित हनुमान नाचको बारेमा सचिव हरिप्रसाद श्रेष्ठको धारणा १८९

४. २०३५सालमा प्रदर्शित हनुमान नाचको आय-व्यय विवरण र विलभरपाई १९०

५. २०३५सालमा प्रदर्शित हनुमान नाचको पुजारीको पारिश्रमिकको भरपाईहरू १९६

६. २०४६ सालमा लक्ष्मीनारायण कला मन्दिरको संयोजनमा संचालित हनुमान नाच सम्वन्धी ज्ञापनपत्र हनुमान नाच संरक्षण परिषद् बागलुङ्लाई १९७

७. शोधकर्ता प्रेम छोटाको व्यक्तिगत विवरण र प्रकाशित कृतिहरू १९९

८. प्रेम छोटाले प्राप्त गरेका पदक, पुरस्कार, सम्मान र बधाई आदि। २०१

९. सन्दर्भ ग्रन्थ, स्रोतब्यक्ति र पत्रपत्रिकाहरू । २०७

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो परिच्छेद
शोधपरिचय

"हाम्रो संस्कृति हाम्रो पहिचान राष्ट्रिय सम्पदा नेपालीको निशान"

१.१. शोधशीर्षक (Topices)

प्रस्तुत शोधपत्रको शीर्षक **"हनुमान नाचः बागलुङको साँस्कृतिक पहिचान"** एक विश्लेशणात्मक अध्ययन रहेको छ ।

१.२. सामान्य परिचय : (General Introduction)

धवलागिरि हिम-श्रृंखलाको काखमा अवस्थित कालीगण्डकीको तटवर्ती क्षेत्र सुरम्य नगरी बागलुङको सदरमुकाममा करिव २७५ बर्ष पहिलेदेखि यता समय/समयमा देखाइने कतिपय प्राचीन लोकसंस्कृतिहरूमध्ये हनुमान नाच एक प्रमुख मानिन्छ । यसको मूल आधार पौराणिक ग्रन्थ रामायण हो । यसमा मर्यादा पुरूष भगवान् रामचन्दकी अर्धाङ्गिनी जानकी नन्दिनी सीतालाई लङ्काका राजा रावणले प्रतिशोधका रूपमा हरण गरी लग्दा वायु (अञ्जनी) पुत्र हनुमानको सहयोगद्वारा पुनः फर्काउन सफल भएको प्रमाण पाइन्छ । त्यसबखत समुन्द्र पार गर्दाको अवस्थादेखि लिएर दानवी राजा रावणलाई पराजित गराई फर्केका हनुमानका विभिन्न स्वरूपको नृत्य रचनाको झलक यस प्राचीन लोक नृत्यबाट झल्किन्छ । यसरी रामचन्द्रको मुख्य दूतको रूपमा हनुमानजीको आराधना र अभ्यर्थना गर्नाले अपार शक्ति मिल्छ भन्ने हिन्दू धर्मावलम्बीहरूको अगाध विश्वास भएकाले नै त्यस बेलादेखि हनुमानको आजापूजा तथा पाठ गरिएको देखिन्छ ।

नेपालमा लोकसंस्कृतिको जगेर्ना नेवार समुदायमा बढी मात्रामा देखिन्छ, किनकि यी नेवारहरूमा परम्परागत संस्कारको छाप

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने भएकाले आफ्नो जातीय संस्कार र संस्कृतिलाई यिनले मेटाउन दिएका छैनन् । यिनै सन्दर्भमा बागलुङको नगरीमा बेजोड बर्षको अन्तरालमा गराइने आफ्नै किसिमको मौलिक विशेषता भएको हनुमान नाचद्वारा यहाँका नेवार जातिले प्राचीनतम् लोकसंस्कृतिको परम्परा, कलाको जगेर्ना, संरक्षण र सम्वर्द्धन गरेको पुष्टि हुन आउँछ ।

१.३. शोधकार्यको प्रयोजन (Research Purpose)

प्रस्तुत शोधपत्र- लोकसंस्कृतिको परम्परा, कला, संस्कृति, प्रविधि, संरक्षण र विकासको परिपूर्ति गर्नु यसको उद्देश्य रहेको छ ।

१.४. समस्या कथन (Statement of the Problem)

नेपालका महत्त्वपूर्ण ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक स्थलहरूमध्ये धवलागिरि अञ्चल, बागलुङ पनि पौराणिककालदेखि एक महत्त्वपूर्ण स्थल मानिन्छ । यो धवलागिरि हिम-श्रृंखलाको काखमा अवस्थित पवित्र काली गण्डकीको तटवर्ती क्षेत्र पौराणिक, धार्मिक, साँस्कृतिक परम्परा र ऐतिहासिक दृष्टिले विशेष महत्त्व बोकेको छ । यहाँको अपूर्व प्राकृतिक सम्पदाले सु-सम्पन्न सुन्दर पर्वतमाला र उतुङ्ग हिम-श्रृंखलाले यो अति मनोहर देखिन्छ भने अनादिकालदेखि अनन्तकालसम्म निरन्तर रूपमा बगिरहेकी काली गण्डकीको प्राचीनताको गौरवमय गाथा पनि छ । नेपालको सप्त गण्डकीमध्ये विश्वप्रसिद्ध एक मात्र काली गण्डकीले **शालिग्राम** जस्तो अति महत्त्वपूर्ण विष्णुको प्रतीक (कालो पत्थर) बगाएर ल्याउने गर्छिन् । यसबाट शालिग्रामको आफ्नै महिमा र महत्त्व दर्शिएको पाइन्छ । पौराणिककालदेखि विभिन्न प्रकारका शक्तिपीठ, मठ-मन्दिर तथा धार्मिक अनुष्ठानहरूले गर्दा यस ठाउँको प्रतिष्ठा उचाईमा पुगेको छ । ऐतिहासिक तथा धार्मिक दृष्टिकोणले मात्र नभएर यहाँको लोकसँस्कृतिपरक लोकनृत्यहरूको प्रमुख भूमिकाको कारणले यो त्यत्तिकै महत्त्व रहेको छ । प्राचीन कालदेखि अध्यात्मिक

CC-0. In Public Domain. Digitization by eGangotri

अध्ययन अनुसन्धान क्षेत्रअन्तर्गत धवलागिरि अञ्चल, बागलुङमा धार्मिक तथा ऐतिहासिक सांस्कृतिक सम्पदाहरूमध्ये प्रमुख रूपमा रहेको बागलुङको प्राचीनतम लोकसंस्कृति हनुमान नाचको बारेमा गहन अध्ययन र अनुसन्धान हालसम्म कसैबाट भएको देखिँदैन । अतः बागलुङमा आजभन्दा करिव २७५ बर्ष पहिलेदेखि सञ्चालन हुँदै आइरहेको लोकनृत्य हनुमान नाच के कसरी सञ्चालन हुँदै आइरहेको छ ? यसप्रति धार्मिक विश्वास र जनधारणा के छ ? समग्र राष्ट्रको साँस्कृतिक दृष्टिमा यसलाई कसरी हेरिन्छ ? आदि इत्यादिका सम्बन्धमा यथाशक्य प्राप्त प्रामाणिक प्रमाणहरूका आधारमा एक बहुआयामिक रूपमा अध्ययन अनुसन्धान गर्नु नै मूलतः यसको समस्या रहेको छ ।

१.५. शोध अध्ययनको उद्देश्य (Objective of Study)

प्राग:ऐतिहासिक कालदेखि वर्तमान समयसम्म सामाजिक, धार्मिक, साँस्कृतिक तथा लौकिक जीवनको संरचनामा आधारित हाम्रो मान्यतानुसार लोकभाका, लोकसाहित्य, लोकसंस्कृति, लोकनृत्य, लोकगीत र झाम्रेगीत आदि जस्ता महत्त्वपूर्ण पाटाहरूले हामीमा प्रत्यक्ष रूपमा प्रभाव परेको आफैमा अति महत्त्वपूर्ण पक्ष रहिआएको सर्वविदितै छ । यसर्थ सामाजिक संस्कार, संस्कृति र धर्मले कुनै पनि राष्ट्रको अस्तित्व र गरिमालाई समेत उजागार गर्ने हुँदा त्यस्तो राष्ट्रको पहिचान गराउने निधिका तत्त्वहरूको खोज अनुसन्धान गर्नु अति आवश्यक देखिन्छ । यसैलाई नै मूल महत्त्वको विषय ठानी विद्यमान लोकसंस्कृतिमूलक लोकनृत्यको पौराणिक महत्त्वलाई हृदयङ्गम गरी यसको गहन अध्ययन अनुसन्धान गर्नु नै प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य रहेको छ, जसलाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क) धवलागिरि अञ्चलको संक्षिप्त परिचय ।

ख) बागलुङ शब्दको व्युत्पत्ति र यसको नामकरण बारे बताउन ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग)   बागलुङको ऐतिहासिक परिचय, लोकसंस्कृतिमूलक लोकनृत्य तथा मठ-मन्दिरहरूको संक्षिप्त परिचय दिनु ।

घ)   हनुमान नाचको उत्पत्ति, स्थापना, जनधारणा र विश्वासलाई लिपिबद्ध गर्नु गराउनु ।

ङ)   ऐतिहासिक लोकनृत्य हनुमान नाच संचालनार्थ परम्परागत रूपमा रही आएको मान्यता तथा यसको उत्थान, संरक्षण तथा संचालनार्थ संस्थागत रूपमा स्थापना भएको संस्था र तिनको वर्तमान अवस्थाको बारेमा चित्रण गर्नु ।

च)   हनुमान नाचको पृष्ठभूमि, ऐतिहासिक महत्त्व, ब्यवस्थापन पक्ष, पोशाक र पहिरन, नाच अवधिभर ब्रह्मचर्यको पूर्णनियम पालन, पूजाविधि, विशेष पूजा, पूजाको सरजाम, शक्ति प्रदर्शन, नृत्यका तालहरू, भजन गीत, भजन मण्डली, अग्रगमन सोच, विशेष पर्व तथा उत्सव आदिको अवसरमा नचाइने प्रचलन आदिका बारेमा प्रस्ट्याउनु ।

छ)   सामाजिक संस्कार, संस्कृतिमूलक नृत्यको महत्त्व र महिमाको बारेमा प्रकाश पार्नु ।

ज)   लोकनृत्यका रूपमा रहेको हुनमान नाचको संरक्षण र सम्वर्द्धन गर्नुपर्छ भन्ने बोध गर्नु र गराउनु

झ)   समग्रमा मुलुकको राष्ट्रिय सांस्कृतिक सम्पदाको स्वरूपमा रहेको हनुमान नाचको इतिहास लेखनमा टेवा पुऱ्याउनु ।

१.६. अध्ययनको महत्त्व (Significance of the study)

नेपालको साँस्कृतिक इतिहासमा ऐतिहासिक पहिचानका रूपमा रहेको विभिन्न लोकनृत्यहरू तथा यसको व्यवस्थापनका बारेमा ब्यवस्थित रूपमा शोधखोज गर्नु नै यस शोधपत्र लेखनको औचित्य तथा महत्त्व रहेको छ ।

प्रस्तुत शोधपत्रमा बागलुङको परिसरमा प्राचीनकालदेखि

CC-0. In Public Domain. Digitization by eGangotri

हालसम्म विद्यमान रहेका नृत्यहरूको र संघ, संस्था, व्यवस्थाको सामान्य परिचय दिनुका साथै साँस्कृतिक सम्पदाप्रति जनधारणा, विश्वास, पूजा विधि, संस्थाको बारेमा विस्तृत अध्ययन गर्ने प्रयास गरिएकाले देशको धार्मिक तथा सांस्कृतिक (लोकनृत्य) इतिहास लेखनको क्षेत्रमा सक्दो टेवा पुग्नुको साथै सुपरिचित लोकसंस्कृतिमूलक लोकनृत्य हनुमान नाचको संरक्षण र सम्वर्द्धनका लागि सम्वन्धित पक्षको ध्यान जानेछ भन्ने आशा एवं विश्वास गरिएको हुँदा यसलाई नै मूलतः यस शोधपत्रको महत्त्व मान्न सकिन्छ ।

१.७. पूर्वकार्यको समीक्षाः (Review of Literature)

नेपालका विभिन्न सांस्कृतिक सम्पदा तथा तिनीहरूको संचालन र संरक्षणको लागि स्थापित केही गुठी तथा संघ संस्थाको व्यवस्थालाई आँशिक रूपमा केही पुस्तक तथा लेख, रचनाहरू यदाकदा प्रकाशित भएको पाइन्छ जसबाट मुलुकको विभिन्न स्थानमा छरिएर रहेका लोक संस्कृतिमूलक लोकनृत्यहरू र त्यसको व्यवस्थाका लागि सञ्चालित संस्थाको ऐतिहासिकताका बारेमा जानाकारी हासिल गर्न सकिन्छ तर बागलुङको प्राचीनतम प्रसिद्ध हनुमान नाच सञ्चालनार्थ स्थापित **हनुमान नाच संरक्षण परिषद-२०४६**को व्यवस्थाको बारेमा आजसम्म कुनै खोज अनुसन्धान भएको पाइँदैन, तापनि केही विद्वान् तथा अनुसन्धानकर्ताहरूले आफ्नो लेख, रचनामार्फत सामान्य परिचय गराउने कार्यसम्म गरेको पाइन्छ, जसलाई बुँदागत रूपमा प्रस्तुत गरिन्छ ।

क) **प्रेम छोटा**द्वारा लिखित **हनुमान नाच बागलुङको प्राचीनतम लोकसंस्कृति** नामक शीर्षकको एक आलेखमा बागलुङको प्रसिद्ध हनुमान नाचको उत्पत्ति र महत्त्वका बारेमा विस्तृत चर्चा-परिचर्चा गरिएको छ ।

ख) **प्रेम छोटाको धवलागिरिका केही लोकसंस्कृतिहरू** नामक

CC-0. In Public Domain. Digitization by eGangotri

साझा प्रकाशनद्वारा प्रकाशित कृतिमा हनुमान नाच **बागलुङको प्राचीनतम लोकसंस्कृति**ले यसको बारेमा स्पष्ट जानकारी गराएको छ ।

ग) **परशुराम श्रेष्ठद्वारा लिखित बागलुङको हनुमान नाचको ऐतिहासिक झझल्को** नामक **"रूपरेखा साप्ताहिक"**पत्रिकामा प्रकाशित लेखबाट बागलुङको हनुमान नाचको बारेमा स्पष्ट जानकारी गराइएको पाइन्छ ।

घ) त्यस्तै "अन्नपूर्ण पोष्ट", "कान्तिपुर राष्ट्रिय दैनिक" पत्रिका तथा स्थानीय "ढोरपाटन राष्ट्रिय दैनिक" पत्रिकाबाट प्रकाशित तस्वीर तथा लेखहरूबाट यसको शोधखोज तथा अध्ययन अनुसन्धानका लागि ज्यादै भरपर्दो स्रोत सावित हुनुका अतिरिक्त स्थानीय क्षेत्रका बयोबृद्ध संस्कृतिकर्मीहरूसँग मिति:२०३०।२०३२ सालतिर लिइएको मौखिक अन्तरवार्ता एवं २०६३ र २०६६ सालमा परिषदका अध्यक्ष परशुराम श्रेष्ठबाट प्राप्त विवरण र विधान अनुसार विस्तृत जानकारी भएको छ ।

ङ) पत्रकार ज्ञानेन्द्र गौतम, अधिवक्ता काजीगाउँले श्रेष्ठ, पत्रकार लालप्रसाद शर्माद्वारा लेखिएका हनुमान नाचका लेखहरूले पनि सु-स्पष्ट धारणा राखेका छन् ।

१.८. अध्ययनको सीमाङ्कन (Limitation of study)

कुनै पनि शोध कार्यलाई निश्चित टुङ्गोमा पुग्न त्यसको सीमा निर्धारण गरिनु जरूरी हुन्छ । अत: अपर्याप्त स्रोत र साधनको बाबजुद पनि प्रस्तुत शोधपत्रभित्र निम्नलिखित कुराहरू समेटिएका छन:

क) बागलुङको संक्षिप्त परिचय

ख) बागलुङ नगरीभित्र संचालित प्राचीन लोकसंस्कृतिमा आधारित लोकनृत्यहरूको उत्पति, जनधारणा, विश्वास र पूजा विधिको बारेमा जानकारी ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग) बागलुङ स्थित लोकनृत्यहरूको सञ्चालन तथा संरक्षणका लागि संङ्घ संस्थाको सामान्य जानकारी ,

घ) बागलुङ नगरभित्र पर्ने अन्य सांस्कृतिक नृत्यहरूको सामान्य परिचय ।

ङ) ऐतिहासिक धार्मिक तथा साँस्कृतिक दृष्टिले विशेष महत्त्व राख्ने लोकसंस्कृतिक नृत्य तथा त्यससँग सम्वन्धित समस्याहरू र समाधानका उपायहरूको विश्लेषणसमेत गरिनेछ ।

१.९. शोधविधि (Research Methodology)

सङ्कलित सामग्रीहरूको गहन अध्ययन तथा स्थानीय क्षेत्रका विभिन्न बयोबृद्ध संस्कृतिकर्मीहरूसँगको भेटवार्ता, प्रश्नोत्तरका साथै प्रस्तुत शोध पत्रसँग सम्बन्धित सांस्कृतिक लोकनृत्य हनुमान नाचको तस्वीर तथा प्राप्त भजनका लिपि, सनद र अन्य लेख रचनाहरूको क्रममा प्राप्त सामग्रीहरूलाई परम्परित तथा आधुनिक तरिकाबाट राखिएको छ। सो शोधकार्य मूलत: मौलिक तथा सहायक स्रोतमा आधारित रहेको छ ।

१.१०. शोधको व्यवस्थापन विधि तथा नृत्य संचालनार्थ लाग्ने खर्च : (Managerial procedure of the study and cost estimation of the dance)

बागलुङ नगरीमा प्राचीनकालदेखि प्रचलित हनुमान नाचको शुरूवात करिव २७५ बर्ष पहिलेदेखि परम्परागत रूपमा प्रदर्शन गर्दै आएको इतिहास छ। शुरूको अवस्थादेखि बर्तमान समयसम्मको स्थितिलाई गहन अध्ययन गर्दा यो नृत्य अति नै खर्चालु नृत्यको रूपमा रही आएको पाइन्छ । प्रत्येक बेजोड बर्ष अर्थात १ बर्ष, ३ बर्ष, ५ बर्ष वा ७ बर्षको अन्तरालमा नचाइने यसको परम्परा छ । सो नृत्यमा १३ देखि १५ र १७ जोडासम्म हनुमानका स्वरूपमा खेल्ने कलाकारहरूको सहभागिता रहेको हुनुपर्छ । हालसम्मको अभ्यासमा अधिक मात्रामा १३

CC-0. In Public Domain. Digitization by eGangotri

जोडा नै खेल्ने गरेका छन्। यसबाहेक हनुमान नाचसँग आबद्ध बाद्यवाद्यक, भजनमण्डली, तथा अन्य कलाकारहरू पुजारी र सहयोगी कजीहरू (सदस्यहरू) को समेत आवश्यक पर्दछ। कलाकारहरूको लागि निम्नानुसार भौतिक सामग्रीहरूको (सिंगारका लागि खांचो पर्दछ। जुन यस प्रकारका छन् :

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.स	विवरण	प्रतिजना	मिटर	दर	जम्मा संख्या कलाकार	जम्मा रु
१	कलाकारहरुको लागि रातो रंगको कपडा शर्त र कट्टु समेत	१	१०	७०।	जना २६ ७००।	१८,२००।००
२	चरेश मलमल (हनुमानको जामाको लागि)	१	२०	७५।	२६ १५००।	३९,०००।००
३	शालको काठको डण्डीं	२ ओटा		१५०।	५२ १५०।	५,३००।००
४	घुँघुरा (चाँप) प्रति	२ ओटा		२००।	५२ २००।	१०,४००।००
	हनुमानको पुच्छरको सामान	१ ओटा		३००।	२६ ३००।	७,८००।००
६	मृद□ा राम्रो खालको ठूलो	२ ओटा		७५००।	२ ७५००।	१५,०००।००
७	झ्याली असल खालको	२ ओटा		२५००।	२ २५००।	५,०००।००
८	श्रृंगारका सामानहरु	"			५०,०००।००	५०,०००।००
९	पेट्रोम्याक्स	५ ओटा		३०००।	५ ३०००।	१५,०००।००
१०	इन्धन खर्च					५,०००।००
११	टेलिफोन सेवा					५,०००।००
१२	मसलन्द तथा छपाई					१०,०००।००
१३	भिडियो निर्माणार्थ					२०,०००।००
१४	पूजारीको पारिश्रमिक जना	२ जना		५०००	२ ५०००।	३०,०००।००
१५	स्वयम सेवक परिचालन खर्च				२०,०००।००	२०,०००।००
१६	विविध खर्च				२०,०००।००	२०,०००।००
१७	शुरुको नासघो पूजा र अन्तिम विसर्जन पूजाको लागि कूल खर्च		"		५०,०००।००	५०,०००।००
१८	हनुमान चित्र अंकित रथको लागि र देवतालाई ओडाउने ठूलो रंगीन छाता		२ ओटा		५,०००।००	१०,०००।००
	शुरुदेखि अन्तिम कालसम्म नृत्य अवधिभर लाग्ने जम्मा खर्च रु.					**३३५,७००।००**

CC-0. In Public Domain. Digitization by eGangotri

१. ११. अध्ययनको सङ्गठन तथा रूपरेखा

(Organization of the study)

प्रस्तुत शोधपत्र ब्यवस्थित एवं सु-संगठित बनाउनको लागि पाँच परिच्छेदमा विभाजन गरिनुका साथै आवश्यकतानुसार विभिन्न शीर्षक, उपशीर्षकहरू विभक्त गरी अध्ययन अनुसन्धान गरिएको छ। जुन निम्नानुसार रहेको छ :

१.१२. **पहिलो परिच्छेदः** शोध परिचय।

दोस्रो परिच्छेदः धवलागिरि अञ्चलको संक्षिप्त परिचय।

बागलुङ शब्दको व्युत्पत्ति र यसको नामकरण

सांस्कृतिक सम्पदाका दृष्टिमा बागलुङको लोकनृत्य तथा मठ-मन्दिर।

तेस्रो परिच्छेदः नेपालका नेवार समुदायमा परम्परित लोकसंस्कृतिको प्रभाव।

हनुमान नाच बागलुङको प्रसिद्ध प्राचिनतम लोकसंस्कृति।

हनुमान नाच संरक्षण परिषद् यसको संस्थागत स्वरूप र संरचना

२०१३ साल पछिका प्रधान कजी र ज्यामाको हुने कलाकारहरूको क्रमिक स्वरूप

स्थानान्तरित लोकनृत्य हनुमान नाच म्याग्दीको बेनी बजारमा

लोकसंस्कृतिको रूपमा पर्वत कुश्माको हनुमान नाच

चौथो परिच्छेदः

हुनमान नाच संरक्षण परिषद् बागलुङको परिकल्पना र लक्ष्य

हनुमान नाच संचालन पूजा विधि- २०६३

हनुमान नाचको पूजाविधि

हनुमान नाच संरक्षण परिषदको विधान-२०४६

CC-0. In Public Domain. Digitization by eGangotri

१.१३. समयावधि

प्रस्तुत शोधपत्रमा उल्लिखित हनुमान नाच बागलुङको सांस्कृतिक पहिचान (परम्परा, कला, संस्कृति, प्रविधि, संरक्षण र विकास एक विश्लेषणात्मक अध्ययन) नामक मूल शीर्षकको शोध कार्य सम्पन्न गर्नका निम्ति कम्तीमा दुई वर्षको समयावधिको आवश्यक पर्दछ ।

परिशिष्ट खण्ड

क) हनुमान नाचसम्बन्धी विभिन्न तस्वीर र नक्साहरू ।

ख) बागलुङमा नचाइने प्राचीन (पुरानो हस्तलिखित) हनुमान नाचको गीत भजनमाला

ग) विभिन्न कालखण्डमा नचाइएका हनुमान नाचको अभिलेखमा उल्लेख गरिएका हस्तलिखित आयव्यय विवरणको दस्तावेज तथा विल भरपाईहरूका विवरणहरू

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

धवलागिरि अञ्चलको नक्सा



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

दोस्रो परिच्छेद

धवलागिरि अञ्चलको सङ्क्षिप्त परिचय

२.१.पृष्ठभूमि

विश्वका उच्च शिखरहरूमध्ये सातौ तहको २६७८८ फिट (८,१६७ मिटर) अग्लो श्रेणीमा रहेको प्रसिद्ध धवलागिरि हिमालको नामकरणबाट धवलागिरि अञ्चलको नाउँ रहन गएको छ, जसको भू-स्वामित्वको आधार ८००० हजार १८४ बर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको छ । यस अञ्चल अन्तर्गत बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ गरी चार जिल्लाहरू पर्दछन् । वि.स. २०४८ सालमा नेपालको राष्ट्रिय जनगणना मुताविक वर्तमान कालको जन्म वृद्धिदर २.०१ अनुसार यसअंचलमा जनसंख्या ५,,५६१९१ भन्दा बढी मानिसहरूको बसोबास गरेको पाइन्छ । यस अंचलको घनत्व ६०.२ प्रति वर्ग कि.मी. रहेको छ ।[२] यिनै चार जिल्लाहरूको सिङ्गो स्वरूप धवलागिरि अंचल हो । उक्त चार जिल्लाहरूमध्ये अञ्चल (विगतका वर्षमा र बागलुङ जिल्लाको जनसङख्या २,६८,९३७ मध्ये सदर मुकाम बागलुङ (कालिका गा.वि.स.) नगरपालिका (०५४/०५५) क्षेत्रभित्र हाल करिव २४००० हजार मानिसहरूको बसोवास भएको देखिन्छ ।

अर्को शब्दमा अर्थ्याउनु पर्दा यस अञ्चलको उत्तरी अर्थात् तिब्वती माल भूमिको एउटा सानु भू-खण्ड मानिन्छ । धवलागिरि र निलगिरि हिमाल जस्ता हिमालयहरू यस प्रदेशको उत्तरमा पर्ने भित्री हिमाली उपत्यकाहरूले यस क्षेत्रको अति शोभा थपिदिएको छ । उत्तरी क्षेत्रको निम्नतम उचाइ १३७२ मिटर (समुन्द्र सतहदेखि)[३] छ । विश्व प्रषिद्ध मुक्तिनाथ मन्दिरको अवस्थिति यहीँ छ ।

१. शाखा तथ्याङ कार्यालय बागलुङबाट प्राप्त जानकारी अनुसार
२. District Profile of Mustang-057
३. दाहाल शारदा प्रसाद-०४५ मुक्तिक्षेत्र शोध कृति मुल्याङकन, परिमार्जत तथा प्रकाशन समिति मुस्ताङ जिल्ला

CC-0. In Public Domain. Digitization by eGangotri

यस स्थानको उचाइ ३७२० मिटर रहेको छ । २६७८८ फिट उचाइ धवलागिरि हिमाल, २१२४५ फिट अग्लो मुस्ताङ हिमाल २६६०४ फिट उचाइको अन्नपूर्ण हिम-श्रृखला, नीलगिरि हिमालका अतिरिक्त टुकुचे, दामोदर कुण्ड (१५६०० फिट उचाइ) मुकुट आदि रोमाञ्चकारी मनोरम हिमालय आदि यस क्षेत्रको मौलिक विशेषता नै हो ।[1] यस अञ्चलका प्रसिद्ध हिमालहरू, पौराणिक धार्मिक र सांस्कृतिक स्थलहरू, मठ-मन्दिरहरू, पवित्र कुण्डहरू तथा अनेकानेक सांस्कृतिक सम्पदाहरू यस क्षेत्रका गौरवपूर्ण गाथाहरू मानिन्छन् ।

पूर्वमा कास्की, पोखरा र मनाङ (गण्डकी अञ्चल) पश्चिममा रूकुम-रोल्पा (राप्ति अञ्चल) र डोल्पा (कर्णाली अञ्चल) उत्तरमा तिव्वत-चीन र दक्षिणमा प्यूँठान गुल्मी-स्याङजा (लुम्विनी अंचल) जिल्लाको बीचमा अवस्थित गौरवपूर्ण सांस्कृतिक सम्पदाहरूले युक्त धवलागिरि अंचल स्वयम्मा संस्कृतिमय छ ।

नेपाल राज्यको सांस्कृतिक सम्पदाहरूमध्ये धवलागिरि अञ्चल सांस्कृतिक सम्पदाका दृष्टिले प्राचीनकाल देखि आफ्नै किसिमको महिमा र महत्त्वले युक्त देखिन्छ । लोक-परम्परा, लोक-संस्कृति, पौराणिक मठ-मन्दिर, धार्मिक स्थल, विभिन्न गुफा, ताल तलैया, चाड-पर्व, रीतिरिवाज, आजा-पूजा लगायत अन्य परम्परागत रूपमा मानिआएका चाल-चलनहरू अद्यावधि संस्कारबद्धरूपमा जीवन्त बनेका छन् र बन्दै जाने विश्वास लिन सकिन्छ । उल्लिखित यी सम्पूर्ण राष्ट्रका अमूल्य सम्पत्तिहरू हुन् । यिनीहरूको विनास वा लोप हुनु नै राष्ट्रको गौरव गुम्नु हो । तसर्थ यस्ता प्रकारका सांस्कृतिक सम्पदाहरूलाई सवै पक्षका सचेत वर्गवाट यथा समयमा नै संयमिताका साथ सचेत भई जोगाई राख्नु सवैको परम कर्तव्य हुन आँउछ । यदि यस्ता प्रकारका सांस्कृतिक सम्पदाहरूको जर्गेर्ना, संरक्षण र सम्वर्द्धन गर्न सकिएन भने विस्तारै वा दिन प्रतिदिन विनास हुँदै जानुका साथै लोप भएर जाँदैन भन्न सकिन्न । भनाइको तात्पर्य धवलागिरि अञ्चलका सांस्कृतिक सम्पदाहरू

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र राष्ट्रका सम्पत्ति हुन् भन्न खोजिएको पनि होइन कि मुलुकको यसप्रकारका सांस्कृतिक सम्पदाहरू राष्ट्रका अमूल्य धरोहरहरू हुन् । यिनिहरूको उत्थान, संरक्षण र सम्वर्द्धन हुनु आजको अपरिहार्य आवश्यकता पनि हो । परिणाण स्वरूप धवलागिरि अञ्चलको सांस्कृतिक सम्पदा भन्नु नै समग्रमा नेपाल अधिराज्यकै मौलिक संस्कृति वा सम्पदालाई अङ्गिकार गर्न सकिन्छ ।

२.२ संस्कृतिको महत्त्व

नेपालका प्रसिद्ध लोकसंस्कृतिविद् सत्यमोहन जोशीज्यूले प्रेम छोटा द्वारा लिखित धवलागिरिको सांस्कृतिक सम्पदा २०६० (यी दुई शव्द) [१]भनी मूल शीर्षकको भूमिकामा धवलागिरिको सांस्कृतिक सम्पदाको महत्त्ववारे सूत्रात्मक रूपमा प्रकाश परिएको देखिन्छ भने धवलागिरि अञ्चल, पर्वत जिल्ला फलेवासका प्रसिद्ध लोक संस्कृतिविद् एवं अग्रज अनुसन्धानकर्ता स्व. कालीभक्त पन्तद्वारा "हाम्रो सांस्कृतिक इतिहास" नामक शोधमूलक ग्रन्थमा यस क्षेत्रका विविध सांस्कृतिक सम्पदाहरूका सम्वन्धमा आफ्ना अवधारणा उल्लेख गरेका छन् । वानेश्वर, काठमाडौँ निवासी शारदा प्रसाद दाहालद्वारा लिखित " मुक्ति क्षेत्र २०४५" नामक शोधमूलक कृतिमा यस अञ्चलको उत्तरी पहाडी भू-खण्ड मुक्तिनाथ र मुस्ताङ जिल्ला भित्रका सांस्कृतिक सम्पदाहरूको विस्तृत खोज अध्ययन र अनुसन्धान गरी एउटा राम्रो कृति तयार पारेका छन् । त्यस्तै प्रकारवाट धवलागिरिका संस्कृतिकर्मी एवं अन्वेषक प्रेम छोटाको कृति "धवलागिरिका केही लोकसंस्कृतिहरू २०४४" नामक अनुसन्धान मूलक कृतिमा पनि यस अञ्चलको लोकसंस्कृतिका पक्षमा आफ्नाअवधारणाहरू ऐतिहासिक रूपमा लिपिवद्ध गरिएको पाइएका छन् । तर पर्वत र म्याग्दी जिल्लाका संस्कृतिकर्मीहरूद्वारा त्यस क्षेत्रको विस्तृत अध्ययन गरी प्रकाश पारिएको देखिँदैन ।

१.पूर्ववत

CC-0. In Public Domain. Digitization by eGangotri

खोज्नुपर्ने विषयवस्तु अनगिन्ति मात्रामा हुँदा-हुँदै पनि सो विषयमा यदाकदा पत्र-पत्रिकामार्फत छुटफुट रूपमा मात्र लेखरचनाहरू मात्र प्रकाशित गरेका देखिन्छन् ।

२.३ ऐतिहासिकता

नेपाली भाषा र संस्कृतिको उद्‌गमस्थल पश्चिम नेपालको कर्णाली प्रदेशलाई लिइन्छ । नेपाली भाषा लिपिका सम्बन्धमा अहिलेसम्म फेला पारेअनुसार सवभन्दा पुरानो र पहिलो नेपाली लिपि वि.स. १०३८ सालको **'दुल्लू'** लिपिलाई नेपाली लिपि मानि आएको पाइन्छ तापनि भरपर्दो देखिन्न ।

मध्यकालको उत्तरार्द्ध र आधुनिककालको पूवार्द्धको वीचमा अर्थात तत्कालीन श्री ५ बडामहाराज पृथ्वीनारायण शाहद्वारा एकीकरण गर्नुभन्दा पूर्व, बाईसे र चौवीसे राज्य रजौटाहरूमध्ये धवलागिरि अञ्चल, पर्वत, वागलुङ, म्याग्दी र मुस्ताङ यी चार जिल्लाहरूमा सीमावद्ध भएको एउटा सिङ्गो नाम हो । यसको पूर्वमा सतहुँ, पैयूँ, नुवाकोट, स्याङजा, पश्चिममा बागलुङ गल्कोट, उत्तरमा म्याग्दी, मुस्ताङ र पुरै प्रदेश, दक्षिणमा बडी गार्ड नदी, गुल्मी, अर्घांखाची, इश्मा, मुसीकोट, धुर्कोट र प्यूठान राज्यहरू पर्दथे । यी सम्पूर्ण स-साना रजौटाहरू मिलाएर बर्तमान समयमा धवलागिरि अञ्चल बनेको छ । यस पूर्व डिम्व शाहीले कालीगण्डकी पूर्व पश्चिमका सबै राज्य रजौटाहरू मिलाएर विशाल पर्वतीय क्षेत्रको राज्य स्थापना गरेको इतिहासमा उल्लेख गरेको पाइन्छ ।

प्राचीन पर्वतीय क्षेत्र हाल पर्वत जिल्लामा परिणत भएको हो । उसको सदरमुकाम "कुश्मा" (कुसुमा) वजारमा पर्दछ । म्याग्दी जिल्लाको सदर मुकाम "बेनी" (वेणी) वजारमा छ । मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम हो भने "बागलुङ" जिल्लाको सदरमुकाम वागलुङ बजारमा अर्थात केही वर्ष पहिले अंचलकै सदर मुकामको रूपमा समेत नगरीका रूपमा अवस्थित थियो र छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लकालीन राजाहरूका संस्थापक राजा "आनम्म मल्ल" र त्यस पछिका शाह मल्ल, घनश्याम मल्ल, मलयवम् मल्ल र कीर्तिवम मल्लको प्राचीन राजधानी "बेनी (वेणी) नै थियो पछि मल्लाजमा पनि सारियो भनी उल्लेख गरेको पाइन्छ ।[1]

पर्वत र बागलुङको बीचमा कालीगण्डकी बगिराखेकी छिन् । उच्च धवलागिरि, हिम-पर्वत (हिमाल) को नामबाट यस अंचलको नाम राखिएको हो । पवित्र तीर्थस्थल मुक्तिनाथ यही अञ्चलको प्रमुख तीर्थस्थल मानिन्छ । प्राचीन कालमा मुक्तिनाथ जाने एक मात्र मूल बाटो कालीगण्डकीको किनारै किनार थियो । यसका तटवर्ती क्षेत्र छुसाडो, लेते, मार्फा, कागवेनी, लार्जुङ, कोप्चेपानी, दाना, गलेश्वर, ढोर, बेनी, मल्लाज, बागलुङ, पाङ, बलेवा, थन्थाप, ज्यामिरघाट, फलेवास आदि प्रसिद्ध ठाउँहरू पर्दछन् । रघुगंगा, मोदी र उत्तरगंगा यस अञ्चलका प्रमुख नदीहरू हुन् । यी नदीहरू कालगण्डकीमा मिसिएर रिडी हुँदै देवघाटमा पुगेर नारायणी (सप्तगंगा) मा परिणत भैदिन्छन् । यी सप्त गण्डकीहरूमध्ये कालीगण्डकीले मात्र शालिग्राम वगाएर ल्याउने गर्दछिन् । यसर्थ हिन्दू धर्मावलम्वीहरूका लागि कालीगण्डकी अति पवित्र गंगा मानिन्छिन् ।

मध्यकालको उत्तरार्द्धमा पश्चिम गण्डकी प्रदेश, पर्वत क्षेत्रमा मगर जातिको बाहुल्यता रहेको पाइन्छ, तापनि सो समयमा विशेष गरी मगर, गुरूङ, छन्त्याल, राई थकाली जाति लगायतका क्षेत्री, बाहुन आदि विभिन्न जनजातिका मानिसहरू बढी मात्रामा बसोबास भएको हुँदा पर्वतीय क्षेत्र १४ हजार, १२०००, हजार र ४ हजार पर्वतमा परिणत भएको देखिन्छ । उता विक्रमको बाह्रौं शताब्दिका पूर्वार्द्धमा कर्णाली प्रदेशमा नाग-राजले "खस" राज्यको स्थापना गरेका थिए । यस प्रदेशमा "खस" राजा र उनका सामन्त शासकहरूमा ब्राम्हणहरूको बढी प्रभाव पर्न गएको देखिन्छ । यता मध्यकालमा भोट जाने पाँच प्रमुख मार्गहरूमध्ये बेनी (म्याग्दी) हुँदै भोट (मुस्ताङ) प्रवेश गर्ने यी

CC-0. In Public Domain. Digitization by eGangotri

मूल मार्ग निकै चल्तिमा आएको हुँदा कालीगण्डकीको तटवर्ती क्षेत्र बेनी, राखू, तातोपानी, बागलुङ, कुस्मा आदि इलाकाहरू व्यापारिक दृष्टिले केन्द्र थिए, जसले गर्दा स्थानीय क्षेत्रवाट उत्पादित वस्तु तामा, घ्यू, राडीपाखी आदिको निकासी पैठारी गर्नुका साथै बाहिरबाट पनि त्यस्तै प्रकारका उपभोग्य वस्तुहरू ल्याउनमा यी मार्ग प्रमुख र सुलभ मानिन्थे।

बाईसे चौवीसे राजाहरूको राज्यकालमा मुख्य रूपमा बागलुङ र बेनीमा तामाको "टक" काट्ने चलन थियो। बागलुङको टकसारबाट तयार परिएको १ पैसे र पाँच पैसे तामाका ढ्याक[1] यसका सबुद् प्रमाण हुन्। अर्कोतिर २२ से खानीमध्ये शिशाखानी, तामाखानी, राङ्खानी, झिङ्खानी, कुईनेखानी आदि खानीहरूले गर्दा यस क्षेत्रको आर्थिक दिशामा विशेष महत्त्व दर्शाएको छ। तर यस्ता महफ्वपूर्ण खानीहरूको उपयोग र व्यवस्था अझैं पनि हुन नसकनु दुःख लाग्दो कुरो हो। जेहोस् यस कालमा यस्ता प्रशस्तमात्रामा सुधारात्मक सङ्केत भने मिलेको पाइन्छ।

२.४ तपोभूमि

धवलागिरि र नीलगिरि हिमालजस्ता उच्च हिमवत्, पर्वतमाला, दामोदर कुण्ड, दूध कुण्ड, मुक्तिनाथ (मुक्ति क्षेत्र), ज्वालामाई, रानीपौवा, काली गण्डकी लगायतका कागबेनी, तातोपानी, रघुगंगा, मोदी जलेश्वर (गलेश्वर), पुलाहाश्रम (पुलस्त्य ऋषि), जगन्नाथको मन्दिर (ढोल थान), बराह देवता (ढोरपाटन), बागलुङकी कालीका भगवतीको मन्दिर, जैमुनि-शंखशीला (ज्यामिरघाट), भैरव-स्थान (बलेबा बागलुङ), गल्कोट, विहूँकोट, संसारकोट, कारीकोट, पर्वत पाङ् (पार्वतीको जन्मथलो), पारस-कारक (गलेश्वर-अर्मादीको आसपास), गुप्तेश्वरी गुफा, मुवनो दुलो, निरहेघाट (निर्णयघाट-काली गण्डकीको तटवर्ती क्षेत्र) आदि तीर्थस्थलहरूका अतिरिक्त परम्परागत रूपमा संचालित लोक नृत्यहरूमा

१. छोटा प्रेम-धवलागिरिका केही लोक संस्कृतिह-०४४, साझा प्रकाशन, काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

जोगीनृत्य, भरथरीनृत्य, शिकारीनृत्य, भदौरे रोपाईनाच, धानको वाला नाच, कटुवाल नाच, घोडे नाच, तायोमचा (घिन्तासिकी) नाच, बास्सा नाच (जर्माष्ट्रमीमा प्रदर्शन गरिने) जस्ता अनगिन्ती पौराणिक संस्कृतिमा आधारित लोकनृत्य तथा धार्मिक मठ-मन्दिर र लोकसंस्कृतिका विविध संगमले यस भूमिलाई दिव्यता प्रदान गरेको छ भने अर्कातिर कला र कौशलको दृष्टिले बागलुङको "बुट्टेनली" (मिलाँगो) पर्वत नांलिबाङ्को नेपाली कागज, ठेकी, डाली, खुरपेटो, सुपो आदि स्थानीय क्षेत्रबाट उत्पादित वस्तु वा त्यसबाट झल्किने कारिगरिताको महत्त्व स्वदेशमा मात्र नभई विदेशमासमेत प्रसिद्ध र दर्शणीय छ ।[1]

यसदेखि बाहेकका वैदिक र पौराणिक युगदेखि अद्यापि विश्वप्रसिद्ध पवित्र तीर्थस्थलहरू र विभिन्न स्थानमा अवस्थित लोमश ऋषि, (दामोदर कुण्डमा), कागभुसुण्डी (मुस्ताङ), पुलाहा-पुलस्त्य ऋषि (पुलाचौर, म्याग्दी), विश्रवा ऋषि (मंगलाघाट,म्याग्दी), राजन्हग् र राजर्षि-नृग (निरहेघाट-कालीगण्डकी), जाम्बवान् च्यवन र पञ्चासे ऋषि (पर्वत), जैमुनि ऋषि (ज्यामिरघाट, बागलुङ), र धौम्यऋषि (र्पात), जलेशवर (गलेशवर), बाबा (स्वामी ईश्वरानन्द ब्रम्हचारी, म्याग्दी) [२] षडाचार्य ब्रह्मलीन भएका स्वामी श्रीधर आचार्य (कुँडुले, बागलुङ), वर्तमान समयका जगत् प्रसिद्ध ब्रह्मलीन आवाल ब्रम्हचारी १००८ स्वामी परमानन्द सरस्वती (विहुँ, बागलुङ) र वर्तमान युगका नयाँ पुस्ताका ज्ञानमार्गी १००८ स्वामी कलमनयन आचार्य (भान्सा, बागलुङ) ब्रहमनिष्ठ १००८ स्वामी ज्ञानानन्द सरस्वती, योगाधर्मी डा.टंकनाथ पथिक (पौडेल), 'ओशो पथिक' बागलुङ रात्माटा (हाल मातातीर्थ काठमाडौँ) आदि जस्ता ऋषि महर्षिहरूद्वारा दीक्षा प्राप्त गरेको तपोभूमि हो ।

१.छोटा प्रेम- 'धवलागिरिका केही लोक संस्कृतिहरू-०४४' साझा प्रकाशन, काठमाडौं ।
२.जोशी नारायण प्रसाद -"तपोमूमि -०५२" (धार्मिक ग्रन्थ, सामुहिक प्रकाशन, कुश्मा वजार ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.३ लोकसाहित्य र संस्कृति

सृष्टिको प्रारम्भिक कालमा जव समाजमा विभिन्न वर्ग वा समूहको निर्माण हुन्छ, तब त्यहाँ स्वभावत: संस्कार र भाषाको क्रमश: सिर्जना हुन्छ। तत्पश्चात संस्कृति, साहित्य, कला र कृतिको प्रादुर्भाव भई निरन्तर विकास भैरहेको हुन्छ जसको अन्तरसम्बन्ध व्यक्ति, समूह, समाज र राष्ट्रको आत्मासित रहेको हुन्छ। भाषिक, सांस्कृतिक, धार्मिक र लौकिक जीवनका विविध पाटा अथवा लोक भाषा, लोकसाहित्य, लोकसंस्कृति, लोकगीत र झाम्रेगीत आदिको प्रेरणादायी भूमिका तिनै नाउँका जनजाति वा स्थान विशेषले गरेका हुन्छन्। यिनै पीठिकाबाट उठेर धवलागिरि अंचल प्राचीनकलदेखि अद्यापितक आफूलाई पहिचान गराउनमा सक्षम छ भन्नमा गौरव लाग्दछ।

यस सन्दर्भमा धवलागिरि अञ्चललाई लोकगीत, झाम्रेगीत र लोकसंस्कृतिको राजधानी (केन्द्र) मानिन्छ। यस विषयको सबुद् प्रमाण वि.सं. १८७४ सालतिर "गोर्खा-अंग्रेज" युद्धपछि यस अंचलको बागलुङ जिल्लाको "राङ्खानी गाउँ विकास" र "बलेबा नेपाने" लाई लिन सकिन्छ। यी दुई ठाउँहरूलाई "झयाउँरेगीत" (स्थानीय बोलीमा झाम्रे गीत) को "लय" र "बोल" को उद्गम स्थल [1]मानिन्छन् भने झ्याउँरे गीतका पहिलो प्रेरक "गोर्‍या सिरस" भदा "नरजीत श्रीस" र उनकी दिदीलाई सर्वप्रथम "हाइगोरी र सालेजु" भाकाका झ्याउँरे लोकगीत गाउन लगाइएका थिए भन्ने कुरा लोकसंस्कृतिका शोधकर्ता दिनबहादुर थापा आफ्नो अप्रकाशीत[2] शोधपत्रमा लेख्छन्। यस क्रममा लोकगीतको चरणवद्ध श्रृङ्खलामा पौराणिक कालदेखि वर्तमान समयसम्म यस अञ्चलमा विभिन्न "थेगो" वा "लय" का भाकामा गाइने प्रचलित लोकगीतहरूमध्ये सवैभन्दा पुरानो भाकाका "यानीमाया" लोकगीतलाई

१.स्व. पन्त कालीभक्त -"गीत सुधारको राष्टिय् बाटो-०३३", पृष्ठ -४१, पर्वत, फलेवास
२.थापा दिन बहुर- प्राध्यापक, "बागलुङ जिल्लाम प्रचलित झाम्रे लोक गीतको सर्वेक्षण र अध्ययन-०५३, (अप्रकाशित शोध-प्रबन्ध)

CC-0. In Public Domain. Digitization by eGangotri

लिइन्छ। यसका अतिरिक्त "लालुमाई", "रेलिमाई",निरमाया ठूली, सानुमयाली, यो माया लाउदै जाउँ साहिली, बारूलै, रे रे रे रे साइलो, नानीरे लै, नैन रेसम्, सालैजु रेलमा सलल, मारसैमा, मध्ये "यानी-मया ऽऽऽऽऽऽ ठूली ऽऽऽऽऽऽ तिम्लाई ऽऽऽऽऽऽ मालुम छैन र ?" गीतको बोली नै सवैभन्दा पुरानो लोकभाकाको गीत मानिन्छ। "यो पहिलो सानी माया तरूनी" को नामबाट रहेको हो, पछि अपभ्रंश हुँदा "य ऽऽऽ नी मया" रहेको कुरा ....। सुरूमा यस गीतको प्रयोग मुस्ताङ ? दाना तिरका थकाली भाषाका गीतबाट भएको ती गीतका विशेषज्ञ बताउँछन्" भन्ने भनाइ विद्वान् समालोचक एवं साहित्यकार ठाकुरप्रसाद पराजुलीद्वारा "**धवलागिरिका कथाहरू,** कथासङ्ग्रह-२०५३ को विश्लेषणात्मक भूमिकामा उल्लेख गरेका छन्।[१] लोकगीतकै सन्दर्भमा "सोरठी, मारूनी र थाली" जस्ता पुराना र नयाँ शैलीका लोकगीतहरूमा यस भेकको प्रसिद्ध लोकनृत्य राष्ट्रिय लोकनृत्यको फाँटमा ख्याति प्राप्त गर्नमा यहाँका गुरूङ, मगर, छन्त्याल र पुन जातिको विशेष भूमिका पाइन्छ। यी जातिका तुलनामा क्षेत्री, बाहुन अन्य जाति र वर्गमा कम मात्रामा भेटिन्छन्, तापनि केही वर्ष यता यस अञ्चलमा "छड्के नजर", श्रीखण्ड चन्दन" "धवलागिरिमा आटेको पुऱ्याइदेउ बागलुङ कालिका" जस्ता आधुनिक नयाँभाकाका गीतहरू गाइने प्रचलन एकातिर पाइएका छन् भने अर्कोतिर धवलागिरिका नयाँ युवा पुस्ताका कलाकारहरूद्वारा आधुनिक पप गीतमा छुट्टै एउटा स्वर शैलीको रूपमा रौनकता प्रदान गर्नमा निकै चासो देखाएका छन्।

मध्यकालीन नेपालको इतिहासमा मल्ल राजा "जगजय मल्ल" को राज्यकालमा नेपाल संम्वत् ८३१, वि.स. १७६८ मा "धन्जु सिंह र छत्रसिंह" नाउँका दुई भाइ नेवार बन्धुमध्ये जेठो "धन्जुसिंह" नेवार भक्तपुरबाट बागलुङमा सर्वप्रथम प्रवेस गरी बसोवास गरेको कुरा यो पंक्तिकारसितको भेटवार्तामा बताइन्छ।[१] तत्पश्चात् वि.स. १८२६ मा श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले भक्तपुरमाथिको विजयकाल,

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् इ.स.१८१६ मा सम्पन्न नेपाल भारत "सुगौली-सन्धी", नेवार जातिको क्लिष्ठ वा अपचिलो संस्कृति, महामारी रोग र व्यावसायिक आदि कारणले गर्दा पनि यो जातिको बस्ती बागुलङमा विस्तारै बृद्धि विकास भएको पाइन्छ।[२] जब नेवार जाति बागलुङमा आएका थिए त्यसैबेलादेखि आफ्नो साथमा ल्याइएका लोकसंस्कृतिहरूमध्येका पुराना नृत्य हनुमान नाच, गठेमंगल (घण्टाकर्ण), जोगी नृत्य, बासानाच, (कृष्णलीला-रामलीला) को "शोभा-यात्रा"आदि संस्कृतिका कतिपय लोकनृत्यहरू अद्यावधि संचालन गरी तिनलाई जीवितै अवस्थामा राखेको पाइएको छ भने कतिपय पुराना लोकनृत्यहरू प्रायः विलुप्त भैसकेका देखिन्छन्।

२.६ ज्योतिष शिक्षा

प्राचीनकालदेखि पर्वत "पाङ" ज्योतिष शास्त्रमा प्रसिद्धि प्राप्त थलोका रूपमा चिनिन्छ। तद्नुरूप पाङमा ज्योतिष विद्या पढ्ने र पढाउने परम्परा अद्यावधि निरन्तर रूपमा कायम रहि आएको छ। यस सन्दर्भमा मध्यकालमा बागलुङ मूल्पानीका श्रीदत्तपन्त जस्ता कविका समकालीन अर्का मित्र पंण्डित अर्थात् नेपालमा आधिकारिक रुपमा "पात्रो" तयार पार्ने पहिलो व्यक्ति प. ज्योतिषी छायाँदत्त पन्तको नाउँ अग्रपंक्तिमा आउँछ।[१] यस दृष्टिकोणले पनि पुराण, आयुर्वेद, नीतितन्त्र, पूजाविधि, स्तुति र ज्योतिष शास्त्रमा धवलागिरि अञ्चलको नाउँ इतिहासमा स्वर्ण अक्षरले अंकित छ।

२.७ मगरात प्रदेश

युवा पुस्ताका अनुसन्धानकर्ता डा. दिनबहादुर थापा २०६६ का अनुसार धवलागिरि क्षेत्रमा मगर वस्ती वाक्लो हुनाले यसलाई मगरात क्षेत्र भनेर पनि चिनिन्छ। चित्तरञ्जन नेपाली (२०२२) का भनाइ

१.पराजुली ठाकुर प्रसाद- "धवलागिरि अञ्चलको साहित्यिक रूपरेखा र स्थानीय कथा क्षितिज"-स-प्रेम छोटा-"धवलागिरिका कथाहरू-२०५३" नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौँ

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसार मध्यपश्चिमाञ्चलको मर्स्याङ्दी नदीदेखि प्यूठानसम्मको प्रदेशलाई मगरात क्षेत्र भनिएको र सर्भे अफ इन्डिया अफिसको **'अप्रिलिमिनरी एडिस अफ द म्याप अफ नेपाल' (१९२३ ई.)** अन्तर्गत पनि **'मगरवंग'** नामक प्रदेशको नक्सा धवलागिरि हिमालको काखमा पाइनुले पनि त्यो क्षेत्रमा मगरात राज्य थियो भन्ने कुराको प्रमाण जुटाउनमा सहयोग पुगेको छ। योगी नरहरिनाथ (२०१२) को भनाइलाईसमेत उदृत गर्दै पर्वतराज्यका अन्तिम राजा कीर्तिबम मल्लको समयमा लेखिएको एउटा कागत-पत्रमा निसेलभुजेल क्षेत्रको रामन्ती मगर राज्यलाई दिनुपर्ने उपहार भन्ने अर्थमा **'भुजेलर्को सिर्ता'** उपलब्ध भएको हुनाले पनि बागलुङको निसी-भुजी क्षेत्रम मगरहरू नै त्यस क्षेत्रका शासक थिए भन्ने प्रमाण जुटाएको छ (थापा, २०६५)। बागलुङ जिल्लाका सुदूर पश्चिमका निसी, भुजी र बोबाङ् गा.वि.स.हरूमा खाम मगरहरूको घना बस्तीका साथै आफ्नै भाषा, संस्कृति र परम्परा रहेको पाइन्छ। बागलुङ जिल्लाको प्रसिद्ध क्षेत्र 'बुर्तिबाङ (पुरानो चौर तर हालको सहर) लाई युद्धमा पराजित मगर राजालाई विर्ता स्वरूप दिइएको हुँदा स्थानीय भाषामा 'बिर्ताबँ' भन्दाभन्दै बुर्तिबाङ भएको हो भन्ने स्थानीय बुद्धिजीवीहरूको भनाइ छ।

धवलागिरि क्षेत्रमा मल्लहरूभन्दा पूर्व क्षत्री राज र त्यस भन्दा पूर्व मगर राजहरू थिए भन्ने तर्कको पुष्टि गर्न विक्रमको पन्ध्रौं शताव्दीको अन्त्यतिर खस राजहरूविरूद्ध यिनै निसीभुजीका मगरहरूले रूकुमराज्यका राजकुमारलाई ल्याई पर्वतका राजा बनाउन सहयोग गरेका थिए र निसीभुजीका मगरहरू पछिसम्म पनि प्रभावशाली हुनाले वि.स. १८८६को लालमोहरमासमेत निसीभुजीलाई पराजित गरी १२ हजार दण्ड तोकिएको थियो भन्ने भनाइले पनि निसीभुजी क्षेत्रमा

१.राजभण्डारी दिनेश-काठमौंवाट प्राप्त जानकारी अनुसार
२.भण्डारी प्रा.ढुण्डीराज-"नेपालको ऐतिहासि विवेचना-२०२५", प्रकाशिा कृष्ण कुमारी-बाराणशी ११, पृष्ठ-१३१

CC-0. In Public Domain. Digitization by eGangotri

मगरहरूको प्रभावशाली राज्य पछिसम्म पनि थियो भन्ने तर्कलाई प्रमाणित गर्दछ । धवलागिरि क्षेत्रमा मगरराज्यको सम्बन्धमा हालसम्म कुनै लिखित प्रमाणहरू उपलब्ध हुन नसके पनि त्यस क्षेत्रमा बोलिने नेपाली भाषा र त्यहाँको स्थानवाची नामहरूले त्यहाँका आदिवासीहरूले भोट-बर्मेली भाषाको अक्षरान्तमा 'ङ' वर्णको प्राधान्य रहन्छ भन्ने जोग्राफ (१९८२ इ.) को भनाइअनुसार पनि धवलागिरि क्षेत्रका स्थानीय नामको पदान्तमा प्राय: 'बागलुङ, मुस्ताङ, दुर्लुङ, भाक्सिङ, पाङ, धाइरिङ, गल्याङ' आदि 'ङ' ध्वनिको प्रचुरताले पनि त्यहाँका आदिवासी मङ्गोलियन भएको प्रमाणित गर्दछ (थापा, २०६५) । तर धवलागिरिका अधिकोंश स्थानवाची नाम शब्दमा 'ङ, बाँ, बाङ' नामानुगामी जोडिएर आउने हुनाले यी तीनवटा नामानुगामीको अर्थ एउटै हो वा फरक छ भन्ने तथ्यको खोजी गर्नुपर्ने देखिन्छ । खाम मगर भाषामा 'बाँ' को अर्थ चौर वा समथर भूभाग भन्ने भए पनि बागलुङको पश्चिमी खाम मगर समथर बस्तीको नामसँग जस्तै 'मल्कटीबाङ, बोबाङ, खप्तरीबाङ, खल्बाङ, चिरबाङ, धाइबाङ, जाइसीबाङ,तोसबाङ, खोलेसबाङ' आदि 'बाङ' नामानुगामिक पनि जोडिएर आएको पाइन्छ । अर्कातर्फ मगरभाषमा 'दि' शब्दले पानीको अर्थ बुझाउने हुनाले त्यस क्षेत्रका अधिकोंश पानीका मुहान जनाउने स्थानीय नामको अन्त्यमा जस्तै, म्याग्दी, मर्स्याङ्दी, मोदी, पुँदी, गौंदी, हुग्दी, नरौदी, चरौदी, ज्ञादी, तमादी, अर्मादी, भल्याङदी, सराङदी, होर्स्याङदी, मुरूङदी, लहुदी आदि शब्दले पनि धवलागिरि क्षेत्रलाई मगरात भन्न सघाउँछ (थापा, २०५५:३५) ।

धवलागिरिका आदिवासीहरूमा छन्त्यालहरू पनि हुन् । यिनीहरूको पुर्ख्यौली पेसा खानीको काम हो । तसर्थ बागलुङ र म्याग्दी जिल्लाका अधिकोंश छन्त्याल बस्तीको नामसँग 'खानी' शब्द जोडिएको पाइन्छ,

१.मैत्रेय शर्मा विष्णु प्रसाद - पुरस्कृत कृति -सिजा इतिहासको डोरेटो, एक समीक्षा-स.प्रेम छोटा- 'धवलागिरिका पुरस्कृत कृति र विहगम दृष्टि-२०५७'

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै -गुर्जाखानी, छापाखानी, पाण्डवखानी, खाङ्गलेखानी, लेकखानी आदि स्थावाची नामले पनि धवलागिरि क्षेत्रका आदिवासी मङ्गोलियन नै थिए भन्ने प्रमाणित गर्दछ। मगरका 'अर्गेजा, तिलिजा, पाइजा,' थरको नामसँगै आउने 'जा' नामानुगामीले पनि त्यहाँको केही स्थानहरू जस्तै -मलजा (पछि मल्लांज), सालिजा, धम्जा, बरम्जा, दुम्जा, हेम्जा, स्याङजा आदि शब्दहरू आएको पाइन्छ। स्थानीय बूढापाकाहरूले मगर भाषामा 'मल' को अर्थ भात र 'जा' को अर्थ भाँडोबाट मलजा (भातको भाँडो) भएको हो र यही मलजा पछि वर्तमान मल्लाज भएको हो भन्ने अर्थ लगाएको पनि पाइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

२.८ बागुलङ जिल्लाको वृत्त-चित्र

१.अवस्थितिः- २७'१५' उत्तरदेखि २८' ३७' उत्तर अक्षाँश
८३' ००" पूर्वदेखि ८३' ३६" पूर्वी देशान्तर

२.उचाइः-न्यूनतम ६०० मिटरदेखि ४६९० मिटरसम्मको उचाइ (समुन्द्र सतहदेखि)

३. क्षेत्रफलः- १८,२४८६ हेक्टर

४. भौगोलिक अवस्थितिः- पूर्वमा पर्वत जिल्ला, पश्चिममा-रूकुम,रोल्पा र प्यूठान, उत्तरमा-म्यागदी, दक्षिणमा-गुल्मी र प्यूठान

५. गा.वि.स.:- ५९ (बडा संख्या ५४२)

६. नगरपालिका :- बागलुङ नगर पालिका-१ (वडा-११ बटा समेत)

७. इलाका संख्याः- १३

८. निर्वाचन क्षेत्रः- ३

९. विकास क्षेत्रः- पश्चिमाञ्चल

१०. सदरमुकामः- बागलुङ वजार

११. अंचलः- धवलागिरि अञ्चल

१२. जनसंख्याः- राट्रिय जनगणना २०५८ को सर्वेक्षण अनुसार
कुल जनसंख्या :-२६८३७
पुरूष :- १२३५२८
महिला :-१५४४०९

१३. वर्गः- २२०० मिलीमिटर (सरदर)

१४. तापक्रमः- ३७५ डिग्री सेल्सीयस (अधिक्तम) न्यूनतम-डिग्री

१५. मुख्य जातिहरूः- मगर, ब्राम्हण, क्षेत्री, कामी, सार्की, दमाई, ठकुरी, नेवार, गुरूङ, थकाली आदि ।

१६. प्रचलित भाषाः- नेपाली, नेवारी, (नेपाल भाषा) मगर, तामाङ आदि ।

१७. हावापानीः- शीतोष्ण एवं समशीतोष्ण

१८. प्रमुख नदीनालाहरूः- कालीगण्डकी, बढीगाऊँ, उत्तरगंगा, निसी, भुजी, तमान, दरम ठेउले, काठेखोला, जैदी, हुग्दी आदि ।

CC-0. In Public Domain. Digitization by eGangotri

१९. खनिज पदार्थ :- स्लेट ढुंगा खानी, सिसा खानी, फलाम खानी र सुन खानी

२०. जिल्लाका प्रसिद्धि प्राप्त वस्तुहरू, नेपाली हाते कागज (लोक्ता), मालिङ्गोको बुट्टेनली (हुक्के नली), राडीपाखी

२१. प्रमुख दर्शनीय धार्मिक स्थलहरू:- बागलुङकी कालिका भगवती मन्दिर, ढोरपाटन बराह मन्दिर, गाजा दह (धुरी), संसारकोट, हाडिकोटको धुरी, भकुण्डे धुरी, पाञ्जाकोट धुरी, रामकोट (विहुँ) घुम्टेको लेक, शिव धुरी, शोलेको धुरी, भैरवस्थान, घोडा बाध्ने डाँडा, चमेरे गुफा आदि ।

२२ तालहरू:- रूद्र ताल, गाजाको दह, नील दह आदि ।

२३. पुरस्कार संख्या:- रत्न-श्रेष्ठ पुरस्कार गुठी २०३४, (पश्चिमाञ्चल क्षेत्रका कवि लेखकहरूलाई २/२ वर्षमा प्रदान गरिने) **रत्न-श्रेष्ठ पश्चिमञ्चल क्षेत्रीय पुरस्कार**, नेपाली बाङ्मयमा उल्लेखनीय योगदान पुऱ्याउने स्वदेशी तथा विदेशी लेखक, साधक वा संस्थामध्ये एक जनालाई २/२ वर्षमा प्रदान गरिने **रत्न श्रेष्ठ राष्ट्रिय सम्मान**, जगतचन्द्र स्मृति सम्मान कोष-२०५८, धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान-२०४१ ले प्रत्येक ३/३ वर्षमा आञ्चलिक स्तरका कविलेखकहरू मध्ये एकजनाको पाण्डुलिपिलाई दिइने **धवलागिरि साहित्य पुरस्कार** वि.सं. २०५० पछि २/२ बर्षमा प्रदान गरिने गरी काजीरोशन पुरस्कारमा परिणत गराई राष्ट्रिय स्तरमा विस्तार गरिएको छ । उक्त पाण्डुलिपिलाई संस्थावाटै प्रकाशित गरिने प्रावधान छ ।

२४. पुस्तकालय:- विद्या मन्दिर पुस्तकालय, बागलुङ-२००३, ज्ञानोदय-भगवती पुस्तकालय, बागलुङ-२०२१, रत्न-श्रेष्ठ पुरस्कार पुस्तकालय, बागलुङ-२०३७,(नेपाली भाषाका पुस्तक तथा पत्रपत्रिकाहरूको मात्र संकलन गर्ने सङग्रहालयको रूपमा स्थापना भएको) उक्त पुस्तकालय विम पुस्तकालय बागलुङको सहायक अङ्गका रूपमा रत्न-श्रेष्ठ पुरस्कार नेपाली वाङमय विभागको रूपमा समाहित-२०५९

(रत्न. श्रेष्ठ पुरस्कार गुठी बागलुङ)

CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङ शब्दको व्युत्पत्ति र यसको नामकरण

२.९ विषयप्रवेश

सोह्र हजार पर्वतको नामले प्रसिद्ध बागलुङ नेपालको एकिकरण-पूर्व चौवीसे राज्यअन्तर्गत पर्दथ्यो जुन समयमा कोट-कोटवाट भुरे-टाकुरे राजाहरूले राज्य चलाउँदथे। ती कोटमध्ये यस जिल्लाअन्तर्गत पर्ने गल्कोट, विहुँकोट, सर्नाकोट, माझकोट प्रसिद्ध मानिन्थ्यो।

चौधौँ शताव्दिमा जुम्लाका राजाहरूले आफ्नो राज्य विस्तार गर्ने क्रममा वि.स. १४२९ तिर मलेवम् जुम्लाको राजगद्धीमा बसेपछि उनले पूर्वतर्फका धेरै राज्यहरू जिते। बागलुङ जिल्लाका निशेल भुजेल भन्ने चार हजार पर्वत इलाकामा त्यस वेला मगरहरूको रजाइँ थियो। जुन समयमा रूकुममा मलेवम्का छोरा पिताम्वर र नाति जैतुबम्ले शासन चलाएका थिए। मगरराजाहरूले यस जिल्लाको राज्य प्रभावकारी रूपमा सञ्चालन गर्न रूकुमको राजधानी गोथाममा गई राजा जैतुबम्का आठ भाइ राजकुमारमध्ये एउटा मागे। राजाले जेठा छोराबाहेक बाँकी भाइमा रोजेर लाने आज्ञा दिएकाले राति सुतेका वेलामा जुन राजकुमारको शिर शिरानतिर बढेको हुन्छ त्यसैलाई लैजान आज्ञा दिएकाले राती सुतेको ठाँउमा हेर्न जाँदा माहिला राजकुमार आनन्दबम्को शिरानतिर बढेको देखी उनलाई पिठ्यूँमा बोकेर भुजेलहरूले पर्वतमा ल्याए। पर्वतेहरूले यी राजालाई तीन वटा नामले पुकार्दथे। गोथामबाट ल्याएको **गेथम्व**, पिठ्यूँमा बोकेर ल्याएकोले **पिथम्व** र आउने राजकुमारको नाम आनन्द भएकोले आनन्द[1] भनिन्थ्यो। राजाका साथमा मुडुला कार्की, रूचाल तथा पौडेलहरू पनि आएको किम्वदन्ती छ। वि.स. १५१० तिर आनन्दबम सोलेपार पर्वतका राजा बने। त्यस वेलासम्म पनि गल्कोट , विहुँकोट र चन्द्रकोटमा भुरे राजाहरूले राज्य गर्दथे, जसमध्ये वलेवा र बागलुङ माझकोटअन्तर्गत र थन्थाप

१.गौचन ओमकार प्रसाद- 'वुकी'-गुच्छा दुई, प्र सम्पादक वालकृष्ण नेभा, नेपाली साहित्यकार सम्पर्क समिति, धवलागिरि.अञ्चल शाखा-०२६

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रकोटअन्तर्गत थिए ।

आनन्दबम र बन्दबम पछि डिम्ब नामको दिलिपले आफ्नो शासन कालमा विहुँकोट, गल्कोट र ताकमलाई विजय गरी आफ्नो राज्यलाई ४००० पर्वतबाट १४००० पर्वतमा पुऱ्याए । आफ्नो राज्यमा सुव्यवस्था ल्याउन उनले आफ्ना माहिला भाइलाई डाँडाकोट, साहिला भाइलाई विहुँकोट र कान्छा भाइलाई गल्कोटमा राखेका थिए । राजा डिम्व वर्षा याममा ढोरमा र हिउँदमा ताकममा बसी राज्य चलाउँथे ह्यामिलटनको भनाइअनुसार गल्कोट सानो राज्य थियो । जहाँ ३००० घरहरू थिए । राजाको दरवार पहाडको टाकुरामा थियो। त्यस दरवारको वरिपरि ५०० खरका झुपडीहरू थिए । यहाँ ३ वटा तामा र १ फलाम खानी थियो । खानीहरूमा केही आधिकारिक व्यक्तिहरूले मात्र काम पाउँथे । राजाको वार्षिक आम्दानी रू. ३५००।- थियो । यहाँ राजाले बिनायुद्ध नै गोर्खाली सेनाअगाडि समर्पण गरेका थिए ।

गल्कोट राज्यका बारेमा कर्क प्याट्रीकले पनि लेखेका छन् । उनको भनाइअनुसार गल्कोट एउटा ठूलो शहर थियो र गल्कोट नामको एउटा ठूलो किल्ला थियो । गल्कोट चौबीसे राजाहरूमध्ये एक थियो । एक बंशावलीअनुसार राजा डिम्वका पालामा, गण्डकी र कर्णाली प्रदेशका राजाहरूले दिल्लीका बादशाहकहाँ पाँच-पाँच वर्षमा सिर्तो लैजाने गर्दथे । त्यस सीर्तोमा आफ्ना राज्यमा पाइने कस्तुरीको विना, वाज, डाँफे, मयूर, चितुवाको छाला, पशिमनाको पछ्यौरा आदि हुन्थे । राजा डिम्बले पनि युवराज नागबम्लाई वि.सं.१५३० तिर दिल्ली पठाए । उनले बादशाह भन्ने पद्वी दिइएको हुँदा युवराज नागवम त्यसवेलादेखि नाँगबम् मल्ल भए । उनैको पालामा जितेको मादीखोलापूर्वको डाँडाकोटलाई त्यहाँका क्षेत्रीहरूले मल्ल राज्य भनी नाउँ राखे, जुन आज पनि राजभक्ति नाममा मल्लाजको नामले प्रसिद्ध छ । राजा डिम्व १२० वर्षसम्म बाँचेका थिए भन्ने जनश्रुति छ । यिनी ८४ वर्षको छँदा आफ्नो जेठो छोरा नागबम मल्ल अस्वस्थ भएकाले

CC-0. In Public Domain. Digitization by eGangotri

उनका एक मात्र नाति प्रतापी नारायण मल्ललाई वि.सं. १५९० तिर पर्वतको राज्य सुम्पे । यिनको शासन कालमा प्रशस्त मात्रामा जंगल भएकाले पशुपालन र अन्य धेरैकाको निम्ति महत्त्वपूर्ण स्थान मानिन्थ्यो । नून र सुन भोटतिरबाट पैठारी हुन्थ्यो । त्यस बेला पाल्पाबाट ल्याएका कुमालेहरूलाई बागलुङ चौर (चौर) मा राखेर माटाका भाँडाका उद्योग-धन्दा बढाए । राजा प्रतापी नारायणको पाल्पासँग वैवाहिक सम्वन्धपछि चौवीसे राज्य पाल्पा र पर्वत बलिया राज्य भए । यिनको करिव ३० वर्षको शासनकालपछि आफ्ना जेठा छोरा जितारीबम मल्ललाई गलकोट, माहिला राजबम मल्ललाई पर्वत र कान्छा कलेल्येन (कल्याण) मल्ललाई कास्कीको राज्य सुम्पी आफू काशीवास भए ।

पश्चिम नेपालको मल्लकालीन राज्यको राजवंशावलीमा पन्ध्रौं बिक्रमाव्दीको अन्त्यतिर वि.सं. १४९३ सालमा "आनम्म मल्ल" (आनपृव बम मल्ल) मल्ल बंशका संस्थापक (प्रथम) राजा मानिन्छन्[१] । बंशानुगत रूपमा मल्ल बंशका पाँचौ राजा नारायण मल्ल[२] वि.सं.१५९० सालमा राजा भएका थिए । त्यस प्रकार पर्वतीय क्षेत्रमा मल्ल बंशको १४ औं पुस्ता (वि.सं. १८४३) सम्म शासन व्यवस्था रहेको देखिन्छ । एकातिर उक्त पञ्चम प्रतापी राजा नारायण मल्ल तत्कालीन राजाहरूको राज्यकालको ऐतिहासिक प्रमाणको आधारमा प्रमाणित गर्न सकिन्छ भने अर्कातर्फ पाँचहजार वर्ष पुरानो पौराणिक पृष्ठभूमिमा आधारित "बागलुङ शव्द" को व्युत्पत्तिका सम्वन्धमा प्रसस्तै प्रसङ्गले यस ठाउँको वैदिक, पौराणिक, धार्मिक, ऐतिहासिक र सांस्कृतिक परिचय गराउन बढी प्रासङ्गिक देखिन्छ ।

१.श्रेष्ठ, टेकवहादुर- पर्वत राज्यको उैतिहासिक रूपरेखा-०४२, पृष्ठ-४८५, ने.ए.अ. केन्द्र, त्रि.वि.वि.। कीर्तिपुर ।
२. इतिहासकीय नियमानुसार पर्वका राजहरू २५ वषी शासनावधिको आधारमा १ जना राजाले २५ वर्ष जति राज्य गरेको हिसावले (१४*२५=३५०) वर्ष राज्य गरको ठहरिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.१० बागलुङ शब्दको व्युत्पत्ति

१. संस्कृत भाषा व्याकरणमा "व्याघ्रलुनातीति", व्याघ्र = बाघ, लुनातीतिको अर्थ = लुँ, अर्थात् "ब्याघ्र = बाघ र "लु" को अर्थ छेद्नु, काट्नु वा मास्नु हो । कुनै समयमा यस ठाउँमा बाघै-बाघहरूको ताँती हुनाको कारण यहाँको जन-जीवन अति नै भयावहपूर्ण थियो । यस्तो डरलाग्दो वा दयनीय अवस्थालाई देखेर त्यसवेलाका मगराती जातिका बलिया व्यक्तिहरूको समूहहरूको सक्रियतामा ती बाघहरलाई छेद्ने, काट्ने, वा मार्नेजस्ता काम गर्ने हुँदा बाघहरूलाई मास्ने उद्देश्यले गरेको कार्यको अर्थमा यस ठाउँको नाउँ "ब्याघ्र-लुँ" वा "ब्याघ्रलुँ" रहन गएको हो [३] भन्ने कुरा पौराणिक किंम्वदन्ती सुन्न पाइन्छ ।

२. "बाघ" प्राचीन खस भाषा हो । "लुङ" को अर्थ लस्कर, ताँती, पक्तिबद्ध वा लामको अर्थलाई जनाउँछ । त्यस समयमा बाघहरूको लस्कर लाग्ने थलो भएकाले यस ठाउँको नाउँ "बाघलुङ" रहन गएको हो भन्ने लोकोक्ति छ, तर बाघहरूको प्रकृतिबाट उनीहरू लस्कर लागेको कहीँ कतै देखिँदैन । त्यस्तै प्रकारबाट सुरू सुरूमा व्यक्तिहरू लस्कर लागेर हिँड्ने गरेका हुन् । ती बाह्रलुङे व्यक्तिहरू बाट बाग्लुङ्गे, हुँदै बागलुङ भएको भन्ने पनि जनश्रुति पाइन्छ ।

३ ."बउलुङ" नाउँ गरेको ठाउँ तत्कालीन मूलपानी गा.वि.स. वार्ड नं. १, स्थित गैरी गाउँ ढिकीचौरमा अद्यापि उल्लेख छ । तत्कालीन ठकुरी वंशका शासकले आफ्नो मातहतमा पर्ने जग्गाको तिरो असुलसमेत गर्ने गर्थे । तिनै शासकको हाल बागलुङ गुठी स्थित केही जग्गा आफ्नो हकभोगमा भएको कारण उक्त "वउलुङ" ठाउँवाट यस ठाउँको नामकरण भएको भन्ने त्यहाँका बूढापाकाको भनाइ (जन-श्रुति) सुन्न पाइन्छ ।

४. तिब्बती भाषा व्याकरणमा "बाग" को अर्थ कहीँ उठेको खण्ड र "लुङ" को अर्थ कहीँ केहीँ मैदानी वा समथरको अर्थलाई बुझाउँछ ।

३. पन्त योगराज, एम.ए. (नेपाली र संस्कृत)वाट प्राप्त जानकारी अनुसार

CC-0. In Public Domain. Digitization by eGangotri

यसर्थ "बागलुङ" को भौगोलिक बनावटलाई हेर्दा केही समथर खण्ड र केही उठेको जग्गाको आकारले पनि उक्त तिब्वती भाषा व्याकरण मुताविक पहिले , पहिले यहाँ आउने गर्ने तिब्बतीहरूद्वारा उक्त शव्दको आधारमा यस ठाउँको नामकरण गरिएको देखिन्छ[१] ।

५. गुरूङ र तामङ भाषामा "बाघ" को अर्थ बाघ चितुवा हो र "लुङ" को अर्थ लस्कर वा लाम नै जनाउँछ । यिनै मूल खस भाषालाई नै उनीहरूले मानी आएको पाइन्छ । ती मध्ये मगरभाषामा बाघको अर्थ बाघ नै र लुङ को अर्थ बाँसको खुट्टा नभएको "खटिया" वा "शोला"[२] भनिन्छ । अर्थात् मगर जातिले बाघलाई मारी खटियामा राखी सार्वजनिक रूपमा सवै ठाउँमा प्रदर्शन गर्ने गराउने चलन यी वलिया जातिमा पाइने हुँदा उक्त कारणवाट पनि वागलुङको नामकरण यसरी भएको स्पस्ट देखिन्छ ।

६. परापूर्व कालमा बागलुङ एक प्रकारको 'टार' नै हो जहाँ बाक्लो वनले भरिएको ठाउँ थियो । यसर्थ यसको आसपासमा बाघहरू लुक्ने वा खेल्ने गर्थे होलान् । अर्को शव्दमा बाक्लो वन (इलाका) हुनाका कारण सो ठाउँहरूमा बाघहरू लुक्न पनि अनुकूल पर्ने भएकाले त्यस बेला यस ठाउँलाई "**बाघलुक**"[१]वन भन्न थालियो भन्ने जनश्रुति पाइन्छ । कालान्तरमा आउँदा 'बाघलुक' वनबाट अपभ्रंश भई बाघलुङ, बाग्लुङ्गवाट बागलुङमा पनि परिणत भएको हुनुपर्दछ ।

७. बागलुङ शव्दको नामकरण हुनुको पछाडि यस क्षेत्रको सेरोफेराका गाउँठाउँहरूको नामको अन्त्यमा प्राय 'ङ' वर्ण उच्चारित भएको पाइएको छ । उदाहरणका लागि तित्याङ, बाजुङ, धाइरिङ, नागलिवाङ यसरी नै ताङलुङ, दाङ, सिङ, बउलुङ र बागलुङ आदि छन् । मध्यकालीन युगमा यो क्षेत्र मगरात जातिको बाहुल्य भएकाले उल्लिखित शब्दावली मगर भाषाका सबुत प्रमाण हुन् । मगरभाषा -व्याकरणअनुसार "वाङ"[२]को

१.वज्राचार्य धनवज्र - इतिहास विदवाट प्राप्त जानकारी अनुसार ।
२.पुन रामप्रसाद क्यप्टेन वाट प्राप्त जानकारी अनुसार ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ "समथर" वा "टार" मानिन्छ । उक्त शब्दबाट पनि यसको पुष्टि मिल्छ । यसर्थ बागलुङ स्वयंमा कालीगण्डकी र काठेखोलाको बीच वा यसको माथिल्लो थाप्लो मू-भागमा लम्पसार (समथर) परेको चट्टानमा अवस्थित भएकाले पनि यस ठाउँको नाउँ उक्त आधारबाट रहन गएको बलियो प्रमाण मिल्न आउँछ ।

८. बाङल्हुङ शब्द पश्चिम नेपालको पहाडी प्रदेश स्याङ्जा, पाल्पा आदि तिरका मगरातीहरूको आफ्नो स्थानीय बोलीमा बोलिने भाषा मध्येको एक हो । "बाङल्हुङ" अर्थात् "वाङ" को अर्थ समथर र "ल्हुङ" को अर्थ ढुङ्गै-ढुङ्गा जनिन्छ । यसरी यी दुई शब्दको अर्थाई एउटै शब्दमा "बाङल्हहुङ" लाई अर्थ्याउँदा पनि बाङल्हुङ शब्दको भौगोलिक बनावटलाई हेर्दा यस थलोको भू-भाग केही समथर परेको र केही ढुङगै-ढुङगा मात्र देखिने भएकाले तिब्बती भाषा-व्याकरण र मगराती भाषा व्याकरणका आधारबाट पनि अपभ्रंश भई बाङल्हुङबाट बाघलुङ र बाग्लुङ्गबाट पनि विकास हुँदै यस ठाउँको नाम "बागलुङ" रहन गएको हो ।

९. राई शब्दमा बागलुङको अर्थ वा बोली "सुँगुरजस्तो ढुङगा[1]" हो । हुन पनि बागलुङको आसपासमा वा यस क्षेत्रमा त्यस्ता आकार प्रकारका ढुंगाहरू जताततै पाइन्छन् । यो किराँत क्षेत्रीय राई बोलीको नाम भएकोले पनि यस ठाउँको नाउँ बागलुङ रहन गएको भन्ने किराँतीय भाषाबाट प्रस्टिन्छ ।

१०. "बागलुङ्" शब्द खस भाषा भएकाले परापूर्वकालदेखि अद्यापि विशेष गरेर तिनैका शाखा सन्तानहरू बढी मात्रामा बसोबास गरेका देखिन्छन् तापनि वि.सं. १७६८ मा भक्तपुरबाट धन्जुसिंह र छत्रसिंह दुई भाइमध्ये जेठा धन्जुसिंह नामको एकजना नेवार बागलुङमा पहिलो पटक आएका थिए । नेवारी भाषामा बागलुङ शब्दको अर्थ स्पष्ट नै

१.जनश्रुतिको आधारमा ।

२.थापा एम.एस -'प्राचीन मगर र अख्खा लिपि' ।

३.पूर्ववत् ।

CC-0. In Public Domain. Digitization by eGangotri

जातिका आफ्ना पूर्वजहरूको भनाइबाट पनि यस ठाउँको नाउँ "बागलुङ" रहन गएको स्वत: सिद्ध छ ।

११. प्राकृत, संस्कृत र खस भाषाको विकसित रूप नेपाली भाषा नै हो । संस्कृत शब्दमा "ब्याघ्र" वाघ वा "बाग" को अर्थ बगैँचा हो भने नेपाली भाषामा "लुङ" को अर्थ पहिले नै उल्लेख भैसकेको हुँदा बाघलुङ र वागलुङ (बागलुङ) को पूरा अर्थ बाघै बाघको लस्कर वा बगैचै बगैचाहरूले भरिपूर्ण एक सुन्दर थलाको स्वरूप बुझाउँछ । यसरी अध्ययन गर्दा उक्त संस्कृत र नेपाली भाषाको जन्मबाट पनि बागलुङको नाम रहन गएको देखिन्छ । अर्को बलियो प्रमाण संस्कृत शब्दमा "वाग" को अर्थ बोल वा बोलक्कड वा वाक्पटु भन्ने जनिन्छ भने "लुङ" को अर्थ समूह वा मण्डललाई लिइन्छ । माथि उल्लिखत सोहौँ शताब्दीका रमापति, उमापति, वीरशाली, प्रेमनिधि, छायादत्त पन्त आदि लगायतका यशश्वी वाग्वीरहरूको मूल थलो यही मानिएकोले पनि यस ठाउँको नाउँ "वाग्लुङ" बाट बाग्लुङ हुदै बागलुङ रहन गएको प्रमाण मिल्न आउँछ ।

१२. पौराणिक कालको स्कन्द पुराणमा वर्णन गरिएको आधारमा यस ठाउँलाई शिव र पार्वतीले लीला गर्ने मूल थलो मानिन्छ । सोही सिलसिलामा बागलुङ (हाल) को प्रसिद्ध कालिका भगवती मन्दिरको भित्री मध्यस्थानमा (मन्दिर निर्माणपूर्व) पार्वतीले एक्लै तपस्या गरिरहेको अवस्थामा अप्रत्याशित रूपमा बाघहरू लुङ लागेर उनको सुरक्षा गरेको देखेर शिवजी प्रशन्न भै शिवजीको वरदान अनुसार पार्वती भगवती भइन् रे । बाघहरू उनका बाहिनी भएकाले उक्त दिनदेखि भगवतीका रूपमा अवतरित भएकी पार्वती आफ्नो वाहिनी रूपी बाघको कुम (पिठ्युँ) माथि चढी सवार (सयर) गरेकी थिइन् रे । यसरी पार्वतीले तपस्या गरिरहेको अवस्थामा बाघहरूद्वारा लुङ लाएर सुरक्षा प्रदान गरेको हुँदा सोही कारणबाट त्यसवेलादेखि यस ठाउँको नाउँ

१.प्रपन्नाचार्य डा. स्वमी -'वेदमा के छ ' रू ०३५

CC-0. In Public Domain. Digitization by eGangotri

भएको र यो 'खस' भाषासँग समेत यसको समान अर्थ हुँदा नेवार "बाघलुङ" रहन गएको हो भन्ने जनश्रुति छ। जुन ठाउँमा पार्वतीले तपस्या गरेकी थिइन्, तिनै ठाउँमा पाल्पाका राजा मणि मुकुन्दसेनले पर्वतका राजा नागबम् मल्लका छोरा पञ्चम् प्रतापी राजा नारायण मल्लसँग आफ्नी छोरी विश्रवा सेन [1]लाई वि.स. १९९१ मा विवाह गरी दिँदा दाइजोका रूपमा ल्याइएका "महाकाली, महालक्ष्मी र महासरस्वती" का यी तीन मूर्तिहरू वि.सं. १५९१ सालमा नारायण मल्लद्वारा उक्त स्थामा स्थापना गर्न लगाइएको थियो भन्ने इतिहास साक्षी छ। यसबाट यस क्षेत्रको ऐतिहासिक महत्त्व वा आफ्नै प्रकारको सांस्कृतिक विशेषता रहेको देखिन्छ।

१३. विक्रमाब्दी सोह्रौं शताब्दीको अन्त्यतिर पाल्पाका राजा मणिमुकुन्द सेनले पर्वतका राजा प्रतापी नारायण मल्लसित आफ्नी छोरी विश्रवादेवी सेनलाई विवाह गरिदिदा कालिका देवी (इष्ट देवता) लाई दाइजो दिइ पठाएका थिए। तसर्थ सोही समयदेखि कालिका देवीको नाउँबाट कालिका भगवती भई त्यसपछि त्यसैको 'कालिक पंचायत' को नामकरण पनि भएको थियो भने आ.व. २०५४/२०५५ देखि उक्त तत्कालीन कालिका पंचायतबाट पनि बागलुङ नगरपालिकामा परिणत भएको छ [2]।

१४. वाङ-लुङ -मगर भाषामा "वाङ" को अर्थ पहरा र "लुङ" को अर्थ ढुङ्गालाई जनाउँछ। यस अर्थमा यस भेगमा प्राचीन कालमा अधिकांश मात्रामा मगरजातिकै बसोवास भएको वा मगर जातिको बाहुल्य रहेकाले पनि यसलाई मगरभाषासँग जोडिएको पाइन्छ, किनकि बागलुङको प्रायः सबै ठाउँहरूमा ढुङ्गै-ढुङ्गा वा ठूला साना पहरै पहराहरू मात्र भएकाले पनि यस क्षेत्रलाई उक्त भनाइसित नजिक्याउन सकिन्छ। यसबाहेक बागलुङ नगरपालिकाको सामिप्यमा रहेको "लुङ-

१. खड्का, दिप वहादुर - मेरो आत्म-कथा -२०५४, पृष्ठ - १५०

२. २०५४/२०५५ मा वागलुङ नगरपालिकाको रूपमा मान्यता प्राप्त।

CC-0. In Public Domain. Digitization by eGangotri

गाउँ" (लौगाउँ) भन्ने ठाउँमा विशेषत मगर जातिकै बढी बसोवास भएको थलो मानिन्छ। त्यस ठाउँको आसपासमा पाइने कर्नासे छपनीसँग त्यहाँका मगरहरू अहोरात्र भिडिरहने (दिनचर्या) भएकाले पनि उक्त शब्दसँग तारतम्य मिल्न आउँछ। यसर्थ वाङ-लुङ शब्दको अपभ्रंश भई यस्तो सम्बन्ध वा साइनो रहेको कुराले पनि यसको नाउँ बागलुङ रहन गएको देखिन्छ।

१५. बागलुङ शब्द सुरूमा ब्याघ्रलुँ वा ब्याघ्रलुङ हुँदै "बाग्लुङ्ग" बाट पनि वर्तमान समयमा "बागलुङ" भएको हो भन्ने यस पंक्तिकारको मूल धारणा छ, तर जे होस् कथ्यभाषामा बागलुङलाई "बाग्लुङ्ग" भनी उच्चारण गर्ने गरिन्छ तापनि लेख्य (स्तरीय) भाषामा "बा-ग-लु-ङ" को वर्ण र स्वर लिपिबाट प्रस्ट रूपमा छुट्टिने गरी एउटै शब्द "बागलुङ" लेखिनुपर्दछ भन्ने यस पङक्तिकारको राय छ।

१६. बागलुङ शब्दको व्युत्पत्तिका सम्बन्धमा प्रस्तुत उपर्युक्त पौराणिक, धार्मिक, ऐतिहासिक, र शाब्दिक आधारमा व्याख्या गरेर एउटा अकिञ्चन धार्मिक थलोबाट प्रारम्भ भएर हालको स्थितिमा बागलुङ बजार, बजारबाट बागलुङ नगरपालिका, नगरपालिकाबाट बागलुङ जिल्लाको नामले ५९ बटा गा.वि.स. र एक नगरपालिकाको सिङ्गो स्वरूप यो बागलुङमा परिणत भएको छ। तसर्थ कालक्रम अनुसार नेपाल राष्ट्रको विभिन्न प्रसिद्धि प्राप्त गण्डकी,उच्च हिमाल, स्थान विशेष तथा राष्ट्रिय विभूति आदिलाई वढी महत्त्व प्रदान गरेर पहिलेका र पछिकाले पनि सोही आधारमा नाम राखेका र नामकरणसमेत गर्ने गरेको प्रशस्त प्रमाण अद्यावधि पाइनु र हुनु यसको राम्रो लक्षण मान्नुपर्दछ।

१७. बागलुङ नगरपालिका साविक मूलपानी गाउँ विकास समिति वडा नं. ५,६ र ७ गैरागाउँढिकीचौरको आसपासमा "बगलुङ" भन्ने ठाउँको नाउँ छ। तिनै बगलुङ ठाउँको नामबाट बागलुङ नामकरण

१. पूर्ववत्।

ACC No 26182

CC-0. In Public Domain. Digitization by eGangotri

भएको बुझिन्छ ।

१८. सो सम्बन्धमा विभिन्न विद्वान्हरूका अनुसार भोट-चिनिया परिवारका भाषामा स्थानका नामकरण गर्दा"ङ" वर्णको प्राधान्य रहेको पाइन्छ । नेपालीमा 'ङ" वर्ण हुनु भोट-चिनियाको प्रभाव हो । मगरभाषाअनुसार बागलुङ, बुर्तिबाङ, दुर्लुङ, पाङ, तित्याङ, गल्याङ, लमजुङ,पालुङ, आदि जस्ता स्थानवाची नामको अन्त्यमा 'ङ' वर्ण भएकाले बागलुङ जिल्लामा बसोवास गर्ने आदिवासी मङ्गोलियन थिए भन्ने कुराको पुष्टि पनि यसबाट हुन आउँछ ।

उल्लिखित पौराणिक आख्यान् तथा ऐतिहासिक तथ्यहरू कहाँसम्म वास्तविक सत्यताको अंशमा आधारित छन् ? ती त अनुसन्धानका विषय हुन्, परन्तु समग्रमा भन्नुपर्दा पौराणिक किंवदन्ती र विकसित सांस्कृतिक चेतनाको कारणले गर्दा पनि "बागलुङ" शब्दको व्युत्पत्ति स्वयंम् सार्थक, औचित्यपूर्ण एवं गरिमामय भएको स्वतः सिद्ध हुन आउँछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सांस्कृतिक सम्पदाका दृष्टिमा बागलुङको लोकनृत्य तथा मठ-मन्दिर

२.११ पृष्ठभूमि

नेपालमा राष्ट्रव्यापी रूपमा वर्षभरि मनाइने साना ठूला चाड-पर्व उत्सव, जात्रा, दिवस जयन्ती आदिलाई छाडेर धवलागिरि अञ्चलभित्र पर्ने बागलुङ, म्याग्दी, पर्वत र मुस्ताङ यी चार जिल्लामा स्थानीय तथा जातीय विशेषतामा आधारित प्रत्येक वर्ष मनाइने प्रचलित लोकनृत्य, लोकसंस्कृति, मठ-मन्दिर, मेला पर्व, उत्सव मनाउने गर्दछन्। आ-आफ्नो कुलाचर, रीति-रिवाज तथा धर्मानुसार आजा-पूजा, नाच गान, भजन-कीर्तन आदि परापूर्वकालदेखि परम्परागत रूपमा मनाउने गर्ने गर्दछन्। समष्टिगत रूपमा यो संस्कृति संमिश्रण र समन्वयको द्योतक पनि हो। अर्को शब्दमा धार्मिक सहिष्णुता र जातीय सामन्जस्यताको परिधिमा रही आ-आफ्नो संस्कृतिको परिचय प्रस्तुत गर्नु हो। यिनै मूल मानयतालाई ध्यानमा राखी धवलागिरि अञ्चलका लोकनृत्य, लोकसंस्कृति, मेला पर्व, उत्सव आदि महत्त्वपूर्ण सांस्कृतिक सम्पदाहरूको संक्षिप्त परिचय दिई यो आलेख प्रस्तुत गरिएको छ। यिनै क्रममा बागलुङ जिल्लाको लोकसंस्कृतिको झलक यसप्रकार छ

२.१२ बागलुङ बजार

बागलुङ बजार, धवलागिरि अञ्चल, बागलुङ जिल्लाको सदर मुकामको मुख्य बस्ती मानिन्छ। भौगोलिक दृष्टिकोणले यो ठाउँ चारैतिरबाट उतुङ्ग पहाडहरूले घेरिएर त्यसको ठीक बीचमा फैलिएको सानो, आकारमा केही समथर र केही मैदानी भागमा नेपालको आकृति जस्तो देखिन्छ। यसको पूर्वतिर पवित्र कृष्णाकण्डकी र दक्षिण-पश्चिम दिशाबाट काठेखोला बगेका छन्। पूर्व र दक्षिण मध्य खण्डमा यहाँको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध भगवती माईको मन्दिर अवस्थित छ । बागलुङ बजार पूर्व र पश्चिम पर्ने मूल बाटोमा परेतापनि यहाँबाट नेपालका सवै ठाउँहरूमा सजिलोसँग आवत-जावत गर्न सकिन्छ । मित्रराष्ट्र चिनिया सरकारको मैत्री एवं भावनात्मक सहयोगबाट ७२ किलोमिटर सडक निर्माण भएबाट यस ठाउँको विकासमा नयाँ काँचुली फेरिन गएको छ । यो समुन्द्री सतहदेखि करिव ३३०० फिट उचाइमा रहेको हुँदा यहाँको हावापानी सदा अनुकूल रहेको पाइन्छ । नेपालको पश्चिमी जिल्लाहरूमा पुरानो र व्यवस्थित बनेका वजारहरूमध्ये बागलुङ बजार नै मुख्य र पहिलो मानिएको छ । बजार एरियामा किरव ७००/८०० घरकुरियाले टम्म भरिदैगएको छ । यहाँ करिव ४०/५० प्रतिशत नेवारजातिले बसोवास गरेका छन् भने बाँकी अन्य जातिको घर-कुरिया रहेको पाइन्छ । यहाँका नेवारहरू विभिन्न कारणले भादगाउँबाट आएका थिए । यी नेवार जातिको मुख्य व्यवसाय ब्यापार हो । तर आंशिक रूपमा जागिरलाई पनि पेशाका रूपमा स्वीकारेका छन् ।

शैक्षिक क्षेत्रमा यस ठाउँले अञ्चलको अग्र भूमिका निर्वाह गरेको छ । विद्यामन्दिर हाइस्कुल (१९९७), वि.म. पुस्तकालय(२००३), ज्ञानोदय भगवती पुस्तकालय (२०१०) र रत्न-श्रेष्ठ पुरस्कार पुस्तकालय (२०३७) यसका ज्वलन्त उदाहरण हुन् ।

बजार क्षेत्रमा विशेष गरेर नेवार जातिको नै बाहुल्य रहेको पाइन्छ। यहाँ प्राचीन समयदेखि यस जातिले आ-आफ्नो लोकसंस्कृतिलाई पूर्ण रूपमा संरक्षण र जर्गेना गर्न सकेको छ । सांस्कृतिक र ऐतिहासिक दृष्टिकोणबाट यस ठाउँले आफ्नै किसिमको गौरवमय इतिहास बोकेको छ । बागलुङ बजार, बागलुङ जिल्लाको केन्द्रविन्दु बन्न पुगेको छ ।

१.१३ कालिका भगवतीको मन्दिर

कालिका भगवती मन्दिर (माई) बागलुङ जिल्लाको सदर मुकाममा अवस्थित छ । बागलुङ नगरपालिका वडा नं. १ क्षेत्रभित्र पर्ने अर्थात

CC-0. In Public Domain. Digitization by eGangotri

बजारको नजीक आग्नेय दिशामा अवस्थित घना जङ्गलको बीचमा स्थापित मन्दिरमा महाकाली, महालक्ष्मी र महासरस्वतीका मूर्तिहरू पर्वत मल्लाजका प्रतापी राजा नारायण मल्लले प्रतिष्ठापन गरेका थिए। उक्त मूर्तिहरू वि.सं. १९९१सालमा पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरी पर्वत मल्लाज राज्यका राजकुमार नारायण मल्लसँग विवाह गरी दिँदा आफ्नी छोरी विश्रवा सेनको इच्छामुताविक पूजा गर्न दाइजोका रूपमा दिएका थिए। जुन ठाउँमा तीवटा देवीका मूर्तिहरू स्थापना गरिएका छन्। तिनै ठाउँमा (पौराणिक ग्रन्थ अनुसार) पार्वतीले तपस्या गरेकी हुँदा शिवजीको मूर्तिसमेत स्थापना गरिएको पाइन्छ। यस्तो हुनुको मूल कारण हो, पार्वतीले तपस्या गरी बस्दा शिवजी सो ठाउँमा आई प्रशनतापूर्वक "आजदेखि तिमी पार्वतीबाट भगवती भए" भनी बरदान दिइएको हुँदा सो बेलादेखि पार्वती भगवतीका स्वरूपमा अवतरित भएकी थिइन् भन्ने किंम्बदन्ती छ। त्यसो भएको हुनाले यो ठाउँको नाउँ कालिका-भगवती माइस्थानको नामले प्रसिद्ध छ। यहाँ प्रत्येक वर्षमा पर्ने दुईवटा दशैंमध्ये चैत्राष्टमीको दिनमा ठूलो मेला लाग्छ। घटस्थापनादेखि नवमीका दिनसम्म श्रद्धालु भक्तजनहरूको निकै घुइँचो लाग्छ। चैत्राष्टमीको अवसरमा नवमीका दिन देवीका मूर्तिहरू खट (काठको मन्दिर रथ) मा राखी शोभा-यात्रा गराइन्छ।

२.१४ कालीगण्डकी

नेपालको उत्तरी हिमवत् क्षेत्र मुस्ताङ जिल्लाको दामोदर कुण्ड, 'ध्ये खोला' बाट निरन्तर रूपमा शालिग्रामका साथ म्याग्दी, पर्वत र बागलुङ जिल्लालाई स्पर्श गरी गुल्मीको किनारै किनार हुँदै नारायणी (सप्त गण्डकी) मा मिसिन गुगेकी कृष्णा गण्डकीको आफ्नै पौराणिक महिमा छ। बागलुङ बजारको पूर्व दिशाको कृष्णा गण्डकीको किनारमा प्रत्येक वर्ष शुक्ल एकादशीका दिन हिन्दु धर्मावलम्वीहरूको ठुलो जात्रा लाग्छ। तोरण तार्ने र गौदान गर्ने आदि कार्यबाट मुक्ति प्राप्त गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

सकिन्छ भन्ने जनविश्वास भएको पाइन्छ । यस ठाउँलाई बागलुङबासीको मुख्य निरहेघाटका रूपमा मानिएको छ ।

१.१५ घुम्टेको लेक

घुम्टेको लेक बागलुङ जिल्ला हरिचौर गा.वि.समा पर्दछ । यस घुम्टेको लेकमा सिद्धेश्वरदेवको मन्दिर छ । यहाँ श्रीपंचमी र जनैपूर्णिमाको दिनमा मेला लाग्दछ । सो समयमा आसपासका मानिसहरू भेला भएर एक आपसको बीच आ-आफ्नो लोक संस्कृति झल्किने गरी लोक-गीतको लहर चल्छ ।

२.१६ जङ्गेश्वरमहादेव

बागलुङ जिल्लाको सदरमुकाम बागलुङ नरपालिका वडा नं. १ स्थित पूर्व दिशातर्फ काली (कृष्णा गण्डकी) को तटमा यो मन्दिर अवस्थित छ । वि.सं. १९०३ साल पश्चात् राणा वंशका प्रथमप्रधानमन्त्री श्री ३ महाराज जङ्गबहादुरराणद्वारा आफनो नाम जोडी महादेवको नाउँमा 'जङ्गेश्वर महादेव' रहेको हो । यहाँ प्रत्येक वर्ष कार्तिक, मंसीर महिनामा पर्ने ठूलो एकादशीको दिन मेला लाग्दछ । सो जङ्गेश्वर मन्दिरबाट करिव १०० फुट पश्चिम दिशातर्फ भगवान् लक्ष्मीनारायणको मन्दिर पनि निर्माण भएको छ । सो मन्दिरभित्र वीरशाली पन्तका पूर्व पूर्खाहरू भारतबाट मुक्तिनाथको दर्शन गर्न आउँदा वास परेको र सो ठाउँलाई मन पराएको कुरा सोही ठाउँको शिलालेखबाट प्रमाणित हुन्छ ।

२.१७ चैत्राष्टमीको मेला

बागलुङका प्रसिद्ध मेलाहरूमध्ये एक प्रमुख मेला चैत्राष्टमीको मेला पनि हो । प्रत्येक वष चैत्राष्टमीदेखि पूर्णिमाको दिनसम्म यहाँ ठूलो मेला लाग्दथ्यो तर हाल यसको विविध कारणले गर्दा यो मेलाको क्रम

CC-0. In Public Domain. Digitization by eGangotri

छोट्टिदै गएको देखिन्छ । मेला हेर्न नेपाल राज्यका विभिन्न शहरी क्षेत्रबाट व्यापारीहरू आउने गर्दथे, तर पहिलेको तुलनामा हाल विभिन्न कारणले गर्दा यसको महिमा कम भएर गएको पनि देखिन्छ तापनि परापूर्वकालदेखि यो क्षेत्रलाई लोकसंस्कृतिको केन्द्रको रूपमा लिने गरिन्छ ।

२.१८ जैमुनेश्वर शिवमन्दिर (ज्यामिरघाट)

जैमुनिघाट जैमुनि ऋषिले तपस्या गरी बसेका हुँदा सोही ऋषिको नाउँबाट यो ठाउँको नाम रहन गएको हो । यो बागलुङ जिल्ला, कुश्मीसेरा गा.वि.स वडा नं. १ पूर्वी खण्डको ठेउलेखोला र कृष्णगण्डकीको दोभानमा अवस्थित छ । यो ठाउँ धार्मिक दृष्टिकोणले पवित्र तीर्थस्थल मानिन्छ। यस गाउँमा अर्थात् कृष्णा गण्डकीको तटमा अवस्थित शंङ्खशिला, दर्पणाकार, देवशिला आदि नामका शिलाहरू पाइन्छन् । पुराणका आधारबाट जैमुनि ऋषिले तपस्या गरि वसेको हुँदा यहाँ "जैमुनि-गुफा" पनि छ । यस पवित्र तीर्थस्थलमा प्रत्येक सालको माघे संक्रान्तिका दिन ठुलो मेला लाग्दछ । यस ठाउँबाट पर्वत फलेवासबाट पैदल हुँदै पाल्पा, बुटवल आदि ठाउँमा जानेआउने पनि गर्ने गर्दछन् ।

२.१९ ढोरपाटन

नेपालको प्रसिद्ध ठाउँहरूमध्ये बागलुङको ढोरपाटनको नाउँ पनि आउँछ । यो बागलुङ जिल्ला बोबाङ गा.वि.स.मा पर्दछ । तुलाचन धुरी यसै गाउँको आसपासमा पर्दछ । उत्तरगंगाको बराहस्थानमा वर्षको एक पटक जनैपूर्णिको दिन मेला लाग्दछ । हिन्दूहरूको आराध्य देवता पशुपतिनाथको अगाडिपट्टि साँढेको मूर्ति भएजस्तै यहाँ पनि एउटा ठूलो साँढेको मूर्ति स्थापना गरिएको छ । यस ठाउँमा पूर्व दिशाबाट उत्तर दिशातिर निरन्तर बगिरहने गंगा भएकोले उत्तरगंगाको नाउँले पनि यो चर्चित हुन पुगेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.२० राजकूट

बागलुङ जिल्लाको पश्चिम भेकमा पर्ने राजकूट गा.वि.सको नामले यो प्रसिद्ध छ। यो गाउँ विकास समिति क्षेत्रभित्र स्थापित अर्वाकोटको भगवतीको मन्दिरमा प्रत्येक वर्षको हरितालिका (तीज) र चैत्र दशमीका दिन पनि यहाँ मेला लाग्दछ। सदर मुकाम बागलुङ बजारबाट यस ठाउँमा पुग्न करिव तीन दिन (हिँडेर) जति लाग्छ। दुर्गम क्षेत्रमा पर्ने यो मेलाको आफ्नै महत्त्व देखिन्छ।

२.२१ संसारकोट

संसारकोट[1] बागलुङ नगरपालिका वडा नं. ७ मा पर्दछ। संसारकोट घुम्टेको उच्च पहाड पछिको दोस्रो उचाइमा पर्ने शिमलेचौर नुवारा गाउँबाट करिव ८००० फुट अग्लो थुम्कोमा अवस्थित छ। प्रचार-प्रसारका दृष्टिले यो पछि परेको छ तापनि पर्यटकीय दृष्टिले यसलाई अति आकर्षण थलोका रूपमा लिन सकिन्छ।

२.२२ बराङ्कोट

बागलुङ जिल्लाको ५९ गा.वि.स. अन्तर्गत सो जिल्लाको पश्चिम भेक हुग्दीशिर धुँल्लुवास्कोट गा.वि.स.को मध्य खण्ड "बरेङ" भनिने ठाउँमा बराङ्कोटको मन्दिर स्थापना गरिएको छ। सो मन्दिरभित्र मूल रूपमा "खड्ग" सहितका अन्य मूर्तिहरू स्थापना गरिएका छन् बागलुङका महाकाली माईका रूपमा अर्को मूर्तिसमेत स्थापना गएको छ। उक्त देवीदेवताको विजया दशमी र चैत्र महिनामा पर्ने अर्को दशैं अर्थात् वर्षमा दुईवटा दशमीको अवसरमा सो अवधिभर मेलापात लाग्ने गर्दछ। त्यस अवसरमा पाठपूजा गर्नुका अतिरिक्त विभिन्न लोकगीत, लोकनृत्यहरूसमेत नचाइने गरिन्छ। त्यस बखत यस ठाउँमा बागलुङ जिल्लाबाहेक लुम्बिनी अञ्चलका श्रद्धालु भक्तजनहरूसमेत आजापूजा, पाठपारायण गर्न र मेला भर्न आउने गर्दछन्।

CC-0. In Public Domain. Digitization by eGangotri

२.२३ कारिकोट

कारिकोट मालिका गा.वि.स. अन्तर्गत पर्दछ । यो कारिकोट समुन्द्र सतहबाट करिव ४ हजार ५ सय फिट उचाइ (लेक) मा पर्दछ । यस ठाउँमा सल्लाका अनगिन्ती रूखहरू पाइन्छन् । गर्मीको समयमा भुरे राजा यहाँ बस्दथे भने जाडो याममा बागलुङ उपल्लाचौरस्थित आफ्नो दरवार (निवासस्थान) मा आई बस्ने गर्दथे भन्ने प्रमाण फेला पर्न थालेका छन् । कारिकोटमा एउटा शिवको मन्दिर पनि छ । हरेक वर्ष विशेष गरेर हरितालिकाको अवसरमा यहाँ मेला लाग्दछ । ऐतिहासिक दृष्टिकोणले यो ठाउँको महत्त्व र यसको खोजी गर्नु आवश्यक देखिन्छ ।

२.२४ विहूँकोट

विहूँकोट विहूँ गा.वि.स. वडा नं १ अन्तर्गत पर्दछ । सो ठाउँको ऐतिहासिक मान्यता अनुसार वि.स. १६ औँ शताव्दीताका भारतका मुसलमानी शासकहरूको शासनकालमा भारतको कुमाउगढतिरबाट महादेव पाध्या नाउँका एक जना ब्राह्मण नेपालको जुम्ला हुँदै गल्कोट राज्यमा आईपुगेका थिए भनिन्छ। केही समयपछि उनी गल्कोटे राजाको सल्लाहबमोजिम विहूँ स्थित घोडा बान्ने (गल्कोटे राजा आवत जावत गर्दा घोडा बान्ने गर्ने गर्थे) भन्ने घना-जंगलको बीचमा आई बास बसेका थिए जुन ठाउँमा बास परे बास परेको रातलाई त्यहाँका बासिन्दाहरूले "लामराति" को नाउँ लिने गर्दछन् । तिनै ठाउँको बीच खण्डमा पर्ने विहुँ (थुम्को जग्गा) मा स्थानीय बासिन्दाहरूको सहयोगमा उनले त्यस बेलाको देवीको मन्दिर स्थापना गरेको हुँदा त्यस बेलादेखि विहूँकोटको नाम रहन गएको हो भनी स्थानीय बासिन्दा भन्ने गर्दछन् । उक्त ठाउँबाट केही दूरीको फरक पारि दुईवटा देवीका मन्दिरहरू (कोट) बनाइएको पाइन्छ जसलाई उपल्लोकोट र तल्लोकोटको नाउँले चिनिन्छ । यी दुवै मन्दिरभित्र एक/एक वटा "खड्ग" र मूर्ति प्रतिस्थापना गरेकाले

१ कोहको अर्थ : ऐतिहासिक भाषामा साना-तिना राज्य वा भुरे राजाका पालाको गढलाई जनाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस वेलादेखि प्रत्येक वर्षको विजयादशमीको अवसरमा अर्थात् नौ दिनसम्म विशेष रूपमा पाठ-पूजा बा भाकलसहित वलि पनि दिइने प्रथा अद्यापि चलेको पाइन्छ। त्यसबाहेक अन्य मासहरूमा प्रत्येक मंगलवार र शनिवारको दिन पूजा गरिने चलन पनि कायमै छ। विहूँकोटमा पूजा, पाठ, भाकल वा बलि चढाइनु पर्दा उक्त दुवैकोटको नाउँमा बेग्लाबेग्लै गरी चढाउनुपर्दछ। अन्यथा जुन कामले कामना गरिएको हो त्यो काम सिद्ध नहुने जनविश्वास छ। त्यसैले त्यहाँ जानेले दुवै कोटको नाउँमा पूजा गर्ने गर्दछन्। अर्को कुरा मन्दिरभित्रको "खड्ग" वर्षको उक्त अवसरमा १ चोटि मात्र सार्वजनिक रूपमा वाहिर ल्याई देखाउने चलन अद्यापि छ।

२.२५ रामकोट (राङ्कोट)

बागलुङ जिल्लाको सदरमुकामबाट ६ कोष पशिचममा पर्ने विहुँ गा.वि.स.को माथिल्लो खण्ड रामकोट स्थानमा अवस्थित छ। यसको संरक्षण १००८ आवाल ब्रह्मचारी ब्रहमलीन स्वामी परमानन्दको संरक्षकत्वमा त्रिपुरेश्वर महादेवको मन्दिर स्थापना गरिएको छ। प्रत्येक दिन वेदध्वनिसहित पूजा-पाठ र आराधना गन्छि। यस मदिरको परिसरमा "वेद वेदाङ्ग संस्कृत पाठशाला" समेत संचालन गरिएको छ।

२.२६ बऱ्याङ्को दह

बागलुङ जिल्ला पातले गा.वि.स. वडा नं ७ अन्तर्गत पर्दछ। यो दहको लम्बाइ-चौडाइ करिव २०० सय मिटरको चारपाते आकारको छ। सो दह नागहरूको निवास मानिन्छ। प्रत्येक वर्षको बैकुण्ठ चर्तुदशीको दिन दहको धुरीमा रातभरि जात्रा लाग्दछ। एकचोटि नागराजा गल्कोटकी बुढी आमालाई भुक्याई आफ्नी छोरी नाग (सर्प) सँग विवाह गरी दिएकी हुँदा बुढीआमाले नागराजालाई "तिमीले अर्को रूप फेर्न नमिलोस् जहाँ

CC-0. In Public Domain. Digitization by eGangotri

गए पनि सर्पको रूपमा जानु परोस् र जवसम्म वनमा न्याउली रूनेछ, त्यस बेलासम्म श्राप रहिरहेनेछ" भनी सराप दिई उनी मरिछन् भन्ने किम्वदन्ती छ। तसर्थ त्यस बेलादेखि सो दहको महत्त्व झन् बढेको पाइन्छ।

२.२७ भैरवस्थान मन्दिर

भैरव मन्दिर बागलुङ जिल्लाको अमलाचौर गा.वि.स.मा पर्दछ। दिनहुँ भैरवस्थानको लोकप्रियता बढेको छ। यो मन्दिर अमलाचौर गा.वि.स.को उच्च डाँडा (थुम्को) मा अवस्थित छ। भुरे राजाको पालामा राजगरी रहेको यो मन्दिर नजिकैमा कोट नामको कोटघर छ जहाँ विजया दिशमीको अघिल्लो दिन निकै ठूलो मेला लाग्दछ। विशेष गरी बोकाको बलि चढाउने र मन्दिरको दर्शन गर्नेहरूको मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास छ। यसको आसपासमा २-४ वटा सत्तल पौवा पनि छन्। यहाँ प्रत्येक भाद्र महिनाको पहिलो मंगलवारको दिन ठूलो मेला लाग्ने गर्दछ भने बाहै महिनाको पहिलो मंगलवार र शनिवारको दिनमा घाम ढलकन थालेपछि मात्र सम्पूर्ण भक्तजनहरूबाट ल्याइएका पूजा सामाग्रीहरू बटुली क्रमशः पूजा आजा तथा भाकल (शुद्ध संकल्प) र बलि चढाइने प्रथा अद्यापि प्रचलित छ। धार्मिक दृष्टिकोणले यसलाई काल भैरवको प्रतीकका रूपमा मानिएको पाइन्छ।

२.२८ शोलेको धुरी

पश्चिम पहाडी गाउँहरूमा यतिको अग्लो धुरी अन्य ठाउँहरूमा कतै पाइदैंन। यो धुरी समुन्द्रको सतहबाट करिव ५ हजार फुट उचाइमा रहेको अनुमान गरिएको छ। यसको चुचुरोबाट राजधानी (काठमाडौं) का डाँडाकाँडाहरू देख्न सकिन्छ भन्ने विश्वास छ। शोलेको धुरी, बागलुङ जिल्ला, गल्कोट क्षेत्रभित्र पर्दछ। उसको चुचुरोमा पुग्न निकै कठिनताको महसुस गर्नुपर्दछ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.२९ गल्कोट

गल्कोट ऐतिहासिक र सांस्कृतिक दृष्टिले सुपरिचित ठाउँको नाउँ हो। शहीद थीरबम मल्लजस्ता व्यक्ति यस राज्य (रजौटा) का सपुत नागरिक थिए। श्री ५ त्रिभुवन वीरविक्रम शाहदेवको सुपुत्री अधिराजकुमारीको गलकोटे राजा भरतबम मल्लसंग विवाह भएको थियो। नेपाल राज्यको एउटा सानो रजौटाको रूपमा शासित प्रदेश वा भत्ता खान पाउने गरी यहाँका राजाहरूले शासन गर्ने गर्दथे। यो परम्परा आजसम्म पनि कायमै छ। यस ठाउँको परिचय आफ्नै किसिमको रहेको इतिहास साक्षी छ। यस ऐतिहाकि ठाउँमा विभिन्न किसिमका सांस्कृतिक चाड पर्व मनाइन्छ, यसलाई लोकनृत्य र लोकगीतको अपूर्व स्थल मानिन्छ।

२.३० हनुमान नाच

बागलुङको प्राचीनतम लोकनृत्यहरू मध्ये एक प्रमुख लोकनृत्य हनुमान नाँच मानिन्छ। यहाँका नेवार जातिहरू भक्तपुरबाट विभिन्न उद्देश्यले विभिन्न समयमा आएको मानिन्छ। सो समयदेखि तिनीहरूलद्वारा आफ्नो संस्कृतिका रूपमा उक्त नृत्य प्रस्तुत गर्न थालेको पाइन्छ। एक चोटि यो नृत्य बेजोड वर्ष पारी अर्थात् ३, ५, ७, ९ वर्षको फरकमा निकाल्ने गरेको पाइन्छ। एक चोटि यो नृत्य १३ वर्ष पछि मात्र निस्केको थियो। शुरू-शुरूमा चौधरी खलकहरूले निकाल्ने गर्दथे भने केही वर्ष पहिले (२०४६) देखि संस्थागतरूपमा सञ्चालन गर्न यसको एउटा छुट्टै हनुमान नाँच संरक्षण परिषद गठन गरी सो संस्थाद्वारा सञ्चालन गर्ने गरिएको छ। बागलुङ बजारदेखि पश्चिमपट्टि करिव ५०० मिटर टाढा करालो भीर पाखामा हनुमानको आकृतिको विशाल मूर्तिको साथमा स-साना २ वटा मूर्ति पनि राखिएका छन्। यहीबाट हनुमान नाँचको थालनी हुन्छ र यही ठाउँमा आएर कार्यक्रम विसर्जन हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.३१ नागनागिनी नृत्य

नागनागिनी नृत्यलाई प्राचीन लोकनृत्यका रूपमा लिइन्छ । प्रत्येक वर्षको गाईजात्राको पर्व पारी सो दिनमा नचाइने गरिन्छ । नागको भेष-भूषामा स्थानीय युवाहरूको सक्रियतामा यो नृत्य नचाइने परम्परा थियो । हाल विभिन्न कारणले गर्दा यो नृत्य लोप भइसकेको छ तर पौराणिक आधारमा आधारित यस नृत्यले सांस्कृतिक सम्पदामा थप सघाउ पुऱ्यएको थियो ।

२.३२ भोटेशेलो नृत्य

प्राचीन लोकनृत्यहरूमध्ये भोटेशेलो नृत्य पनि एक हो । चीन र तिव्वतीहरूको बीचमा परापूर्वकालदेखि सांस्कृतिक क्षेत्रमा आ-आफ्नो संस्कृति एकापसमा आदान प्रदान गर्ने चलन चलिआएको पाइन्छ । विशेष गरिकन मुस्ताङ हुँदै नेपालका विभिन्न पहाडी जिल्लामा प्रवेश गरेको पाइन्छ । सोही सिलसिलामा केही तिब्वतीहरू मुस्ताङ, म्याग्दी र बागलुङमा पनि आउने गरेको हुँदा उनीहरूद्वारा बागलुङ बजारमा आफ्नो लोकसंस्कृतिहरूमध्ये भोटेशेलो नृत्य नचाएको कुरा यहाँ बताइन्छ । सोही नृत्यको सिको गरी बागलुङका नेवार तथा शाक्य जातिले आफनो संस्कृतिमा परिणत गराई उक्त भोटेशेलो नृत्य नचाइने परम्परा कायम भएको हो। यो नृत्य प्रत्येक वर्षको जनैपूर्णिमादेखि कृष्णाष्टमीको दिनसम्म नचाइने चलन छ तर हाल यो नृत्य लोप भइसकेको छ ।

२.३३ जोगी नाच

यो नाच विभिन्न प्राचीन नृत्यहरूमध्ये एक मानिन्छ । बागलुङ बजारका स्थानीय युवाहरू जोगीका भेषभूषामा सिंगारी प्रत्येक वर्षको गाईजात्राको उत्सवमा र कृष्णाष्टमीको अवसर पारी नाच्ने नचाइने चलन छ । यो नृत्य उक्त समयमा मात्र नचाइन्छ अरू बेलामा नचाइने प्रचलन पाँइदैन । नृत्यको विभिन्न तालहरू छन, जुन तालमा नाच्ने

CC-0. In Public Domain. Digitization by eGangotri

थाल्दा मानौ पूर्ण रूपमा शिवजी अवतरित भएको विश्वास यहाँका मानिसले लिने गर्दछन ।

२.३४ लाखे नाच

लाखेनाच-लखी राक्षसी (भिमासुर निशाचरकी पत्नी) को प्रतीक मानिन्छ। भिमासुर राक्षसलाई बध गर्दा पतिको वियोगमा तत्पिदै विह्वल भएको अवस्थालाई नेवारजातिले आफ्नो संस्कृतिमा परिणत गराई सो बेलादेखि लाखे नाच नचाउन थालेको पौराणिक आधारबाट स्पष्ट हुन्छ । तद्अनुरूप बागलुङका विभिन्न ठाउँहरूमा पनि यो नाच प्रत्येक वर्षको गठेमङ्गलको पुतला जलाउँदाको दिनदेखि तीजतक नचाइने प्रचलन कायम छ । बागलुङमा मूलतः शाक्य खलक अर्थात् बौद्धमार्गीहरूद्वारा मात्र उक्त समयावधिमा नचाइने गरिन्छ ।

२.३५ रोपाई नाच

बागलुङ बजारमा भदौरे नाचको प्रसिद्धि छ । यो नाच स्थानीय युवक युवतीहरूद्वारा भेषभूषामा सिंगारिएर प्रत्येक वर्षको जनैपूर्णिमादेखि कृष्णाष्टमीको अवधिको मुख्य दिन पारी नचाइन्छ । यस नाचको मुख्य उद्देश्य हो । स्थानीय युवकहरूको प्रेमालाप लोकगीतको माध्यमबाट युवतीहरूलाई झड्का हान्ने हिसावले यो नाच नचाइने गरिन्छ । सो समयमा वातावरण निकै रौनक देखिन्छ । यो नाच शाक्य वर्ग र नेवार समुदायको बीचमा प्रतिस्पर्धात्मक रूपमा नचाइन्छ ।

२.३६ बौद्ध विहार

बागलुङ नगरपालिका बडा न. ३, बौद्ध चोक, नयाँ बजारमा अवस्थित भगवान् बुद्धको सुन्दर मूर्ति प्रतिस्थापना गर्नुभन्दा पहिले यहाँ शिव र विष्णुको मूर्ति स्थापना गरिएको भए तापनि वि.सं. २००८ सालमा स्थानीय सेवी रामलाल शाक्यद्वारा आफ्नो स्व.पिता जनकलाल शाक्यको स्मृतिमा भगवान बुद्ध स्तुप वनाई बौद्ध विहारको निर्माण

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको थियो। उक्त बौद्ध विहारको आफ्नै गुठी छ। गुठी मार्फत् विभिन्न लोक संस्कृति मूलक लोकनृतय व्यवस्थित रूपमा संचालन गर्ने गरेको छ। बैशाख पूर्णिमाको दिन भगवान् बुद्धको भव्य शोभा (रथ) यात्रा विशेष प्रकारले चलाइन्छ। बौद्ध विहारको आफ्नै विशाल भवन निर्माण भइसकेको छ। हाल यहाँबाट सम्पूर्ण क्रियाकलाप गर्ने गरिन्छ।

२.३७ सिद्धिविनायक जोरगणेश

बागलुङको पुरानो माझकोट टोलको मध्य भागमा वि.सं. १९०२ मा स्वयम् उत्पन्न जोर गणेश सिद्धिविनायकजीको शिला स्पष्ट देखिन्छ। यसको आफ्नै ऐतिहाकि महत्त्व भएको हुँदा संगठित गुठियार भाइहरूबाट प्रत्येक वर्ष गणेश चौथी (मंगल चौथी) का दिन गणेशजीको मूर्तिलाई खटमा राखी शोभा-यात्रा (रथयात्रा) चलाइन्छ। शोभा-यात्रा चलाउनुभन्दा अघि गणेशजीको नाममा विहान बोकाको बलि दिइने प्रथा छ। यस्तै भीर गणश -बागलुङको पूर्व दिशा बाङ्गेचौरको ओरालो भीरमा अवस्थित भीर गणेशजी र बजारको मध्य भागमा नारायण चोक स्थित गणेशजीको पनि उत्तिकै महत्त्व रहेको छ।

२.३८ भीमसेनको शोभा-यात्रा

बागलुङ बजारको मध्य भागमा दुईवटा भीमसेन स्थान (देवता) को स्थापना बागलुङमा आउने नेवार जातिले गरेको पाइन्छ। बजार-स्थित भीमसेनको मन्दिरमा हनुमान नाचको नासादेवको पूजा गरिन्छ भने अर्को भीमसेन स्थान देवताको नाममा भीमे एकादशीका दिन खट्मा सजाइएको मूर्ति राखी शोभा (रथा यात्रा) यात्रा चलाउने चलन अझै चलेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.३९ लक्ष्मीनारायण, नारायणस्थान

विं.सं. १९८३ सालमा स्थपित लक्ष्मीनारायणको मन्दिर र मूर्तिको आफ्नै सांस्कृतिक महत्त्व छ । बागलुङको सांस्कृतिक जागरणको लागि यसले अग्रणी भूमिका निर्वाह गरेको पाइन्छ । यो मन्दिर बागलुङ बजारको मध्यभाग, नारायणचोकमा रहेको छ । प्रत्येक वर्षको कृष्णाष्टमीमा भगवान् श्रीकृष्ण र कार्तिक एकादशीका दिन लक्ष्मीनारायणको समेत दुई पटक शोभा-यात्रा गरिन्छ । प्रत्येक वर्ष जनैपूर्णिमाको दिन, गाईजात्राको अवसरमा बजारभित्र वर्षभरि स्वर्गवास भएका मृतक आत्माको स्मृतिमा तायोमचा (घिन्टिसिक्याङ) नामक प्रतीक बनाइ सम्पूर्ण तायोमचाहरूलाई एकत्रित पारी मुख्य अखडाबाट प्रारम्भ गराइ विसर्जन पनि यहीँ गराइन्छ ।

२.४० देउराली माई

बागलुङ नगरपालिका वडा नं. ४ बागलुङ बजारको पश्चिम दिशामा जाने मूल सडकको वायाँ स्थानमा अवस्थित देउराली चोकमा १५९० र १५९१ सालमा बागुङको प्रसिद्ध भगवतीमाई (महाकाली, महालक्ष्मी र महासरस्वती) लाई पाल्पाका राजा मणिमुकुन्दसेनले आफ्नी छोरीको साथमा दिइ पठाएका थिए । ती भगवतीका मूर्तिहरू पश्चिमी भेग बामी, गुल्मी हुँदै उक्त ठाउँमा ल्याइपुऱ्याउँदा त्यहाँ बास परेछ । राति सपनीमा मुख्यकर्तालाई घनाजंगलको बीचमा बस्ने इच्छा देवीले जनाएको हुँदा उनको इच्छा मुताविक (हाल स्थापित देवीको मन्दिर) मा लगी स्थापना गरेका थिए । जुन ठाउँमा बास बसेका थिए, त्यही ठाउँ सो समयदेखि देउरराली चोकको नामले प्रसिद्ध छ । यस ठाउँमा वर्ष भरि मनाइने चाड पर्वहरूमा आजा-पूजा गर्ने अद्यापि चलन चलि नै रहेको पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

२.४१ राधाकृष्ण मन्दिर

तत्कालीन समयमा बागलुङ बजार राधाकृष्ण टोलमा कुनै तालिम दिने ठाउँको अभाव थियो त्यस विषयको अभावको महसुस गरी वि.सं. १९९४ सालमा तत्कालको हजारे साहु बागलुङ बजार किनाराटोलका नन्दकुमार श्रेष्ठलाई अनुरोध गरी वहाँको अग्रसरतामा एक सामान्य सत्तलको निर्माण गर्रा सोही स्थानमा वि.सं. १९९७ सालमा राधाकृष्णको मूर्ति स्थापना गरिएको थियो । त्यस वेलादेखि सो ठाउँको नाम राधाकृष्ण टोल रहेको बुझिन्छ ।

२.४२ माईकुटीस्थित पशुपतिको मन्दिर

बागलुङ नगरपालिका वडा नं. ४ स्थित बागलुङ बजारदेखि करिव १ किलोमिटर टाढा उत्तर दिशामा पर्ने थुम्कोमा अवस्थित माइकुटीको मन्दिर छ । गुठीको नाममा करिव २० रोपनी जग्गा बागलुङ माझकोटका बमवहादुर श्रेष्ठले वैराग्य जीवनमा प्रवेश गरेपछि त्यही स्थानमा वस्न थाल्नु भएको बुझिन्छ । पुरै पर्खालले घेरीराखेको सो ठाउँको मध्य भागमा वि.सं. १९८४ सालमा भगवान पशुपतिनाथको मन्दिर निर्माण गरिएको थियो । मन्दिरभित्र शिवजीको मूर्ति प्रतिस्थापन गरिएको छ । मन्दिरको वरिपरि २२३ बटा पौवा र सत्तलहरू पनि छन् तरपौवाहरूको आसपासमा वैरागीमाईहरू बसोवास गर्ने गर्दछन् जसले गर्दा त्यस ठाउँको संरक्षण र सुरक्षा पनि हुन गएको देखिन्छ । सो ठाउँलाई बागलुङको माईकुटी को नामले चिनिन्छ । यहाँ वर्षको श्रावण महिनांभरिको सोमवार र ऋषि तर्पणीको दिन विशेष गरी शिवजीका भक्तजनहरू श्रद्धापूर्वक आजा-पूजाका लागि घुइँचो लाग्ने गर्दछ । त्यस वाहेक गुठीकै आयस्ताबाट स्थानीय एक जना ब्राह्मण पुजारीको व्यवस्था गरिएको छ । उनीद्वारा नित्य रूपमा पूजा गर्ने चलन छ । चारैतिर पर्खालले घेरिएको हुँदा विभिन्न फलफूल तथा सुगन्धमय बोट विरूवाहरू

CC-0. In Public Domain. Digitization by eGangotri

फैलिने मौका पाइरहेका छन् जसले गर्दा त्यो ठाउँ निकै रमाइलो र आकर्षक देखिएको छ ।

२.४३ सत्यवती मन्दिर

सत्यवती मन्दिर बागलुङ जिल्ला बाटाकाचौर गा.वि.स. वडा नं. ९ मा अवस्थित छ । यो मन्दिरलाई सारूदीको मन्दिरको नामले पनि चिनिन्छ । यस मन्दिरमा स्थानीय बासिन्दाहरूले प्रायः पाठपूजा र आराधना गर्ने गरिन्छ । यस मन्दिरमा पाठ पूजागर्नाले मनोबाच्छा प्राप्त गर्न सकिन्छ भन्ने जनविश्वास छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्रो परिच्छेद
नेपालका नेवारसमुदायमा परम्परित लोकसंस्कृतिको प्रभाव

३.१ पृष्ठभूमि

कुनै पनि राष्ट्रको संस्कृतिले त्यस राष्ट्रमा बसोवास गर्ने व्यक्ति, वर्ग, समुदाय, समाज, र राष्ट्रको सिङ्गो प्रतिनिधित्व गरेको हुन्छ। संस्कृति शब्दलाई अंग्रेजी भाषामा 'कल्चर' (Culture) शब्दको मूलरूप (Latin) भाषाको 'कलतुरा' (Culture) शब्दबाट आयातित भएको मानिन्छ जसको अर्थ "पशुपालन" र कृषि फर्मको रूपमा अर्थिन्छ भने "कलतुरा" शब्दले सभ्यता र संस्कृतिकोसमेत इङ्गित गरेको पाइन्छ। सभ्यताले बाहिरी र संस्कृतिले आन्तरिक कुराको पहिचान गर्दछ। अंग्रेजी शब्दले देश-देशान्तर जातिगत, वैचारिक र वैशिष्ट्यको अर्थलाई लिइन्छ भने संस्कृत भाषाको परिस्कृत स्वरूपको "संस्कृति" शब्दबाट प्राचीनकालदेखि वर्तमानकालसम्म यसको प्रचलन भई आएको हुन्छ। संस्कृति कुनै राष्ट्रको आ-आफ्नो जातिय-पहिचान, अनि लोकको रीति-रिवाज, कुल-कुलाचार तथा आजा-पूजा, रहन-सहन, कला-कौशल, धर्म-कर्म, आहार-विहार, शिक्षा-दिक्षा, खेती-पाती, बन्द-व्यापार, उद्योग-धन्दा, लोकगीत-झाम्रेगीत, कथा-कहानी, उखान-टुक्का आदिका अतिरिक्त मूलरूपमा मनुष्यको समग्र जीवन पद्धतिसँग आबद्ध अनेकन संस्कारहरूसमेतको अभिन्न अङ्गको रूपलाई लिइन्छ। तिनै विविध संस्कृतिहरूलाई विभिन्न जन-जातिहरूले आ-आफ्नो तवर-तरिकाद्वारा उपयोग गर्दै आइरहेको पाइन्छ।

नेपालको सन्दर्भमा भन्नु पर्दा यहाँका विभिन्न जन-जातिहरू मध्ये करिब ९२ जन-जातिहरूका आ-आफ्नै रीतिरिवाज र चाड पर्वहरू वा जे जति संस्कारहरू छन्। ती उल्लेखित जनजातिमध्ये नेवारजातिको आफ्नै परम्परित मौलिक संस्कार र संस्कृतिहरू छन् जसले वर्षभरि परम्परागत रूपमा मनाउँदै आएका सांस्कृतिक चाडपर्वहरू बाहेकका अन्यान्य लोकनृत्य, लोक संस्कृति, लोक कला, लोक-साहित्य र लोक कृतिहरू विलुप्तावस्थामा रहेका छैनन् भन्न सकिन्न। तिनीहरूकोसमेत खोज गर्नु आवश्यक छ।

CC-0. In Public Domain. Digitization by eGangotri

तीमध्ये नेवार समुदायको सांस्कृतिक पहिचानका बारेमा यहाँ चर्चा गरिएको छ ।

नेवारसमुदाय र यसको जातीय विशेषता

३.२ जातीय वर्गीकरण

यस सन्दर्भमा नेवारजातिको संस्कृति, सभ्यता र वैभव आफ्नै मौलिक पहचानको संस्कृति मानिन्छ । तिनको उच्च संस्कृति र सभ्यता देखेर नै गोर्खालीहरूद्वारा यिनीहरूमाथि राजनैतिक युद्ध गरे । आर्थिक नाकावन्दी र सांस्कृतिक आन्दोलनसमेत गरेको इतिहास छ । वि.सं. १८२६ मंसिर १ गते अर्थात् ने.सं. ८९० कार्तिक शुक्ल द्वितीया तिथिका दिनमा गोर्खालीहरूद्वारा काठमाडौँका पराजित राजा जयप्रकाश मल्लको आर्यघाटमा अन्त्येष्टी गराइएको थियो भने त्यसपछिका भक्तपुरका अन्तिम स्वाभिमानी राजा रणजीत मल्लले राज सन्यासीका रूपमा काशीवास हुनुपर्‍यो । यति हुँदा हुँदै पनि नेपाल राज्यको राजधानी पुनः नेपाल नै भई छाड्यो । प्राग-ऐतिहासिक कालमा नेपाल विशेषगरिकन काठमाडौँ खाल्डो (नेपाल) एक पोखरीका रूपमा थियो । यस कुराको पुष्टि वर्तमानकालका भूगोलविद्हरूले प्रमाणित गरिसकेका छन् । उक्त पोखरीभित्रको पानी निकालेर (फालेर) मानिसहरूको बस्ती बसाल्न योग्य जमिन बनाइयो भन्ने कथन पाइन्छ । समयको अन्तरालमा यहाँ गोपाल वंश, महिषवंश, किराँतवंश, लिच्छविवंश, मल्लवंशका राजाहरूलगायत शाहवंशका राजाहरूद्वारा राज्य गर्न थालेको देखिन्छ । यस थलोमा मंगोल जातिको आगमनसमेत पाइन्छ । नेपाल खाल्डोभित्र विभिन्न चरणमा विभिन्न प्रदेशहरूबाट आग्नेयवंशी र किराँतबंशी, द्रविड र किराँतहरूको ठूलो प्रभाव रहेको पाइन्छ । नेपाल खाल्डोभित्र प्रवेश गरेकाहरूमध्ये सबभन्दा बढी बसोवास गरेका जातिहरूमध्ये अघिका नेवारजाति नै हुन् । नेवारजाति भन्नु नै एक प्रादेशिक जाति मानिन्छ । उदाहरणका लागि पाल्पाका पाल्पाली, पोखराका पोखरेली, बागलुङका बागलुङेली आदि । यस जातिभित्र वैष्णव, शैव, शाक्त, सौरू, वैदिक, बौद्ध, तन्त्रयानी, बज्रयानी, थेरवादी, महायानी, हिनयानी आदि धर्माबलम्वीहरू पाइएका छन् । राजा जयस्थिति मल्लले

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै कुरालाई मध्यनजर राख्दै नेपाललाई ४ वर्ण १८ जातिपातिमा विभाजन गराई जातीय व्यवस्था गरेका थिए ।

नेपाल संवत् ५१५ (वि.सं. १५५१) माघ शुक्ल एकादशीका दिन राजा जयस्थिति मल्लले मनुस्मृतिका आधारमा नेपाली समाजलाई जातीय व्यवस्था मिलाउन सबभन्दा पहिले कीर्तिनाथोपाध्याय, काव्यकुञ्ज-रघुनाथ झा, मैथिली-श्रीनाथ झा, महिनाथ झा, रामनाथ झा यी पाँचजनाको नेतृत्वमा जिम्मा दिइयो । उक्त पाँचजनाको विद्वत् मण्डलीद्वारा शास्त्रीय सूत्रका आधारमा जैशीको जातमा-८, श्रेष्ठ-३६, त्यसमध्ये तागाधारी-१३, ब्राहमण-१०, सहित ज्यापूजात-३२, नाय (नङ काट्ने)-७२, खस-६४, बरे जात-४, पोअ-४, यसरी नेवार जातिमा जात-उपजात, थर-उपथर गरी विभिन्न कालखण्डमा इतिहासविद् दिल्लीरमण रेग्मीका अनुसार ७२५ जातजाति छन् (नेपालको वैधानिक परम्परा नामक पुस्तकमा उल्लेख छ) उक्त पुस्तकमा तिनको कर्मकाण्डको व्यवस्था गराइएको भनी उल्लेख गरेका छन् । तर कालन्तरमा उल्लेखित जाति व्यवस्थाभित्र खस, मैथिलि, ब्राहमण, र धोवी आदि जातिलाई भित्राइएको देखिन्छ तापनि वि.सं. १९१० पौष बदी ७ रोजदेखि नेपालमा नयाँ जातीय व्यवस्थाको कानुन लागू गरियो । त्यस व्यवस्थाले नेवार जातमा तीन खण्डमा विभाजन गरेको देखिन्छ जसअनुसार तागाधारी जात, मतवाली र म्हास्न्या जातमा परिणत गराइयो । वि.सं. १९९३ सालदेखि तत्कालीन श्री ३ जुद्धशम्शेर ज.ब.रा.को हुकुमबमोजिम कौशल अड्डामार्फत द्यौ भाजू ब्राहमण, श्रेष्ठ जातका व्यवहारका लागि इस्तिहार जाहेर गरे । त्यसपछि वि.सं. २०२० साल भाद्र १ गतेदेखि नेपालमा जातीय व्यवस्थाका लागि अर्को नयाँ कानूनसँगै लागू गर्न अदलको महलसँगै व्यवस्था गरिएको पाइन्छ । वि.सं. २०६२/२०६३ को जनक्रान्ति पछि नेपालमा लोकतान्त्रिक गणतन्त्रको वहालीपछि लगत्तै धर्मनिरपेक्ष राष्ट्रको घोषणाले शान्त र सुव्यवस्थित संघीय गणतान्त्रिक राज्यको स्वरूपमा परिणत हुने प्राय निश्चित देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेवारी संस्कृतिको दृष्टान्त

३.३ लोकनृत्य

नेवारी कला, धर्म, संस्कृति, साहित्य, वाणिज्य र कृषि आदि अनेकानेक विद्या एवं शिल्पद्वारा समृद्ध र समुन्नत रूपमा अमूल्य योगदान प्रदान गरिदै आएकाहरूमध्ये नेवारजाति एक प्रमुख जाति मानिआएको छ। स्वभावत मनुष्य एक संगीतप्रेमी प्राणी मानिन्छ। नेपालमा रहेका बहुजातिका आ-आफ्नो जातीय संस्कृतिहरू पाइन्छन्। तिनका आ-आफ्ना जातिय संस्कृति र संगीत छन्। तिनको बारेमा शास्त्रीय एवं परम्परागत मान्यताको आधारमा भन्नु पर्दा यी जातिको तुलनामा अन्य जातिको कला र संस्कृति कम छन् भन्न अतिसयोक्ति नहोला तसर्थ नेवार जाति जहाँ जता छन्, त्यहाँ आ-आफ्नो लोकनृत्यहरू देखाइने वा दवुलीमा देखाइने नृत्य, सडक-सडकमा देखाइने नृत्यहरू आजभोलि पनि देख्न सकिन्छ। नृत्य लेख्न, नृत्य प्रदर्शन गर्न, नृत्यलाई हेर्न र नचाइने चलन राजा महाराजादेखि रैतिसम्मको इतिहास छ। नेवारी संस्कारअनुरूप देखाइने लोकनृत्य भादगाउँका घेंन्ताघिसी नृत्य अद्यापितक देखाउँदै आएको पाइन्छ। भादगाउँको घेंन्ताघिसी नृत्यको तालमा नाच्ने कलाकारहरू अन्य नृत्यहरूमा देख्न पाइन्न। राजा रणजित मल्लको शासनकालमा नेपाल संवत् ८८३ सालताका पृथ्वीनारायण शाहले आर्थिक नाकावन्दी लगाई भादगाउँलाई चारै दिशावाट ठूलो संकट पारिदिएका थिए। त्यसवेला रामायणको सातौं काण्ड लेखी सिध्याएको नाटक र त्यसको कथाका आधारमा जुन-जुन सूक्तिमा वीर रस उल्लेख गरिएको छ। तिनैबाट कथा उद्धरण गरी वीर रसले युक्त रामायणको नाटक भक्तपुरमा देखाउने गरेको पाइन्छ। यस्ता वीर रसले भरिपूर्ण नाटक देखाउँने गर्दा जनतामा राष्ट्रिय जागरणको भावना जागृत हुने र युद्ध गर्न मद्दत पुऱ्याउने हुँदा दाफा भजन मण्डली आजसम्म पनि उनीहरूले सुरक्षित भएको अनुभूति गरिरहेको पाइन्छ। दवु नाटक नचाउँदा धर्म र जातिसँग कुनै सम्वन्ध नभएको कुरा काठमाडौका प्रसिद्ध खः नाटकका राजा सिद्धिनरसिंह मल्लले समेत सिद्ध

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको (प्रमाण) पाइन्छ। यसरी राजाप्रताप मल्ललाई नाटक शिरोमणिका रूपमा समेत लिने गरेको पाइन्छ।

दवु नाटकका अतिरिक्त तान्त्रिक तथा शास्त्रीय पद्धतिअनुसार नेवार जातिको नृत्यसहित अन्य नृत्यहरू समेत भेटिन्छन्। गणेश नृत्य (वि.सं. ९४१), रूद्रामणि नृत्य, अष्टमातृका नृत्य, दश अवतार नृत्य, लाखे नृत्य, किलागलको हात्ती नाच, देवी नाच, दशैंको बेलामा नचाइने राक्षस नाच, भादगाउँको नवदुर्गा नाच, बोदेको महालक्ष्मी नृत्य, भैल नृत्य, बाँदर (हनुमान) नाच, नटुवाचा नाच आदि नचाइने गर्दछन्। नेवार समुदाय देशको जुन-जुन ठाउँ थलोमा पुगेका छन् त्यहाँ -त्यहाँ उनीहरूद्वारा आ-आफ्नो संस्कृतिअनुसारको लोकनृत्यलाई सँगै-सँगै लगेको पाइन्छ। त्यसको प्रमाण पोखराको प्रसिद्ध भैरव नाच बागलुङको २७५ वर्ष पहिलेको प्रसिद्ध हनुमान नाच, पाल्पाको देवी नाच आदि नृत्यहरू तत्तत् स्थानको नेवारद्वारा आफ्नो समुदायको जात्रा, पर्व र लोक नृत्यलाई संरक्षण, संवर्द्धन, जगेर्ना गर्दै आइरहनु यसको ज्वलन्त उदाहरण मान्न सकिन्छ। त्यसबाहेक नेवार जातिहरूले वर्षभरि मनाइने विभिन्न पर्व, कला, लोक नृत्य आफ्नो जातीय भाषा, लिपि, देवी-देवता, बस्ती विस्तार, रीति-रिवाज, भोज भतेर, कुलायन पूजा आदि लगायत आ-आफ्ना कुल-कुलाचार अनुसार परम्परागत रूपमा संस्कृतिको जगेर्ना र संरक्षण गर्दै आइरहनु नेवार जातिको प्रमुख विशेषता रहिआएको दृष्टान्त छ।

CC-0. In Public Domain. Digitization by eGangotri



२०१६ साल पछि बागलुङ बजार विस्तार भएको दृश्य

CC-0. In Public Domain. Digitization by eGangotri

बागलुङ बजारको क्षेत्र



CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच
बागलुङ्को प्रसिद्ध प्राचीनतम लोकसंस्कृति

३.४ प्रसङ्ग

नेपालमा लोकसंस्कृतिको जगेर्ना नेवार समुदामा बढी मात्रामा देखिन्छ, किनकि यी नेवारहरूमा परम्परागत संस्कारको छाप पर्ने भएकाले आफ्नो जातीय संस्कृतिलाई यिनले मेटाउन सकेका छैनन् । यसै सन्दर्भमा पश्चिम पहाडी क्षेत्रको सुन्दर नगरी बागलुङ बजारमा प्रदर्शन गरिने आफ्नै किसिमको विशेषता भएको हनुमान नाचद्वारा यहाँका नेवार जातिले आफ्नै प्राचीनतम् लोकसंस्कृतिको जगेर्ना एवं सम्बर्धन गरेको पुष्टि हुन आउँछ ।

३.५ पृष्ठभूमि

धवलागिरि हिम-श्रृंखलाको काखमा अवस्थित पवित्र काली गण्डकीको तटवर्ती क्षेत्र सुरम्य नगरी बागलुङ्को सदरमुकाममा समय- समयमा देखाइने कतिपय प्राचीन लोकसंस्कृतिहरूमध्ये हनुमान नाच एक प्रमुख मानिन्छ । यसको मूल आधार पौराणिक ग्रन्थ रामायण हो । यसबाट मर्यादा पुरूष भगवान् रामचन्द्रकी पत्नी जानकी नन्दिनी सीतालाई लङ्काका राजा रावणले हरण गरी लग्दा वायु (अन्जनी) पुत्र हनुमानको सहयोगद्वारा पुनः फर्काउन सफल भएको प्रमाण पाइन्छ । त्यसबखत समुन्द्र पार गर्दाको अवस्थादेखि लिएर दानवकुलका राजा रावणलाई पराजित गराई फर्केका हनुमानका विभिन्न स्वरूपको नृत्य रचनाको झलक यस प्राचीन लोकनृत्यबाट झल्किन्छ । यसरी रामचन्द्रको दूतका रूपमा हनुमानजीको आराधना र प्रार्थना गर्नाले शक्ति मिल्छ भन्ने हिन्दू-धर्मालम्बीहरूको अगाध विश्वास भएकाले नै त्यसबेलादेखि हनुमानको आजापूजा तथा पाठ गरिएको हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच सुरूहुनुभन्दा अघि हनुमानका रूपमा कलाकारहरू लट्ठी टेकी घोप्टो परेको दृश्य

३.६ ऐतिहासिक पक्ष

नेपालका आदिवासी नेवारहरू विस्थापित हुनुका आफ्नै कारणहरू छन् । त्यस मध्ये मूल कारण आ-आफ्नो जीविकोपार्जनका

CC-0. In Public Domain. Digitization by eGangotri

लागि बागलुङमा नेवारको आगमन सर्वप्रथम भादगाउँका धन्जुसिंह र छत्रसिंह मल्ल दुई भाइमा जेठो दाजु धन्जुसिंह मल्ल वि.सं. १७६८ सालमा आएको बताइन्छ । त्यसपछि वि.सं. १७७३ सालमा वीरकृष्ण श्रेष्ठ, वि.सं. १७८५ सालमा प्रेम छोटाका खलक रत्न सिंह बागलुङमा आएका थिए । त्यसपछि वि.सं. १८२६ कार्तिक चतुर्दशीको दिन श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट हमला गरिदा भादगाउँबाट भाग्ने वा विस्थापित हुने नेवारहरूमा कोही जनकपुर, विराटनगर, कोही इलाम, झापा र दार्जीलिङ, कोही पश्चिम नेपालको बुटवल, पाल्पा र पोखरा, कोही दाङ, डोटी र कोही मध्ये पश्चिमको बागलुङ कुश्मा र बेनी आदि स्थानहरूमा पुगेका थिए भन्ने कुरा धेरैका तर्कबाट सिद्व हुन आउँछ । यिनै सिलसिलामा बागलुङका नेवार जाति भादगााउँबाट (ख्वप) क्रमशः वि.सं. १७६८, १७७३, १७८५ देखि १८२६, १८६२ (धन्जु सिंह राजभण्डारी-हेमलाल रा.भ.काअनुसार), १८८५, १८९३ मा गरी आएको देखिन्छ । यसरी क्रमशः छरिंदै नेवार जाति जहाँ/जहाँ पुगे त्यहाँ त्यहाँ यिनीहरूले आफ्नो सानोतिनो बस्ती बसाल्दै वर्तमान नेपालको मुख्य/मख्य शहर बजार बनाउनमा यो वर्गको अह्म भूमिका रहेको पाइन्छ । यसरी शहर बजारहरूमा अधिकांश नेवार समुदायको संख्या बढी देखिएको हो । त्यसबखत बागलुङमा आगमन भएका नेवार जातिले आफ्नो लोक संस्कृतिलाई साथै ल्याएको भन्ने तथ्य सत्य ठहर्छ, किनकि संस्कृति र संस्कार भन्ने कुरा एक ठाउँबाट अर्को ठाउँमा सरिने र सर्ने कुरा यसले सिद्व गर्दछ ।

३.७ हनुमान नाचको उद्गमस्थल

हनुमान नाच नेवारी लोकसंस्कृतिहरूमध्ये एक प्रमुख मानिन्छ । यो हिन्दू संस्कृतिभित्र परे पनि नेवार जातिले यसलाई आफ्नो लोकसंस्कृतिभित्र भित्रायाएको छ । यसको मूल स्थान बागलुङ (बा.न.पा.-४ स्थित) को पश्चिम पट्टि छहरा पधँराको पहराको मध्य

CC-0. In Public Domain. Digitization by eGangotri

भागमा करिव तीन फुट अग्लो शिलामा कुँदिएको सुन्दर हुनमानको मूर्ति स्थापना गरिएको पाइन्छ । यस मूर्तिको दाँया बाँयामा शिलामै कुँदिएका स-साना दुईवटा हनुमानका मूर्तिहरू साथमा छन् । हनुमान नाचको सुरू यही स्थानबाट गरिन्छ र विर्सजन पनि यहीँ हुन्छ ।

यसरी यिनै मूर्तिको आधारलाई लिएर एकथरि बूढापाकाको भनाइमा बागलुङ बजारमा कुनै पनि सांस्कृतिक कार्यक्रमहरू संचालन गर्नुपर्दा भादगाउँ वा बनेपाबाट आएका नेवारहरूमध्ये कसैले चौधरी (तालुक-मुखिया) को काम गर्ने गरेकाले र तिनै चौधरीखलकको मातहतमा रही पर्व-पर्वमा विभिन्न प्रकारका कटुवाल नाच, रोपाई नाच, नागनागिनी नाच, जोगी नृत्य, भरथरी नाच, धानको-बाला नाच, शिकारी नाच, घोडे नाच, तायोमचा नाच, घण्टाकर्ण प्रहसन नाच, बास्सा नाच ठेटर नाच (रामलीला, कृष्णलीला, विष्णुलीला, शिवलीला आदि) देखाउने चलन चलाएका हुन् भन्ने छ तापनि उक्त नृत्यहरू नेवार जातिको मौलिक संस्कृतिको उपज हुन् भन्ने धारणा रहेको छ ।

जब भादगाउँबाट नेवारहरू विभिन्न कारणबस भागी वा विस्थापित भई आए । त्यसपछि यहाँ अशान्ति र हाहाकार मच्चिएको अवस्था थियो । यस्तो स्थितिलाई शान्त पार्न यस्ता किसिमका मूर्तिहरूको स्थापनाको निम्ति ठाउँको खोज तलास हुँदा उक्त छहरा पधँराको भीरपहरोमा जहाँ हमेशा पहिरो गइराख्छ, तिनै ठाउँमा उक्त विशाल पत्थरको शिलामा कुँदिएको हनुमानको मूर्ति फेला परेकाले सोही स्थानमा उक्त सुन्दर मूर्ति करिब २७५ वर्ष अगाडि स्थापना भएको बूढापाकाहरूको भनाई सुन्नपाइन्छ

परम्परानुसार हनुमान नाच बागलुङमा त्यस बेलादेखि प्रत्येक तीन वर्षको भाद्र महिनादेखि प्रारम्भ गरिने भए तापनि बीचमा पाँच वर्ष, सात वर्ष र एक पटक एघार वर्षपछि मात्र यो नृत्य निस्कन सक्यो । यस नृत्यलाई विशेष गरी हप्ताको दुईचोटि शनिश्चरवार र

CC-0. In Public Domain. Digitization by eGangotri

मङ्गलवारको दिनमा निकाल्न उचित मानिन्छ तर विहीवारको दिनमा पनि निकाल्न सकिन्छ । केही समययता यो नाचलाई विशेष राष्ट्रिय पर्व तथा परिस्थितिमा समेत निकाल्न सकिने प्रावधान रहिआएको छ । विशेष राष्ट्रिय पर्व र परिस्थितिबाहेक उक्त दिनहरू पूजाको लागि अति उपयुक्त हुने हुँदा अन्य दिनलाई मान्यता दिइँदैन ।

बागलुङ्को छहरा पधेरास्थित २७५ वर्ष पहिलेका विशाल शिलामा कुँदिएको हनुमानको मूर्ति

CC-0. In Public Domain. Digitization by eGangotri

३.८ व्यवस्थापना पक्ष

प्रारम्भकालदेखि वीसौँ शताब्दीको उत्तरार्द्धतिर समाजका जिम्मेवार तथा प्रतिष्ठित व्यक्तिहरूलाई कजी बनाउन थालियो (प्रधान कजी) र मूल काजीको सहयोगका लागि ५०/६० जना अन्य सहयोगी कजीहरू रहेको देखिन्छ। यिनीहरूको मुख्य कार्य नृत्य संचालन अवधिभर नृत्ययोजनामा परिआउने सम्पूर्ण कार्यलाई सुब्यवस्थित ढंगले संचालन गर्नु हो। यी कजीहरूले हुनमानको स्वरूपमा नृत्य गर्न छरिएर रहेका युवकहरू १६ वर्ष माथिका मध्येबाट छनौट गर्ने गर्दछन्। यिनीहरूले छानेका व्यक्ति उक्त नृत्यका लागि योग्य ठहरिन्छन् यस नृत्यमा कम्तीमा १३ जोडी र बढीमा १५ जोडी अर्थात् ३० जना कलाकारहरूको आवश्यकता पर्दछ। सामान्यतया १३ जोडी नृत्य कलाकारहरू यसको आवश्यक मापदण्ड मानिन्छ।

३.९ पोसाक र पहिरन

यस नृत्यमा हनुमानको स्वरूपमा हुने कलाकारहरूका लागि (१) सिम्रिक रङ्गको रातो कमीज, (२) रातो जाँगे (चुडरी लगाएको) (३) चरेश मलमलको (कपडा)को जामा, (४) करिव ५ फूट जति लामो सिमलीको काठ र मकैको भुत्लाको पुच्छरको झुप्पाको लागि, (५) गोलाकारको डेढ फुटको जति लामो काठको डण्डी, (६) निधारमा राम तिलक, (७) शीरमा हनुमानको स्वरूप झल्किने मुकुट (टोपी), (८) तिघ्रामा चाँप (घुँघडा), (९) गलामा रङ्गीन माला र १०) सम्भव भएमा हनुमानजीको आकारको ख्वापा (आकृति) आदिको प्रयोग गर्छन्। यसरी पूर्ण हनुमानको स्वरूपमा तयार भइसकेपछि तिनीहरू सहायक मूल थलो अखेडा (मूल स्थानबाट शूरूमा ल्याइएको सानो मूर्तिको स्थानमा) मा जोडा मिलेर बस्छन्। जोडा मिलेर बसीसकेपछि हनुमान नाचका सरोकारी जो कोही व्यक्ति वा बालबनिताहरू उनीहरूको सीमा रेखाबाट वारपार गर्न पाँइदैन्। कथम्कदाचित अज्ञानवस झुक्किएर प्रवेश गर्न खोजेमा सम्बन्धित व्यक्तिहरूले फर्काइदिने गर्छन्। सम्पूर्ण रूपले

CC-0. In Public Domain. Digitization by eGangotri

तयार भइसकेपछि बाद्यवादकबाट सर्वप्रथम द्योल्हाय (भगवान जगाउने ताल) को ताल बजाउन शूरू हुन्छ । उपस्थित हनुमानरूपी कलाकार हरू मध्ये अघिल्लो र पछिल्लो पंक्तिका दुई/दुई जना जोडी हनुमानहरू (ज्यामाका) अर्थात् मुख्य हनुमान मानिन्छन् । अखेडामा पुरा जोडा नआइपुगेसम्म सो स्थानबाट उक्त हनुमान नृत्यलाई पूजा दिइने हनुमानका घर वा कजीहरूको स्थानमा प्रस्थान गराइँदैन ।

३.१० ब्रहमचर्यको नियम पालन

हनुमान नाच सुरू भएदेखि अन्तिम पूजा अर्थात् नसिद्धिउञ्जेल (समापन) यिनीहरूले नित्य स्नान गर्नुका साथै ब्रहमचर्यको पूर्ण नियम पालना गर्नुपर्दछ, तर वर्तमान समयमा उक्त नियमको पालनामा त्यति कडाइ भएको देखिन्न ।

३.११ पूजाको विधि र सामग्रीहरू

हनुमान नाच विधिवत रूपमा संचालन गर्नु भन्दा पहिलो दिनमा बागलुङ बजारको मध्य खण्डस्थित भीमसेन मन्दिरमा रही आएको नासद्यो (सिद्धिदेवता) को आराधना गरिन्छ । उक्त नासो: देवताको पूजा गर्ने दिनमा बोकाको बलि दिइने चलन छ । सोही दिन हनुमानको मूलस्थान (छहरा पँधेराबाट) बाट सानो एउटा हनुमानको मूर्तिको अनुहारलाई अधिमुख पारेर पुजारीद्वारा आफ्नो काखमा राखी ल्याइन्छ । पुजारीले सो मूर्तिलाई आफ्नो काखमा राखेर उनलाई दुई हातले हनुमानको सानो मूर्तिलाई (सुरक्षित साथ) समात्न लगाई मौन रूपमा पुजारीसमेतलाई उल्टो अधिमुख पारी बजार परिक्रमा गराइन्छ । उक्त मूर्तिलाई सहायक थलो (निश्चित स्थानमा) मा ल्याई राखिन्छ । सो मूर्ति त्यस स्थानमा राखेपछि प्रत्येक साँझको समय नित्य पुजारी, हनुमान वर्ग तथा कजीहरूद्वारा धूप-दीप चढाउने परम्परा छ । यस नृत्यको पुजारी बागलुङ सुल्डाँडाका अमर बहादुर श्रेष्ठका पुर्ख्यौली खलक बागलुङ सुल्डाँडा निवासी स्व. पुजारी अमर बहादुर श्रेष्ठको जेठा छोरा लक्ष्मण श्रेष्ठ वि.सं. २०३५ सालको प्रदर्शित हनुमान

CC-0. In Public Domain. Digitization by eGangotri

नाचका पुजारी भएको पाइन्छ। पुर्खौंदेखि तिनका पुर्ख्यौली सन्तान दरसन्तानहरूले उक्त नाचको पुजारी भई कार्य समाली आएका छन्। तिनका पुर्ख्यौलीहरू भादगाउँबाटै आएका हुन्। उनैका सन्तान दरसंन्तानहरूले मात्र अद्याबधि पूजा गर्ने चलन चलिआएको छ। पूजाको दिनमा पुजारी खलकमा जुठो, सुत्केरा परेमा सो अवधिमा पूजा नदिने प्रथा पनि कायमै छ। जुन दिनमा जसको घरबाट पूजा दिइन्छ त्यस दिनको सरजाम स्वास्नी मान्छेद्वारा बनाइनु हुदैन भन्ने परम्परा रहिआएको छ। आजसम्म वनाइएको पनि छैन। पुजारीबाटै सो नृत्यको लागि पूजाको सामाग्री तयार गरिनुपर्दछ भन्ने मान्यता छ।

३.१२ पूजाका लागि सरजाम (सामग्री)

हनुमान नाचको पूजाका लागि चाहिने सामाग्री यस प्रकार रहेका छन्:

१)गहुँ वा चामलको पीठोका रोटहरू, (२) चामलको अक्षता, नैवेद्य फलफूल, अबीर, केशरी, धूपदीप, भेटी (३) काठको १/५ फुटको फलेक (४) केराको पात, (५) चोखो जल आदि लगायत नासद्यो, पूजाको बोकाको बलि आदि पूजाको सरजाम कध्य चामल वा गहुँको दुईओटा रोटी अनिवार्य रूपमा चाहिन्छ। पूजा अघिल्लो ज्यामाको (मुख्य हनुमान) को स्थानबाट सुरू गराइन्छ।

३.१३ हनुमानहरूको शक्ति प्रदर्शन वा वीर आउने क्रिया

हनुमान नाचमा नचाइने तालहरू दश प्रकारका हुन्छन्। सबै तालहरू बजाउनेमा स्थानीय अनुभवी बाद्यवादक हुनुपर्छ। एउटाले मृदङ्ग बजाउँछ भने अर्कोले झ्याली। यिनीहरूद्वारा बजाइएका तालमा हनुमानहरू नाच्न र रमाउन थाल्छन्। सर्वप्रथम द्योल्हाय (शक्ति प्रशन्न) को ताल बजाइन्छ। यो ताल बजाउँदा हनुमानको रूपमा

CC-0. In Public Domain. Digitization by eGangotri

खेल्ने व्यक्तिहरू लगायत अन्य बाहिरका गैर-कलाकारहरू (व्यक्तिहरू) मा समेत अङ्ग कम्पन (काप्न) हुन थाल्छन् र प्रायः उफ्रन थाल्छन्। यसरी अङ्ग कम्पन हुँदा ती कलाकारहरू जमिनबाट करिब २-३ फिट माथिसम्म निरन्तर रूपमा उफ्रन सक्छन्। यसलाई हनुमान देवताको शक्तिको प्रदर्शन भएको मानिन्छ। सुरू/सुरूमा यसरी उफ्रेका हनुमानहरू केराका पात-पातमा टेक्न सक्ने, घरको एक धुरीवाट अर्को धुरीमा उफ्रेर वारपार गर्न सक्ने र चार-पाँच पाथी जति अटाउने पानीको घडा आफ्नो दाँतले उचाल्न सक्तथे भनी प्रत्यक्षदर्शीको भनाइ सुन्न पाइन्छ। साथै त्यसकै सिलसिलमा ताल नै नबिराई, बडो राम्रोसँग शक्ति उत्पन्न हुने तालमै नाच्दा नाच्दै बाजा बजाउन सक्ने तत्कालीन समय (वि.सं. १९८५ साल) का ९४ वर्षीय मोतीकुमार श्रेष्ठको अनुसार मोहनप्रसाद श्रेष्ठ (ह्वाप्चे नेवार) को नाम अग्रपंक्तिमा आउँछ। वाद्य वादकहरूद्वारा ताल बजाउँदा ताल बिगारेमा हनुमानहरूमा वीर आउन थाल्छ यसर्थ होशियारीका साथ ताल वजाउनु पर्दछ र उफ्रेका हनुमानहरूलाई कजी वा पुजारीद्वारा धूप सुँघाइए पछि मात्र उफ्रन (वीर आउने कार्य) छोड्छन्।

३.१४ हनुमान नाचका तालहरू

हनुमान नाचका विभिन्न प्रकारका दश तालहरू छन्। सर्वप्रथम द्योल्हाय तालबाट शूरू गरिन्छ। यस तालमा सबै हनुमानहरू क्रमशः पंक्तिबद्ध रूपमा घोप्टिएर रहनुपर्दछ। देवल्हायको तालको अवधिभर मर्यादित र अनुशासित रूपमा रहेको हुनुपर्छ। (२) दोश्रो ताल-सलामीको ताल हुन्छ। यस तालमा सबै हनुमानहरू क्रमशः उठेर एकै साथमा सलामी चढाउने गरिन्छ। (३) तेस्रो ताल ६ तालको हुन्छ। यस तालमाहनुमान वर्ग आफ्नो दुईहातमा दिएको काठको गोलाकार डण्डीद्वारा आफ्नो जोडिसँगको डण्डी जुधाँई (टकराई) त्यसबाट निक्लेको आवाजमा नाच्न थाल्छन्। (४) चौथो चरणको ताल-आठ तालको हुन्छ। यस तालमा रावणलाई पराजित गर्दा सम्पूर्ण हनुमानहरू

CC-0. In Public Domain. Digitization by eGangotri

हर्षोल्हासका साथ एकै स्वरमा कराउने रमाउने गर्छन् । (५) पाचौँ चरणको ताल १६ तालको हुन्छ । यस तालमा राजा रावणको राज्यमाथि हमला गर्ने तयारीको झलक देखाइन्छ । (६) छैठौँ चरणमा बाह ताल बजाइन्छ । यो ताल-तालहरूमध्ये अति रोमाञ्चकारी देखिन्छ । यस तालले लंकाका राजा रावणलाई बध गर्नुभन्दा अघि हनुमानहरूद्वारा आफ्नो शक्तिको प्रदर्शन वा वीरता र पौरखको झलक झल्काइन्छ । (७) सातौँ तालमा घेरा हाल्ने ताल बजाइन्छ । यस तालले लंकामाथि विजय प्राप्त गरेपछि भगवान् रामचन्द्र, जानकी माता सीता र लक्ष्मण सहित तीन जनालाई हनुमानहरूद्वारा गोलाकार वा गोलवन्दीमा राखी विजयोत्सव मनाइएको देखाइन्छ । (८)आठौँ चरणमा चौवीस ताल-चौवीस तालमा रावणका भाइ विभीषणलाई लंकाको राजगद्दीमा राख्दा हनुमानहरूद्वारा खुसीयाली मनाइएको झलक देखाइन्छ । (९) नवम् चरणको ताल तुरलिङ्छ्यासको ताल हुन्छ । यस तालमा भगवान रामचन्द्रको गुणगानमा भजन मण्डलीद्वारा नेवारी भाषामा गाइएका भजनका आधारमा सवै हनुमानहरूले आ-आफ्नो घुँडा खुम्च्याई रोचकपूर्वकको नृत्य देखाइन्छ र (१०) दशौं तालमा प्रस्थानको ताल बजाइन्छ, जुन तालमा ताकङ् धुन्टुङ नाले/नाले, ताकङ धुन्टुङ नालेको ताल बजाइन्छ । नेवारी भाषाका भजनहरू यस प्रकारका छन् ।

३.१५ भजनहरू

भजनहरू सातवटा चरणका छन् जसलाई नृत्यकै क्रममा पटक पटक गरी गाउने गर्छन् । भजनमण्डलीद्वारा नेवारी भाषामा सो समयमा गाइने भजनहरू निम्न प्रकारका छन्:

भजन-१ (श्री हनुमान)

श्री गुरू गणेशजी मरण ॥
श्री राग रम्भा यन ॥ ॥
आडी सँ अंमृत का से चरण सेवा धाय ॥ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

सलज पाद्धसं सिरभुम ल थे त य ॥१॥
भवानिया अनुज्ञान राम येन सल्हाय
माहाँ माया पातक संङ्केडा यना स याय ॥२॥
पीताया आज्ञान राम वन विज्या क ॥
राक्षस न हर याङ्ग व सिताडे विफुक ॥२॥
कला तय विरह न राम सँव्याकुल ॥
अ मी लि : सि.न.य.न स खो भीन

भजन -२ (श्री हनुमान)

रद्यो खायल ॥४॥
अरूज करूमा चामे राम भोक सुला ॥
जीन या को उपायं छु या य छीता माला ॥
अस्तान सँन्ध्या वा चेल कल वेल खजुल ॥
हुनी किजा छवा ङ व फल मुल हिव ॥
वन्धना या ङ व फल मुल माला वा ना ॥
वी चीतन मेव ध्यान थोमीत्री नखान ।
पुर्व संहल हनुमान वि.यतान
वंधन उंध्यान थो सँ मान्य या, ङ व्रतया ॥
नं दारीन रग्य भतरं गे नरी क्याल ॥
अपअम्बारी अनार नाल अम्वर ॥
अल दर्वे अल दर्वे वयल खजुल ॥
का गडी कल वसको समस्त कन्हेला ॥

भजन-३ (श्री हनुमान)

कमला काला हा.ज्यां म क उरी मधुर ॥
कीचं मीच चिरंजीवी चा कुसी दुःवाल ॥
कटहर वडहर डाँक केतुल यो ॥
त्रर्वुजा खर्वुजा फुत तुसी छुस वाल ॥

CC-0. In Public Domain. Digitization by eGangotri

वेल सम तुसी उती मयल जो य ग्वाल ॥
सो. याव मोहन जु या वरं भुन कु मार ॥
मन लये चास्य कि वा सि सा वु सा खाल ॥
हनुमान सलताया व हु हुँ सुर्से धाल ॥
ल्वा चो भ्का ञ वाञ व भुस वास वाता ॥
लक्ष्मण मुर्छा जु या व राम राम धाला ॥
थुगु लि सेल श्री रघुनाथ जु सेन ताला ॥
धनु सरका सेरा म ध्या वल या.व वाना ॥
प्राणमा त्र चोञ षन कि जा. या ख्वाल वान ॥
भुस थेक लुसे चोञ्मा कलचा खाना ॥

भजन-४ (श्री हनुमान)

केसी रीया नंडन वा फलक चिसं वा केना ॥
कोर्धन लंगुरी जोञ वक फि वास वाना ॥
सीव सीव सुमल पा. व भुस भोक सुता ॥
हुनविंड तया सिव पार्वीति नताला ॥
नुगल पिल च्याञ वात थी विको सोला ॥
हनुमान सोय याता नम चासे वाना ॥
हनुमान सोय या ता त म चासे वा ना ॥
त्रि लं वस्त्र जता धारी मु नि भे ष खाना ॥
निधो कि वांडर जाती वास वाय फव ॥
सामर्थ डवसा हन जी व जुद्ध या वा ॥
सिव या वा क्ये डे ञ वरा मनसि व जोना ॥
प्रसंन व्रम्ह हत्या या कुष्ट लाञ व वा ना ॥

भजन-५ (श्री हनुमान)

विन्ड ल या गौरी सेन प्रभु सके धाल ।
मनुष्ये मखु त नारायण यो मखुला ॥

CC-0. In Public Domain. Digitization by eGangotri

व्रम्हा या वाक्य डे ञ व. ध्या वल या. व स्वला ।
विन्द ना या ञ व सिव अंक माल याता ॥
धंन्य गौरा धन्य हरी धंन्य थो काराणा ।
थनि रघु सेन या ञ डर सन वी व ॥
वन वास विज्या ञ या छु सं डेस त य ।
हनुमान छुमा ड व छि सेव क या व ॥
अवनरी हुनि विर राम सं क से वा या य ।
छ वाञ व सुगृवया मित्र वध या व ॥
सिव याङ यान सीता डेवि ड व या ल्याख ।
थनि जु नि परमा थ आनन्द मान सुष ॥
थिगिको ल या व सीव कैलास विज्व्याक ।
जय जय भुमी स्वान ताय विन्ती या त ॥

भजन-६ (श्री हनुमान)

अकास संग धुर्वन ना ता गीत याक ।
रावंणेया भय भीत मु माल यो धाल ॥
जुग रस मुनि मास उंरून ड रस ।
सुंषरा षी र विवार वि गाहना स ॥
राम मङ्गल गित भग त या र स ।
गीत भनी त डिन सके सवया डास ॥

भजन-७ (श्री हनुमान)

श्री राग हनुमान तया ॥
पसुपति, गुहेश्वरी दरसन पायनु भो ॥
सिमा चोस हो हो स्वान थया वं छु य नु यो ॥
अंमृत फल भोर्जन या य न नाल वानेन्हु यो ॥१॥

CC-0. In Public Domain. Digitization by eGangotri

३.१६ अभिलेखमा उल्लेख

वि.सं. १९३३/३४ र १९४२ को अभिलेख (वयोवृद्ध तिलकप्रसाद मलेपतिसित रहकेका) मा उल्लेख भए अनुसार सो बखतमा प्रदर्शित हनुमान नाचबाट नाच अवधिभर कुल आम्दानी रू १८।५० र खर्च रू. १८।२५ बाँकी रू. । २५ जनाइएको छ । खर्चको विवरण यस प्रकार छ ।

१) आठ वर्षे ठूलो राँगो	१ को रू.	३।५०
२) बोका	१ को रू.	२।५०
३) जिरा धार्नी	१ को रू.	२।५०
४) घिउ माना	१ को रू.	००।२५
५) अन्य खर्च समेत	१ को रू.	९।५०
जम्मा रू.		**१८।२५**

३.१७ उपसंहार

संस्कृतिको मर्यादा गरेर हनुमानको स्वरूपमा बागलुङका नेवारहरू संलग्न भई यो संस्कृतिलाई जोगाई राख्न सक्नुमा बागलुङको आफ्नै विशेषता छ । यस लोकनृत्यले नेपाल भरि नै प्रसिद्धि पाइसकेको छ । यसप्रकारको सांस्कृतिक सम्पदालाई बागलुङको मात्र नभई राष्ट्रिय सांस्कृतिक सम्पदाका रूपमा लिइनुपर्छ भन्ने मान्यता रहनुका साथै हुलाक टिकटमासमेत सो नाचको टाँचा लगाइनुपर्छ भन्ने आमधारण रहेको पाइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

१९३७ को लिखित विवरण

१९३७ सालमिति भाद्र वदी १ रोज ७ मा डीठा जयँ नारसिंले
को नाच जगाउदा को मनजुवाफर्द मा नाचन्या वजा
उन्या को तपसील
श्री नागेश्वरी कोखार्क १ तपसील श्री हनुमान राजवीर १

नाचन्या — खिंज्या
ओला १ — वक्षमान १ के जोर १ — कुलप्रसाद कितिमान २
हत्तिमान १ — सेल्या १ के जोर १ — मुजुरा भक्त १
चन्द्रलाल १ — भक्तलाल १ के जोर १ — वक्कु
चन्द्र[illegible] १ — तेज वहादुर १ के जोर १ — मुछना सदासिव १
जित वहादुर १ — नारान १ के जोर १ — मुछनो धनराज १
भक्तलाल १ — तो नरसीं १ के जोली १ — जगाइ — जगा
सैंद्ये १ — इन्द्रलाल १ के जोली १ — स्याम सुन्द्र १ — १
पद्मान १ — कालु १ के जोली १ — प्रसुराम १ — १
गोप्या १ — हिरा १ के जोली १ — नरवें १ — १
कैल्या १ — भुन्या १ के जोली १ — वक्कु १ राजमान १
लिङ्देलाल १ — दिन १ के जोली १
टेक वहादुर १ — रत्नमान १ के जोली १ — अनारसिं १ जव्वार १
सुर्जलाल १ — जित वाहादुर १ के जोली १ — जेगु १ वि...

१३

छोकरा नागानागेनी
छो. कुंजमान कालु — १ — चिराग्या
ना. सुमन्तासिं सनमान — १ — भिजु — १
१५ — एँको डोरा — १

CC-0. In Public Domain. Digitization by eGangotri

१९३७ को लिखित विवरण

नाचको उठति मध्ये कोजमा मो रु ३१
मोहरू १५॥
२५ऊँडी रु ५॥
येै मध्ये खर्च जमा २५॥।
बोका ४ के मोरु ७
चीउरा के मो रु २
दास के मो रु ॥
रागो २ के मो रु १८
तेल धार्नी १ के मो रु १
घ्यु धार्नी ऽ१॥। के मो रु ॥
जाँड के मोरु २
नुन के मो रु ।
मसला के मो रु ।
चामल के मो रु २

तेल दिया जमा धर — १२ के धार्नी १० सेर ३
साथ कुरासि धार्नि १ — कृष्णाती धार्नि १
भोव सि धार्नि — १ — रत्तन बि धार्नि १
जवै धार्नि १ — नैन सिं धार्नि १
गोपिनाथ सेर ६ — ने पाल्या सित न्तिन धा १
गुरु रत्तन धार्नि १
नरसि धार्नि — ॥
लछिम नारान धार्नि १
देव नारसिं धार्नि — १

CC-0. In Public Domain. Digitization by eGangotri

१९३७ को लिखित विवरण

वन्दासि भागाको जमा

हनुमान नाच्नन्या २६ — कजी डिठ्ठा जयनरसिं १
धोकरा नाच्नन्या २ — मृदंगा कुल प्रसाद १
नागा नचयानी २ — पहलमान १
पुजाहारि २ — जुरन १
सदासिव १
रुप नरसिं ज्याली १
मुजुरा भक्क १

नास चोके को — फुल प्रसाद
मुक्तिनाथ १ हरि प्रसाद १ — अम्बरसिं
घड्डुती

भजनीआ — जीताराम
नरहरि १ रत्न बीर १ गोपीनाथ
नरबीर १ प्रसुराम १ ना
प्रेमसुन्दर १ जित बहादुर १ कृष्णलाल
अन्तसिं १ जीतबीर १ रुप नरसिं
मुनिरत्न १ उधव १ शिव रत्न १
[illegible]लाल १ मानिरत्न बुलो १ नरराज १
कुन्नरसिं १ चक्र १ डिठ्ठा रघुबीर १
मानबीर १ सीव सोखर १ काली दास १
क्रिष्णाज्या राना १ हिरा पाल १ हरि १
सिब रत्न १ डुर्तिमान १ फाडो १
लम्म १ कुबन
अम्बरसिं १ फुल गायन्या लकु
रत्नसीं सुवा १ मीना १
लाभिनारान १ मोति १
नबर १ भुरराज १
नाइक्या विर्ष १ क्रिश कुमारी १

वि.स. १९३७ सालमा प्रदर्शित हनुमान नाचको आय-व्ययको विवरण ओमकार प्रसाद गौचनबाट मिति २०६७।०२।२६ गते प्राप्त हस्तलिपि

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच संरक्षण परिषद्
यसको संस्थागत स्वरूप र संरचना

३.१८ प्राक्कथन

भादगाउँ (ख्वप) भक्तपुर वा भक्तग्राम, वनेपा, पनौती आदि स्थानबाट नेपालका विभिन्न शहर बजार वा बस्तीहरूमा विस्थापित भई आएकाहरूमध्ये बागलुङमा आएका नेवार समुदायले करिब २७५ वर्षदेखि यताको पुरानो हनुमान नाचलाई आफ्नो जातीय संस्कृतिमा रूपान्तरण गर्दै नित्य निरन्तर रूपमा संचालन गर्दै आएका छन् । यस प्रकारको पौराणिक सांस्कृतिक मूल्य र धार्मिक मान्यता बोकेको बागलुङको प्राचीनतम लोक संस्कृति हनुमान नाचलाई जगेर्ना गर्न र समयानुकूल संरक्षण, सम्वर्द्धन गर्ने उद्धेश्यमा अभिप्रेरित भई स्थानीय क्षेत्रका संस्कृतिकर्मी, समाजसेवी तथा यससँग सम्वद्ध भद्रभलाद्मीहरूको सक्रियतामा समाजका विश्वास योग्य संस्कृतिसेवी नारायणचोक निवासी नारायणप्रसाद श्रेष्ठको अध्यक्षतामा गठित समितिले वि.सं. २०४६ साल भाद्र १३ गते स्थानीय जिल्ला प्रशासन कार्यालय बागलुङबाट हनुमान नाच संरक्षण परिषद्को दर्ता नं.२२/२०४६/२०४७ नामले दर्ता गराई प्रस्तुत संस्थालाई संस्थागत स्वरूप प्रदान गरिएको छ । तत्पश्चात् सो संस्थाबाट विधि विधानपूर्वक हनुमान नाचको सांस्कृतिक परम्परा, कला, संस्कृति, प्रविधि, संरक्षण र यसको गरिमामय मौलिक पक्ष र मान्यतालाई निरन्तररूपमा कायमै राखी सु-संचालन गर्दै आइरहेको छ । यसका अतिरिक्त संस्थाले विधिपूर्वक मान्यता प्राप्त गरि सके पछि वि.सं. २०४६ साल भाद्र १३ गते सर्वप्रथम परिषद्का अध्यक्ष नारायणप्रसाद श्रेष्ठको अग्रसरता वा प्रधान कजी भई उक्त नाच बागलुङमा प्रदर्शन गराइयो । त्यसपछि पनि वि.सं. २०५१ सालमा श्रेष्ठ नै प्रधान कजी भई सो नाच निकालिएको थियो । यसरी वि.सं. २०५६ सालमा बैंक रोड बागलुङका संस्कृतिकर्मी चिनियामान शाक्य

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान कजी भई उहाँको अग्रसरतामा हनुमान नाच निकालिएको थियो । तत्पश्चात् परिषद्को अर्को महत्त्वपूर्ण कार्य वि.सं. २०५७ सालमा बागलुङकी संस्कृतिसेवी श्रीमती कमलकुमारी श्रेष्ठद्वारा आफ्ना स्वर्गीय पति हरिशंकर श्रेष्ठको इच्छामुताविक उहाँको स्मृतिमा बागलुङ नगरपालिका वडा नं ११ उपल्लाचौर स्थित करिब ११ आना निजी जग्गामा छाने शैलीमा निर्मित सुन्दर कलात्मक राममन्दिर र सो मन्दिरभित्र प्रतिस्थापित सिङ्गमरमरका भगवान राम, सीता, लक्ष्मण र भक्त वत्सल हनुमानका मूर्तिहरूसहितको उक्त जग्गा वि.सं २०६१ सालमा श्री कमलकुमारी श्रेष्ठको परिवारका तर्फबाट सार्वजनिक रूपमा हनुमान नाच संरक्षण परिषद्को नाममा हस्तान्तरण भएको उदाहरणीय कार्य सम्पन्न गरिएको थियो ।

यसअघि बागलुङ नगरपालिका बडा नं. ४ स्थित अर्थात् बागलुङ बजारबाट पश्चिमतर्फ जाने मूल मार्ग करिब ३/४ सय मिटर पश्चिमतर्फको पूर्वकालीन छहरा पधँराको प्रर्ति जग्गामा वि.सं. १९७४ सालमा बागलुङ अदालतमा अड्डा प्रमुख भई आएका तत्कालीन **डिठ्ठा जयकृष्ण पाध्या (शर्मा)** ले आफ्नो कार्यकालमा विभिन्न श्रद्धालुजनहरूसँग केही चन्दा संकलन गरी बागलुङमा आउने जाने सर्वसाधारण मानिसहरूका लागि बास बस्न सजिलो होस् भन्ने पवित्र उद्देश्य राखी (बागलुङ नयाँ बजार बौद्धविहारका संस्थापक संरक्षक ९५ वर्षीय विचारी रामलाल शाक्यद्वारा वि.सं. २०५२।२।१ को हस्तलिखित विवरणका अनुसार सामान्य खालको पौवा निर्माण गरीदिएको इतिहास छ । सोही जग्गाको साथमा बागलुङ भीमसेन टोल वा किनारा टोलका स्व. नन्दप्रसाद तथा स्व. पदमप्रसाद श्रेष्ठ (डोके नेवार) कोसमेत भैसी बान्ने कटेरो र वरपीपल भएको चौतारोको साथमा रहेको प्रतिजग्गा (वि.सं. २०१८ सालमा सम्पूर्ण बागलुङबासीहरूद्वारा पिउने पानी टंकी निर्मित ठाउँ) मा कला र संस्कृतिको संरक्षण गर्ने उद्धेश्यले **वि.सं. २०३४ सालमा स्थापित लक्ष्मीनारायण कला मन्दिरको** अग्रसरतामा

CC-0. In Public Domain. Digitization by eGangotri

उक्त पुरानो पौवालाई भत्काई समयानुकूल सोही ठाउँमा कालो ढुङ्गाको छानो भएको एक तले नयाँ पक्की पौवाको निर्माण गरी त्यस थलोलाई हनुमान पौवाको नामकरण गरियो। जुन हनुमान पौवाबाट कला मन्दिरले आफ्नो सम्पूर्ण धार्मिक तथा सांस्कृतिक उत्थानका कार्यक्रम संचालन गर्दै आउनुका साथै सो क्षेत्रको परिसरभित्र पर्ने पहिलेदेखि नै भीर पहरोमा अवस्थित पत्थरको हनुमानको मुख्य ठूलो मूर्ति र सानो दुईवटा मूर्तिहरूलगायतका हनुमान बगैचा (वाटिका) को समेत संरक्षण र सम्वर्द्धन उक्त लक्ष्मीनारायण कला मन्दिरबाट गर्दै आएको अवस्थामा बागलुङको प्रसिद्ध पुरानो हनुमान नाचलाई संस्थागत रूपमा विकास गर्दै लैजान यहाँका संस्कृतिकर्मी, बुद्धिजीवीहरूको सरसल्लाह र सद्भावनाबमोजिम वि.सं. २०४६ सालमा हनुमान नाच संरक्षण परिषद्को संस्था दर्ता भएपछि सो क्षेत्रको सम्पूर्ण अधिकार परिषद्कै मातहतमा रहने गरी संचालन गरेको छ। त्यसको उत्थान, संरक्षण र सम्वर्द्धनको जिम्मा परिषद्ले नै लिएको छ। वि.सं. २०६५ मा उक्त स्थानमा करिव १२/१४ लाखको लागतमा आधुनिक सुविधायुक्त नयाँ भवनको निर्माण भैसकेको छ। सो नयाँ भवनलाई **हनुमान धर्मशाला** नामकरण गरिएको छ। यसरी निर्माण भएको उक्त धर्मशालाको भूँई तला स्थानीय बागलुङ नगरपालिका-२, मरेपिपल निवासी चिरञ्जीवीकुमार तथा उनकी श्रीमती सहनशीला श्रेष्ठ द्वयको इच्छानुसार आफ्ना स्व. पिता दानबहादुर श्रेष्ठ तथा स्व. आमा (सासू) देवीकुमारी श्रेष्ठको पुण्य स्मृतिमा वि.सं. २०६२ सालमा २,८०,००० ।- को आफ्नो निजी लगानीमा निर्माण गरीदिनु नितान्त सराहनीय कार्य भएको छ। उक्त निर्माण कार्यमा लाग्ने रकमबाहेकको बाँकी रकम हनुमान नाच संरक्षण परिषद्ले नै ब्यहोरेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

३.१९ अग्रगमन सोच

हनुमान नाच नचाइने क्रममा परिषद्का वर्तमान् अध्यक्ष परशुराम श्रेष्ठ प्रधान कजी भई वि.सं. २०६३ साल भाद्र ६ गते बागलुङमा उक्त नाच नचाइने कार्य भएको थियो । पौराणिक, धार्मिक एवम् सांस्कृतिक रूपमा रहेको लोकसंस्कृतिको आधारमा आधारित हनुमान नाचलाई बागलुङको आसपासबाहेक अन्यत्र सीमा पार गरी लैजान नहुने पुरानो परम्परा रहिआएको अवस्थामा समयको माग र अग्रगमन सोचको आधारमा बागलुङका संस्कृतिकर्मीहरूको सरसल्लाहानुसार फड्को मार्दै परशुराम श्रेष्ठको कार्यकालमा करिब २५०-२७५ (२०६३ साल पछि) पछि बागलुङबाट छिमेकी गण्डकी अंचलको कास्की जिल्लाको सदरमुकाम सुन्दरनगरी पोखरामा वि.सं २०६३ कार्तिक १७ र १८ गते दुई दिनसम्म भव्यरूपमा उक्त नाच प्रदर्शन गरिनु प्रस्तुत हनुमान नृत्यको बहिर्गमन कार्यमा यो नै पहिलो इतिहास थियो ।

पोखरामा बागलुङका कलाकारहरुद्वारा प्रदर्शित हनुमान नाचको दृश्य
(फोटो सौजन्य:- केशव वझा)

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी नै वि.सं. २०६३ साल पुस १२/१३ गते बुटवलमा र पुस १४ गते भैरहवामा प्रदर्शन गरिएको थियो ।

बुटवल नगरीमा बागलुङका कलाकारहरुद्वाराप्रदर्शित
हनुमान नाचको दृश्य
(फोटो सौजन्यः- प्रदीप प्रधान)

भैरहवा नगरीमा हनुमाननाच प्रदर्शन गराइएको दृश्य
(फोटो सौजन्यः- केशव बफा)

CC-0. In Public Domain. Digitization by eGangotri

एवं प्रकारले बागलुङ समाजकल्याण केन्द्र, काठमाडौंको आह्वानमा हनुमान नाच संरक्षण परिषद्को अग्रसरतामा वि.सं. २०६३ साल चैत्र २६ गते हनुमान नाचको उद्गमस्थान मानिने भक्तपुरमा लगी सो नचाइएको थियो भने २०६३ चैत्र २७ गते काठमाडौँको बसन्तपुर डबली दरवार स्क्वायरमा ऐतिहासिक रूपमा प्रदर्शन गरिने कार्य सम्पन गरिएको थियो ।



भक्तपुरमा बागलुङका कलाकारहरुद्वारा प्रदर्शित हनुमान नाचको दृश्य

यसरी परिषद्ले प्रस्तुत नाचलाई देशव्यापी रूपमा प्रदर्शन गर्दै लैजाने लक्ष्य राखेको भए तापनि अन्य लोकनृत्यको तुलनामा प्रस्तुत नाचको व्यवस्थापन पक्षमा बढीभन्दा बढी खर्च लाग्ने हुन जाने भएकाले पनि विभिन्न शहरी क्षेत्रहरूमा लैजान प्राय असम्भव देखिन्छ ।

विभिन्न कालखण्डमा हनुमान नाच संचालन गर्नाका निमित्त यस क्षेत्रका जिम्मेवार व्यक्तिहरू सक्रिय रूपमा संलग्न भएका प्रधान कजीहरूको रूपमा वर्तमानकालसम्म आकलन गर्दा बागलुङ नारायण

CC-0. In Public Domain. Digitization by eGangotri

वसन्तपुर, डबली स्क्वारमा बागलुङका कलाकारहरुद्धाराकाठमाडौमा प्रदर्शित हुनमान नाचको दृश्य (फोटो कान्तिपुर पत्रिकाबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

चोकका नारायणप्रसाद श्रेष्ठले वि.सं २०३१, २०३९, २०४६, र २०५१ साल तक गरी चार पटकसम्म सबभन्दा बढी प्रधानकजी भई उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ ।

हनुमान नाचकै सन्दर्भमा बागलुङमा पहिलेदेखि नचाउँदै आएको यसप्रकारको लोकनृत्यलाई मूल आधार मानी बागलुङका केही नेवारहरू म्याग्दी, बेनी बजारमा स्थानान्तरण भएका र बेनी बजारका स्थानीय नेवारहरूको सहकार्यबाट आजभन्दा ३५ वर्ष पहिले वि.सं. २०३१ देखि सो ठाउँमा हनुमान नाच नचाइने गरेको पाइन्छ । त्यस्तै पर्वत, कुश्मा बजारका स्थानीय नेवार समुदायबाट अर्थात् २९ वर्षपछि वि.सं. २०६५ साल असोज १९ गते विजया दशमी र तिहारको अवसरमा नचाइएको विषयमा कुश्माका पत्रकार लक्ष्मण सापकोटाकानुसार (धौलागिरि जागरण वर्ष २ अंक १६०, २०६५ असोज १९ गते आइतवार) उल्लेख गरेको पाइन्छ ।

पर्वत, कुश्मामा प्रदर्शित हुनमान नाचको दृश्य
(फोटो सौजन्य:- रमेश श्रेष्ठ)

३.२० प्रतिक्रिया

यस प्रकारको पौराणिक, धार्मिक र सांस्कृतिक महत्त्व बोकेको

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाचका सम्वन्धमा बागलुङमा कहिलेदेखि र कसको सक्रियतामा सुरू गरिएको हो भन्ने सवालमा आजसम्म प्रस्ट हुन सकेको पाइदैन । तापनि कसै/कसैले २७५ वर्ष पहिलदेखि सुरू भएको हो भनेका छन् भने, कसै/कसैको करिब २५० देखि २७५ वर्ष पहिलेदेखिको पुरानो नाच भन्ने मान्यता रहिआएको छ । त्यस्तै बागलुङबाट वि.सं २०६३ साल चैत्र २६ गते भक्तपुर र चैत्र २७ गते काठमाडौं बसन्तपुर दरवार स्क्वायरमा प्रदर्शन गरेपछाडि कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका, राष्ट्रिय संस्करण वर्ष १५, अंक ५२, २०६३ चैत्र २८ गते तस्वीरसहितको कान्तिपुर पत्रिकामा प्रकाशित मुख पृष्ठमा उक्त पत्रिकाको प्रतिक्रियानुसार बागलुङको हनुमान नाच **दुई सय तीस वर्ष अघि (वि.सं. १८३३ सालमा) पृथ्वीनारायण शाहले उपत्यकामा आक्रमण गर्दा भक्तपुरबाट विस्थापित भएका भक्तपुरे मल्ल समुदायले त्यसवेलादेखि बागलुङमा यो नाचको सुरूवात गरी त्यसको तिरन्तरता दिँदै आएका हुन् । त्यतिबेला आक्रमणको विरोध गर्नेहरूमध्ये प्रमुख सात व्यक्तिहरू बागलुङमा लखेटिएको हुँदा तिनीहरूबाट नै प्रारम्भ गरिएको** कुरालाई प्रमुखता दिई छापिएको समाचार भए तापनि ती सात जना नेवारहरूको नाम समेत उल्लेख भएको भए राम्रो हुने थियो तर उल्लेखत नहुँदा यस विषयमा स्पष्ट हुन नसकेको देखिन्छ ।

त्यस्तै नेपाल लोकसंस्कृति समाज, काठमाडौंद्वारा मिति २०६३ मंसिर २९ र पुस १ गते (दुई दिने राष्ट्रिय सम्मेलन) आयोजित **प्रथम राष्ट्रिय लोकवार्ता सम्मेलनमा राष्ट्र**भरका विशिष्ट विद्वान् तथा संस्कृतिविद्हरूद्वारा विभिन्न भाषामा प्रस्तुत गरिएका ६८ वटा उच्चस्तरीय कार्य पत्रहरूमा धवलागिरि अंचलको तर्फबाट यसका पंक्तिकार प्रस्तोता प्रेम छोटाले सो सम्मेलनमा **"हनुमान नाच बागलुङको प्राचीनतम लोकसंस्कृति"** नामक कार्यपत्र प्रस्तुत गर्ने अवसर प्राप्त भएको थियो । प्रस्तुत कार्यपत्रमा आयोजक संस्थाका केन्द्रीय अध्यक्ष प्रा. तुलसी दिवसले **"बागलुङमा नचाइने पुरानो हनुमान नाच भक्तपुरबासीको**

CC-0. In Public Domain. Digitization by eGangotri

उपज मानिन्छ तापनि त्यसप्रकारको नाच भक्तपुर र ललितपुरमा लोप भइसकेको छ तर त्यसको जगेर्ना र संरक्षण आजसम्म बागलुङ्मा रहन सकेकोमा गौरवको अनुभूति गर्नुपर्छ । प्रस्तुत कार्यपत्रले के जनाउँछ भने, अर्को कुरा भक्तपुर र ललितपुरबासीका लागि एउटा थप चुनौती भइदिएको छ" भनी खरो रूपमा प्रतिक्रिया जनाउनु भएबाट यसले आफ्नै प्रकारको गौरवमय इतिहास बोकेको छ भन्नमा अत्युक्ति नहोला ।

३.२१ उपसंहार

उल्लिखित विभिन्न संस्कृतिकर्मी, स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूद्वारा आ-आफ्नो लिखित तर्क वा दृष्टिकोणहरू प्रस्तुत गरिएको भए तापनि ती सवै अनुसन्धानका विषय बन्न पुगेका छन् । परन्तु समग्रमा भन्नुपर्दा आजसम्मको करिब ३०० वर्षको इतिहासमा शोधखोज, अध्ययन, अनुसन्धान तथा जनश्रुतिका आधारमा वि.सं. १७६८ सालमा पहिलो पटक बागलुङ प्रवेश गरेपछिको अवस्थादेखि वि.सं. २०६८ सालसम्म आई पुग्दाको कालावधि ३०० वर्ष जति भएको देखिन्छ, भने बागलुङको हनुमान नाचलाई कसरी ३०० वर्ष पहिलेको नाच हो भन्ने ? अर्को कुरा दुई/चार जना नेवारहरू आउँनासाथ तिनीहरुबाट देखाउने कुराको पनि सम्भव देखिन्न । बरू सुरूको अवस्थादेखि २५/३० वर्षपछि मात्र भक्तपुरबाट विस्थापित हुँदै गरेका नेवार समूहको मिलोमतोमा आफ्ना पुर्खाले देखाउँदै आएका हनुमान नाचलाई आफ्नो जातीय संस्कृतिलाई जगेर्ना गरिनु पर्छ भन्ने मान्यता राखी सम्भवत २५०-२७५ वर्षदेखि यता बागलुङमा सुरूवात गर्न थालेको मनासिव देखिन्छ कि भन्ने यस पङ्क्तिकारको धारणा रहेको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

२०१३ सालपछिका प्रधान कजी र ज्यामाको हुने कलाकारहरूको क्रमिक स्वरूप

३.२२ प्रारम्भ

हनुमान नाच नेवारी लोक संस्कृतिहरूमध्ये एक प्रमुख मानिन्छ । यो हिन्दू संस्कृतिभित्र परे पनि नेपालका नेवारजातिले यसलाई आफ्नो लोकसंस्कृतिभित्र भित्रयाएको पाइन्छ। यसको मूलस्थान भादगाउँ मानिआएको भए तापनि बागलुङ बजार (वा.न.पा.-४) को पश्चिमपट्टि करिव एक चौथाइ मिटर पर छहरा पधँराको पहराको मध्यखण्डमा करिव तीन फुट अग्लो सवा एक फुटजति चौडा शिला (प्रस्तर) मा कुँदिएको सुन्दर कलात्मक हनुमानको मूर्ति स्थापना गरिएको छ। यसका दायाँ वायाँमा शिलामै कुदिँएका ससाना दुईवटा हनुमान (आकृति) का मूर्तिहरू पनि राखिएका छन् । बागलुङमा हनुमान नाच प्रारम्भ यही मूल थलोवाट गरिन्छ र विसर्जन पनि यहिँ गरिन्छ।

यिनै स्थानमा स्थापित उक्त मूर्तिको आधारलाई लिएर एक थरी का बूढापाकाको भनाइमा बागलुङ वजारमा कुनै पनि सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्नु पर्दा भादगाँउ वा बनेपाबाट विस्थापित भै आएका नेवारहरूमध्ये त्यसबखतका चौधरी (तालुक मुखिवा) को काम गर्ने गर्थे। तिनै चौधरी खलकको मातहतमा रही हरेक वर्ष रक्षा बन्धनको भोलिपल्टदेखि कृष्णजन्माष्टमीसम्म विभिन्न प्रकारका मनोरञ्जनजन्य लोकनृत्यहरूमा रोपाई नाच, नागानागिनी नाच, जोगी नाच, भरथरी नाच, धानको वाला नाच, शिकारी नाच, घोडे नाच, तायोमोचा नाच, बाघमारा नाच, पल्टन नाच र बास्सा नाचको रूपमा रामलीला, कृष्णलीला, विष्णुलीलालगायत घण्टाकर्ण पर्व आदि लोक नृत्यहरू देखाउने चलन थियो र छ तापनि उक्त लोक नृत्यहरू नेवारी जातिका आफ्नै मौलिक लोकसंस्कृतिको

CC-0. In Public Domain. Digitization by eGangotri

उपज मान्न सकिन्छ ।

बागलुङमा यस्ता नाचहरूको प्रारम्भकालदेखि बिसौं शताब्दीको उत्तरार्द्धतिर यी नाचहरूको संयोजन चौधरी खलक अर्थात् समाजका जिम्मेवार वा प्रतिष्ठित व्यक्तिहरूलाई उक्त नाचहरूको मूलकजी बनाई नृत्य अवधिभर सम्पूर्ण कार्यको जिम्मा लगाइने र मूल कजीको सहयोगका लागि अन्य आवश्यकता अनुसारका ५०/६० जना सहयोगी कजी बनाइने परम्परा रही आएको पाइन्छ । चौधरी खलकहरूकै क्रममा वि.स. २०६४ साल भाद्र २३ गते बागलुङ देउराली (भिमसेन) चोक निवासी स्व.सत्यमान श्रेष्ठका माइला छोरा ९४ वर्षीय मोतिकुमार श्रेष्ठका अनुसार बागलुङ बजारको उत्तर दिशातिर पर्ने राधाकृष्ण टोल (बलमान श्रेष्ठ-पूर्तिघाटे नेवारको घर नेरको चोक) का प्रमुख व्यक्ति **काजीमान चौधरी, माथवर चौधरी, बागलुङ बजार किनारा टोलका पहलमान चौधरी** आदिका अग्रसरतामा नचाइने गरिन्थ्यो भने तत् पश्चात पनि उक्त स्थानबाट नृत्य सुरू गरी सोही स्थानमा विर्सजन गर्ने गरिन्थ्यो । त्यसपछि स्व. अमरबहादुर-शिवकुमार प्रधानको निवासस्थान जहाँ खालि चौरजस्तो जग्गा रहेको थियो । तिनै ठाउँबाटसमेत हनुमान नाच नचाइने गरिन्थ्यो । तत्कालीन समयमा उक्त हनुमान नाचको मूलकजी गणेशप्रसाद श्रेष्ठ (बाङगे गुरू) को पिता **स्व.लक्ष्मीप्रसाद श्रेष्ठ** पछि स्वयम् **गुरू गणेशप्रसाद श्रेष्ठ** प्रधान कजी भई हनुमान नाच सञ्चालन गरेको कुरा यहाँका बूढापाकाहरूको भनाइबाट सिद्ध हुन आउँछ। वि.स. २०१३ सालपछि नारायणचोकस्थित ठूलो चौपारीलाई मुख्य स्थान बनाई उक्त मितिदेखि मूल आधार मानि हनुमान नाच नचाइने गरेको इतिहास छ। तत् पश्चात् लामो समयको अन्तरालमा वि.स. २०१३ सालमा हनुमान नाचलाई व्यवस्थित रूपमा नचाईनुपर्छ भन्ने सोचका साथ बागलुङमा स्थायी रूपमा बसोवास गर्दै आएका नेवारजातिइतरका थकालीजाति जसले समाज रूपान्तरणको जिम्मेवार वोकेका प्रसिद्ध समाज सेवी स्व. ओमप्रसाद गौचनको जेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

पुत्र ओमकारप्रसाद गौचनको प्रमुख अग्रसरतामा अर्थात् उहाँ नै मूलकजी भई उक्त नाच नचाइएको उहाँ स्वयम्बाट जानकारी प्राप्त भएको हो । यसभन्दा अघि माथि उल्लिखित व्यक्तिहरू मूलकजी हुनुभन्दा पहिले को-को मूलकजी भएर आफ्नो भूमिका निर्वाह गरे तिनिहरूको नाम खोजअनुसन्धानकै गर्भभित्र रहेका छन् । अनुसन्धानकै सिलसिलामा जे जति प्रधान कजी भएर आफ्नो भूमिका निभाएका थिए तत्तत् समयका प्रधान कजीहरूको नाम र तत्तत् समयका अघिल्लो र पछिल्लो ज्यामाको (अघिल्लो मुख्य हनुमान-पछिल्लो मुख्य हनुमान) रूपमा भै खेले जतिका हनुमान कलाकारहरूको नामावलीहरू निम्नअनुसारका रहेको देखिन्छ:

३.२३ (क) वि.स. २०१३ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी ओमकारप्रसाद गौचनको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामा (हनुमान)को हुने कलाकारहरू

प्रधानकजी-२०१३

जन्म वि.सं. १९९२ पुस ९ गते ।

CC-0. In Public Domain. Digitization by eGangotri

अघिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकारको जोडी

क) दायाँतर्फ बलबहादुर शाक्य (नौवीसे टोल, उर्फ डोपा)

ख) वायाँतर्फ गोपालप्रसाद श्रेष्ठ (बागलुङ देउराली चोकका, उर्फ रिडिवाले गोपाल)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ गणेशबहादुर श्रेष्ठ (बागलुङ किनारा टोल)

ख) बायाँतर्फ हरिवहादुर श्रेष्ठ (कप्पुटोल घम्पू)

स्रोतः ओमकारप्रसाद गौचनका अनुसार

३.२४ (ख) वि.स. २०१५ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी स्व.पदमप्रसाद श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामा (हनुमान) को हुने कलाकारहरू



पदमप्रसाद श्रेष्ठ
प्रधान कजी-२०१५
जन्म-वि.सं. १९७४।३।१५-२०३५।५।३१

अघिल्लो ज्यामाको (मुख्य हनुमान हुने कलाकार जोडी)

क) दायाँतर्फ बलबहादुर शाक्य (बागलुङ नौवीसे टोल, उर्फ

CC-0. In Public Domain. Digitization by eGangotri

डोपा)

ख) वायाँतर्फ गोपालप्रसाद श्रेष्ठ (बागलुङ देउराली चोक, उर्फ रिडिवाले गोपाल)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ गणेशबहादुर श्रेष्ठ (बागलुङ किनारा टोल, प्रेम छोटाका दाजु)

ख) बायाँतर्फ हरिबहादुर श्रेष्ठ (बागलुङ कम्पुटोल, उर्फ घम्पू)

(ओमकारप्रसाद गौचनबाट प्राप्त जानकारी अनुसार)

३.२५ (ग) वि.स. २०१९ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी ओमकारप्रसाद गौचनको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामा (हनुमान)को हुने कलाकारहरू

ओमकारप्रसाद गौचन
प्रधानकजी-२०१९
जन्म वि.सं. १९९२ पुस ९ गते।

CC-0. In Public Domain. Digitization by eGangotri

अघिल्लो ज्यामाको (मुख्य हनुमान हुने कलाकार जोडी)

क) दायाँतर्फ बलबहादुर शाक्य (बागलुङ नौवीसे टोल, उर्फ डोपा)

ख) वायाँतर्फ गोपालप्रसाद श्रेष्ठ (बागलुङ देउराली चोक, उर्फ रिडिवाले गोपाल)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ गणेशबहादुर श्रेष्ठ (बागलुङ किनारा टोलका, प्रेम छोटाको दाजु)

ख) बायाँतर्फ हरिबहादुर श्रेष्ठ (बागलुङ कम्पुटोल, उर्फ घम्पू)

(ओमकारप्रसाद गौचनबाट प्राप्त जानकारी अनुसार)

३.२६ (घ).वि.सं. २०२५ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी डा.रामकुमार श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामा (हनुमान) कोका कलाकारहरू

डा.रामकुमार श्रेष्ठ
प्रधान कजी-२०२५
जन्म-वि.सं १९९४।११।१३

CC-0. In Public Domain. Digitization by eGangotri

अघिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकार जोडीहरू

क)दायाँतर्फ हरिबहादुर श्रेष्ठ (बागलुङ कम्पुटोल, उर्फ घम्पू)

ख) हरिगोविन्द राजभण्डारी (कम्पुटोल बागलुङ)

पहिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ कमलमान शाक्य (बागलुङ नयाँ बजार)

ख) बायाँतर्फ रामबहादुर के.सी. (बागलुङ गुठी)

३.२७ (ङ).वि.सं. २०३१ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी बागलुङ बजार नारायण चोकका नारायणप्रसाद श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) का कलाकारहरू



नारायणप्रसाद श्रेष्ठ
प्रधान कजी-२०३१
१९८७४।२७-२०६६।३।१४

अघिल्लो ज्यामाको (मुख्य हनुमान हुने कलाकार जोडीहरू)

क) दायाँतर्फ हरिबहादुर श्रेष्ठ (बागलुङ कम्पुटोल उर्फ घम्पु

CC-0. In Public Domain. Digitization by eGangotri

ख) बायाँतर्फ द्वारिका नारायण भारी

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ भरतकुमार श्रेष्ठ (भीमसेन चोक-बागलुङ)

ख)बायाँतर्फ पदमप्रसाद शाक्य (नयाँबजार बागलुङ)

३.२८ (च) वि.सं. २०३५ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी बागलुङका बरिष्ठ समाज सेवी (नेवार समुदाय इतरका) ओमप्रसाद गौचनको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) हुने कलाकारहरू

ओमप्रसाद गौचन

प्रधान कजी-२०३५

जन्म- वि.सं. १९६१।८। धान्य पूर्णिमा-२०४८।१०।२१

अघिल्लो ज्यामाको (मुख्य हनुमान हुने कलाकार जोडीहरू)

क) दायाँतर्फ कृष्णशंकर श्रेष्ठ (बागलुङ बजार किनाराटोल)

ख) बायाँतर्फ चिरञ्जीवीकुमार श्रेष्ठ (बागलुङ किनाराटोल)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ हरिकृष्ण प्रधान (बागलुङ बजार किनाराटोल)

CC-0. In Public Domain. Digitization by eGangotri

ख) बायाँतर्फ शारदाप्रसाद शाक्य (नयाँबजार बागलुङ)

३.२९ (छ) वि.सं. २०३९ सालमा लक्ष्मीनारायण कला मन्दिर बागलुङको संयोजनमा प्रदर्शित हनुमान नाचको प्रधानकजी बागलुङ बजार नारायण चोक निवासी नारायणप्रसाद श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाका (हनुमान) हुने कलाकारहरू



नारायणप्रसाद श्रेष्ठ
प्रधान कजी-२०३९
१९८७।४।२७-२०६६।३।१४
यज्ञमान श्रेष्ठ
उपप्रधान कजी-२०३९
१९७९।४।७-२०४६।७।२२

अघिल्लो ज्यामाको (मुख्य हनुमान हुने) कलाकारका जोडीहरू

क) दायाँतर्फ शिवप्रसाद शाक्य (बागलुङ बौद्ध विहार)

ख) बायाँतर्फ नारायणप्रसाद श्रेष्ठ (देउराली चोक-बागलुङ)

पछिल्लो ज्यामाको र अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ सुरेसप्रसाद श्रेष्ठ (देउराली चोक-बाागलुङ)

CC-0. In Public Domain. Digitization by eGangotri

ख) बायाँतर्फ हरिकृष्ण प्रधान (बागलुङ बजार किनाराटोल)

३.३०(ज) वि.सं. २०४६ सालमा हनुमान नाच संरक्षण परिषद् बागलुङको पहिलो अध्यक्ष तथा प्रधानकजी नारायण चोक निवासी नारायणप्रसाद श्रेष्ठ, उपप्रधान कजी यज्ञमानको कार्यकालमा अघिल्लो रपछिल्लो ज्यामाको (हनुमान) हुने कलाकारहरू

नारायणप्रसाद श्रेष्ठ
प्रधान कजी-२०४६
१९८७।४।२७-२०६६।३।१४

अघिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकारका जोडीहरू

क) दायाँतर्फ सुरेन्द्र नारायण श्रेष्ठ (बागलुङ नारायण चोक)

ख) बायाँतर्फ विक्रमप्रसाद श्रेष्ठ (बागलुङदेउराली चोक)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ दीवाकर श्रेष्ठ(बाागलुङ नारायण चोक)

ख) बायाँतर्फ उमेशप्रसाद श्रेष्ठ (बागलुङ, किनाराटोल)

CC-0. In Public Domain. Digitization by eGangotri

३.३१ (झ) वि.सं. २०५१सालमा प्रदर्शित हनुमान नाच संरक्षण परिषद्‌को अध्यक्ष एवं प्रधानकजी नारायणप्रसाद श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) हुने कलाकारहरू



नारायणप्रसाद श्रेष्ठ
प्रधान कजी-२०५१
जन्म-१९८७।४।२७-२०६६।३।२७

अघिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकारका जोडीहरू

क)दायाँतर्फ सुरेन्द्र नारायण श्रेष्ठ (बागलुङ नारायण चोक)

ख) बायाँतर्फ ईश्वरप्रसाद श्रेष्ठ (बागलुङ देउराली चोक)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फकेशवप्रसाद वझा (नौवीसे टोल बाागलुङ)

ख) बायाँतर्फगणेशप्रसाद श्रेष्ठ (देउराली चोक, बागलुङ)

CC-0. In Public Domain. Digitization by eGangotri

३.३२ (न) वि.सं. २०५६ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी बैङ्क रोड निवासी चिनियामान शाक्यको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) हुने कलाकारहरू

चिनियामान शाक्य
प्रधान कजी-२०५६
जन्म-१९९४।८।६

अघिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकार जोडीहरू

क) दायाँतर्फ सुरेन्द्रनारायण श्रेष्ठ (बागलुङ, नारायण चोक)

ख) बायाँतर्फ केशवप्रसाद वझा (नौवीसे टोल, बागलुङ)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ राजकुमार श्रेष्ठ (देउराली चोक, बागलुङ)

ख) बायाँतर्फ गणेशप्रसाद श्रेष्ठ (देउराली चोक, बागलुङ)

CC-0. In Public Domain. Digitization by eGangotri

३.३३ (ट) वि.सं.२०६३ सालमा प्रदर्शित हनुमान नाच संरक्षण परिषद्का अध्यक्ष तथा प्रधान कजी परशुराम श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) हुने कलाकारहरू



परशुराम श्रेष्ठ
प्रधान कजी-२०६३
जन्म-२००६।११।१२

अघिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकारहरूको जोडी

क) दायाँतर्फ केशवप्रसाद वझा (महेन्द्र पथमा, स्थानान्तरण)

ख) बायाँतर्फ राजकपुर श्रेष्ठ (देउराली चोक, बागलुङ)

पछिल्लो ज्यामाको अन्तिम पंक्तिका मुख्य हनुमान हुने कलाकारहरू

क) दायाँतर्फ रामसुन्दर श्रेष्ठ (नारायण चोक, बागलुङ)

ख) बायाँतर्फ प्रचण्डप्रसाद श्रेष्ठ (नौबीसे टोल, वागलुङ)

पौराणिक तथा धार्मिक ग्रन्थ रामायणलाई मूल आधार मानी भादगाउँबाट बागलुङमा परम्परागत रूपमा वागलुङका नेवार समुदायले हनुमान नाचलाई लोकसंस्कृतिका रूपमा आफ्नो जातीय संस्कृतिभित्र

CC-0. In Public Domain. Digitization by eGangotri

प्रविष्ट गराई करिब २७५ वर्ष पहिलेदेखि २०५६ सालसम्म उक्त नाचलाई बागलुङको आसपासमा बाहेक अन्य सीमा पारी लैजान नहुने (रोक लगाइएको अवस्थामा) तत्कालीन बूढापाकाहरूको मान्यता तथा परम्परा रहि आएको अवस्थालाई समयको माग र यस लोकनृत्यको अग्रगमन सोंचको आधारमा फड्को मार्दै वि.स. २०६३ सालमा परिषद्का अध्यक्ष एवं प्रधान कजी परशुराम श्रेष्ठले उक्त नृत्यसंग सम्वद्ध संस्कृतिकर्मी तथा कला कर्मीहरूको पहलमा करिब २७५ वर्षपछिको उक्त नृत्यलाई सर्वप्रथम गण्डकी अञ्चल कास्की जिल्ला, पोखराको सुन्दर नगरीमा वि.सं. २०६३ साल कार्तिक १७ र १८ गते प्रदर्शनका लागि लगियो । यसरी बाहिर लगिएको यस नृत्यको यो नै पहिलो इतिहास हो । त्यसपछि वि.सं. २०६३ साल पुस १२ र १३ गते लुम्विनी अंचल, बुटवल र भैरहवामा प्रदर्शन गरिएको थियो । एवं प्रकारले २०६३ चैत्र २६ गते काठमाडौं, भक्तपुर आदि स्थानहरूमा प्रदर्शन गर्नमा सफल भएको थियो । यसरी हनुमान नाच संरक्षण परिषद्ले यस नृत्यलाई देश ब्यापी रूपमा प्रदर्शन गर्ने गराउने लक्ष्य राखेको छ तापनि अन्य लोकनृत्यहरूका तुलनामा यस नृत्यलाई व्यवस्थापन र सम्पादन गर्न बढी खर्चिलो भएकाले विभिन्न स्थानमा देखाउन झन् कठिन होला नि ? तैपनी समयको मागलाई ध्यानमा राखी आवश्यकतानुसार मुलुकको विभिन्न स्थानहरूमा लैजान सकिने प्रावधान रहेको छ ।

स्रोतव्यक्तिः वि.सं. २०६७।१।५ गते हनुमान नाच संरक्षण परिषद्का अध्यक्ष परशुराम श्रेष्ठबाट वि.सं. २०२५ सालदेखि २०६३ सालसम्म माथि उल्लेखित नं. ४ देखि नं. ११ सम्म बागलुङ्मा प्रदर्शित हनुमान नाचको प्रधानकजी र ज्यामाको हुने कलाकारहरूको नामावलीको प्राप्त विवरण अनुसार ।

CC-0. In Public Domain. Digitization by eGangotri



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

म्याग्दी जिल्लाको वृत्तचित्र

३.३४.१.अवस्थितिः-८३-८३।४३° पूर्वीदेशान्तर र २८°-२०-२०°४०° उत्तरी अक्षांशमा अवस्थित छ।

२.उचाइः-न्यूनतम १२०० फिट (समुन्द्री सतहदेखि करिव ५० मिटर उचाइमा स्थित म्याग्दी र कालीगण्डकीको संगम दोभान जिल्लाको सदरमुकाम बेनी बजार)

३.क्षेत्रफलः-२०८१२०.७ हेक्टर (२०८१ बर्ग कि.मी.)

४.भौगोलिक अवस्थितिः- मध्येपहाडी जिल्ला (४०० पर्वत)

५.सिमानाः- पूर्वमा कास्की र पर्वत,

पश्चिममा बागलुङ, डोल्पा र रूकुम,

उत्तरमा मनाङ, मुस्ताङ र डोल्पा,

दक्षिणमा बागलुङ

६.गा.वि.स.:- ४० वटा (वडाहरू (९× ४०) = ३६०

७.इलाकाः- ११ वटा

८.निर्वाचन क्षेत्रः- १ वटा

९.विकास क्षेत्रः- पश्चिमाञ्चल

१०.सदरमुकामः- वेनी (अर्थुङगे)

११अंचलः- धवलागिरि

१२.जनसंङख्याः- राष्ट्रिय जनगणना-२०५८ को सर्वेक्षण अनुसार १,१४,४४७

पुरूषः-५३,१७८

महिलाः-६१,२६९

जम्माः-१,१४,४४७

१३.घरधुरी वा परिवार संङ्ख्याः-१८,३०७

१४.मुख्य जातिहरूः- बाहुन, क्षेत्री, नेवार, थकाली, छन्त्याल, मगर, दमाई, कामी, मुसलमान आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

१५.हावापानी:- समशीतोष्ण र शीतोष्ण

१६.प्रमुख नदीहरू:- म्याग्दी खोला, कृष्ण गण्डकी र रघुगंगा

१७.प्रमुख दर्शनीय स्थलहरू:- गलेश्वर महादेव (शिवजीको मन्दिर), बेनीको भगवती, लक्ष्मी नारायणकला मन्दिर, जगन्नाथजीको मन्दिर, पौलस्त्य आश्रम, जगन्नाथको धुरी, बेनी शिवालय, (२६०० मिटर उचाइ) रूप्से छहरा, लालीगुराँसको वन, कुरिलाखर्क महारानीस्थान, पौलस्त्य ऋषिको तपोभूमि-पुलाचौर, मालिका स्थान, तातोपानी कुण्ड, भुरूङ, दरनाम कुण्ड, राम्चेको नागी डाँडा र कुहूँ मालिका आदि ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानान्तरित लोकनृत्य हनुमान नाच म्याग्दीको बेनी बजारमा

३.३५ नृत्यको अनुकरणीय पक्ष

.नेपालका नेवारजाति विभिन्न कालखण्डमा सामाजिक सांस्कृतिक, आर्थिक र राजनैतिक कारणबाट आ-आफ्नो मूलथलो छाडी देशको विभिन्न ठाँउहरूमा विस्थापित भएका विषयमा चर्चा परिचर्चा भैसकेको छ। विशेष गरिकन यस जातिमा आफ्नो जातीय संस्कार छँदैछ। जन्मदेखि मृत्युपर्यन्त आफैमा व्यापार व्यवसाय गरी आत्म निर्भर हुने नेवारजातिको प्रमुख विशेषता हो। यो समुदाय जहाँ जता बसेर हुन्छ त्यहाँ आफ्नो जीवन सुगम र सहज रूपमा यापन गर्न अनुकूल पर्छ वा दुईचार पैसा आर्जन गर्न सकिन्छ त्यहीँ गएर बसोवास गर्न रूचाउँछन्। अर्कोतर्फ नेवारजातिमा आफ्नै प्रकारको सांस्कृतिक पहिचान परम्परागत रूपबाट रहँदै आएको छ। त्यसले गर्दा पनि यिनलाई आफ्नो संस्कृतिप्रति अगाध मोह र माया छ। यी जाति जहाँ पुगेका हुन्छन् तत्तत् क्षेत्रमा आफ्नो संस्कृति साथमा नै लगेको पाइन्छ। भक्तपुरबाट बागलुङमा वि.सं. १७६८ सालमा के कारणले हो खुल्न सकेको छैन तापनि पहिलो पटक बागलुङमा आए त्यसवेलादेखि यहाँको नेवारजातिको क्रमिक विस्तार र वृद्धि हुँदै गएको पाइन्छ। तसर्थ आजको यो जाति यस अवस्थामा आउन सकेको प्रमुख कारण मान्न सकिन्छ। यसरी नै बागलुङका नेवारहरू आ-आफ्नो अनुकूलता अनुसार नेपालका विभिन्न गाँउ, जिल्ला र शहरहरूमा बसाइ सराइ गर्ने गरेको पाइन्छ। तदनुरूप म्याग्दी जिल्लाको सदरमुकाम वेनी वजारलगायत अन्य ठाउँ थलोहरूमा जाने क्रममा बागलुङका तत्कालीन नेवार स्व.भक्तिलाल श्रेष्ठ (मलेपति) को नाति पशुपतिप्रसाद श्रेष्ठको जेठो छोरा राजकुमार श्रेष्ठ वि.सं. २०२२ भाद्र २२ गते (राजकुमार स्वयम्का अनुसार) बेनी वजारमा गई स्थायी रूपमा बसेका हुन्। यस

CC-0. In Public Domain. Digitization by eGangotri

सन्दर्भमा सम्भवत् उनीभन्दा अन्य नेवारहरू पहिले नै पनि गएको अनुमान गर्न सकिन्छ। यही क्रममा "सिंह (श्रेष्ठ) पसखलका" सन्तानहरूमध्ये सुवास श्रेष्ठका परिवारलगायत यस पङ्तीका माहिला दाजु खड्गबहादुर श्रेष्ठसहितका परिवार वि.सं. २०२७ फागुन ४ गते गएका थिए। बेनीमा गएका राजकुमार श्रेष्ठ, खड्गवहादुर श्रेष्ठ, रामबहादुर श्रेष्ठ, सुवास श्रेष्ठ, बबुरजंग राजभण्डारी र बेनी बजारका स्थानीय केही नेवार समुदायको मिलिमतोमा भएको सरसल्लाह र उनीहरूको अग्रसरतामा बागलुङमा नचाइने गरेको हनुमान नाचको स्वरूपलाई हुबहु कायमै राखी उक्त नाचलाई बेनी बजारमा समेत प्रदर्शन गर्न उपयुक्त ठानी नचाइने गरेको पाइन्छ तर यसभन्दा पहिले बेनी वजारमा हनुमान नाच नचाइएको इतिहास पाइँदैन।

३.३६ प्रारम्भ

यसै सिलसिलामा वि.सं. २०३१ साल असोज १५ गते म्याग्दी जिल्लाको सदरमुकाम बेनी वजारमा ऐतिहासिक रूपमा पहिलो पटक प्रदर्शित हनुमान नाचको बागलुङका राजकुमार श्रेष्ठ प्रधान कजी र उपप्रधान कजी रामबहादुर श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (मुख्य हनुमान) हुने कलाकारहरूको जोडी यसप्रकारका छन् :

CC-0. In Public Domain. Digitization by eGangotri

राजकुमार श्रेष्ठ
प्रधान कजी २०३१
जन्म १९९८ चैत्र ११ गते
रामबहादुर श्रेष्ठ
उपप्रधान कजी

वाद्यवादक :- सूर्यनारायण श्रेष्ठ र भैरवबहादुर श्रेष्ठ

१.अघिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ राजकुमार श्रेष्ठ (बागलुङ निवासी)

ख. बायाँतर्फ खड्गबहादुर श्रेष्ठ (बागलुङ निवासी)

२. पछिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ गोपालप्रसाद श्रेष्ठ (बेनी, म्याग्दी)

ख. बायाँतर्फ गोविन्दलाल श्रेष्ठ (बेनी, म्याग्दी)

२. वि.सं. २०३३ सालमा प्रदर्शित हुनमान नाचको प्रधान कजी बागलुङकै राजकुमार श्रेष्ठ तथा उपप्रधान कजी मु. गणेशलाल श्रेष्ठ (बेनी म्याग्दी) को कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाकोका जोडीहरू ।

१.अघिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ राजकुमार श्रेष्ठ (बागलुङ निवासी)

CC-0. In Public Domain. Digitization by eGangotri

ख. बायाँतर्फ बबुरजंग राजभण्डारी (बागलुङ निवासी)

२. पछिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ गोविन्द श्रेष्ठ (बेनी, म्याग्दी)

ख. बायाँतर्फ लक्ष्मण श्रेष्ठ (बागलुङ)

३. वि.सं. २०४५ सालमा प्रदर्शित हुनमान नाचको प्रधान कजी बागलुङकै राजकुमार श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाकोका जोडीहरू ।

१.अघिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ सुवास श्रेष्ठ (बागलुङ निवासी)

ख. बायाँतर्फ याम शाक्य (बेनी)

२. पछिल्लो ज्यामाकोको नाम खुल्न नसकेको ।

४ वि.सं. २०५२ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी बागलुङकै राजकुमार श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) हुनेको जोडी

१.अघिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ सुवास श्रेष्ठ (बागलुङ निवासी)

ख. बायाँतर्फ याम शाक्य (बेनी)

२. पछिल्लो ज्यामाकोको नाम खुल्न नसकेको ।

५ वि.सं. २०५७ सालमा प्रदर्शित हनुमान नाचको प्रधान कजी बागलुङकै राजकुमार श्रेष्ठको कार्यकालमा अघिल्लो र पछिल्लो ज्यामाको (हनुमान) हुनेको जोडी

१.अघिल्लो ज्यामाको (हनुमान) को जोडी

क. दायाँतर्फ याम शाक्य (बेनी)

ख. बायाँतर्फ हरिकृष्ण श्रेष्ठ (बेनी)

२. पछिल्लो ज्यामाकोको नाम खुल्न नसकेको ।

वि.सं. २०४५, २०५२ र २०५७ सालमा प्रदर्शित हनुमान

CC-0. In Public Domain. Digitization by eGangotri

नाचका लागि वाद्यवादकका रूपमा स्थानीय कलाकर्मी प्रकाश श्रेष्ठ र पूर्ण श्रेष्ठले साथ दिएका थिए।

बागलुङमा परम्परागत रूपमा नचाइने हनुमान नाचको पुजारीको कार्य जसले गर्ने गरेको छ तिनैका सन्तान दरसन्तानहरूद्वारा अद्यापि पुजारी भैरहने परम्परा छ भने बेनीमा पुजारीको सन्तानलाई पुजारी बनाउने चलन नभएकाले त्यस ठाउँको अनुकूलताअनुसार वि.सं. २०३१ र २०३३ सालमा प्रदर्शित हनुमान नाचका पुजारीका रूपमा स्थानीय निवासी **लालबहादुर श्रेष्ठ** र वि.सं. २०४५, २०५२ र २०५७ सालमा सोही ठाउँका **इन्द्रलाल श्रेष्ठ**द्वारा पुजारीको कार्य संचालन गरेको पाइन्छ।

३.३७ परम्पराको जगेर्ना

वि.सं. २०३१ सालदेखि वि.सं. २०५७ सालसम्म अर्थात् करिब २६ वर्षको अन्तरालमा बेनी बजारमा बसोवास गरेका बागलुङका राजकुमार श्रेष्ठको सक्रियतामा प्रदर्शित हनुमान नाचको पाँच पटकसम्म उनी नै प्रधान कजी भएको देखिन्छ। पूजाको हकमा बागलुङकै विधिविधानअनुसार आजा-पूजा गर्ने गरेको र तालहरूको सन्दर्भमा बागलुङमा जुन किसिमबाट बजाइने तालहरू बजाइन्छ सोही किसिमको तालहरूलाई सिको गरी नृत्य संचालन गर्ने गरेको देखिन्छ।

हुनमान नाचजस्तो पुरानो लोकसंस्कृतिमूलक लोकनृत्यको संरक्षण र सम्वर्द्धनका लागि म्याग्दी जिल्लाको बेनी बजारमा समेत क्रमिक रूपमा थालनी र यसको कला पक्षको जगेर्ना गर्नुमा नेवार समुदायका निम्ति गौरवको विषय बन्न गएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत जिल्लाको नक्सा



CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

पर्वत जिल्लाको वृत्तचित्र

३.३८.१.अवस्थिति:-२७ ५८°-२८°४३° उत्तरी अक्षांश ८३° ३४°-८३° ५९° पूर्वी देशान्तरमा अवस्थित छ।

२.उचाइ:- न्यूनतम १७०० फिट (समुन्द्र सतहदेखि)

३.क्षेत्रफल:-५३६८६ हेक्टर

(५३६८६ बर्ग कि.मी.)

४.भौगोलिक अवस्थिति:- मध्ये पहाडी जिल्ला

सिमाना:-

पूर्वमा कास्की र स्याङजा,

पश्चिममा बागलुङ र म्याग्दी, ,

उत्तरमा म्याग्दी

दक्षिणमा स्याङ्जा र गुल्मी।

६.गा.वि.स.:- ५५ वटा ४९५

७.इलाका:- ११ वटा

८.निर्वाचन क्षेत्र:- २ वटा (उत्तर र दक्षिण)

९.विकास क्षेत्र:- पश्चिमाञ्चल

१०.सदरमुकाम:- कुश्मा

११अंचल:- धवलागिरि

१२.जनसंङ्ख्या:- राष्ट्रिय जनगणना-२०५८ को सर्वेक्षण अनुसार

पुरूष:-७२,९४२

महिला:-८४,८८४

जम्मा:-१,५७,८२६

१३.घरधुरी वा परिवार संख्या:-२९,०८६

१४.मुख्य जातिहरू:- बाहुन, क्षेत्री, नेवार, गुरूङ, सार्की कुमाल, गिरी, पुरी, मगर आदि।

१५.हावापानी:- समशीगोष्ण

CC-0. In Public Domain. Digitization by eGangotri

१६.प्रमुख नदीहरू:- कृष्ण गण्डकी, मोदी, मल्याङदी, लमाय, चिर्दी, पैयू, लुङदी, लस्ती, जहरे रती आदि

१७.जनघनत्व:- ३२३ प्रति वर्ग कि.मी.

१८. बर्षा:- २४०० देखि २६०० मि.मी. (सरदर)

१९. तापक्रम:- ७.५ डिग्री सेल्सियस

२० प्रमुख दर्शनीय स्थलहरू:-

१) **जैमुनिघाट**-माघेसक्रान्ति - बालाचतुर्दशी

२) **मोदी-बेनी** -माघेसंक्रान्ति, एकादशी, औंसी, पूर्णिमा

३) **सेती-बेनी** - माघेसक्रान्ति र बालाचतुर्दशी

४) **गुप्तेश्वर गुफा** - बालाचतुर्दशी र शिवरात्रि

५) **पंचासे लेक** - बालाचतुर्दशी

६) **डहरे लेक** - माघेसंक्रान्ति - बालाचतुर्दशी

७) **भुवनो दुलो** - बालाचतुर्दशी - शिवरात्रि ।

२१.साहित्यिक संख्या:-पर्वत साहित्य संगम, कुश्मा पर्वत जिल्ला

२२, पुस्तकालय:- गुप्तेश्वरी बहु-उद्धेश्यीय पुस्तक़ालय, कुश्मा पर्वत ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोकसंस्कृतिको रूपमा पर्वत, कुश्माको हनुमान नाच

३.३९ पृष्ठभूमि

आफ्नो पुर्ख्यौली थात-थलो भक्तपुर र बनेपा आदिबाट विभिन्न समय-समयमा विस्थापित भई पश्चिम पहाडी भेगको पर्वत, कुश्मा (शिवालय गाउँ गा.वि.स.) वजारको तल्लो हटियामा केही नेवार समूह आई बसोवास गरेको पाइन्छ । ती नेवारहरू कहिले आए तिनीहरूका समेत खोजअनुसन्धान गर्न आवश्यक देखिन्छ । यद्यपि नेवार जाति आफ्नो मूल थलोबाट जहाँ जता जाने गर्ने गरे पनि यिनले आफ्नो संस्कृतिलाई साथमा लगेको पाइन्छ । यिनै सिलसिलामा विभिन्न समयमा कुश्मा, पर्वतमा पनि आइवसेका केही नेवार समूहद्वारा कालान्तरमा आफ्नो जातिद्वारा बर्षेनी मनाइने विभिन्न किसिमका चाडपर्वहरूमा नचाइने लाखेनाच, भदौरे नाच, बकुल्ला नाच र हनुमान नाचलगायत अन्य नाचहरू नचाइने गर्ने गरेको बुझिन्छ । पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारमा हुनमान नाच कहिलेदेखि नचाउन थालियो त्यसको आजसम्म एकिन हुन सकेको छैन तापनि विंसं.२०२९ सालदेखि २०३३ सालको बीचमा चार/पाँच वर्षको फरकमा स्थानीय सस्कृतिकर्मी मीनबहादुर श्रेष्ठलगायत अन्य व्यक्तिहरूको अग्रसरतामा उनी स्वयम् पुजारी भई उक्त हनुमान नाच कुश्मा बजारमा नचाइएको बुझिन्छ । यद्यपि रीतपूर्वक वा विभिन्न तालहरूको आधारमा नचाइने हुनमान नाचको अन्य तालहरूमा नचाइएको पाइए तापनि तत्कालीन समयका नेवारहरूमा आफ्नो पुर्खाले नचाउँदैं आएको लोकसंस्कृति एवं नृत्यलाई जगेर्ना गर्ने उद्देश्यले उक्त हनुमान नाच कुश्मा बजारमा नचाइएको पाइन्छ । सो समयमा नृत्य संचालन गर्नाका निम्ति प्रधान कजी हुने व्यक्तिको नाम खुल्नमा नआए पनि प्रमुख पुजारीका रूपमा मीनबहादुर श्रेष्ठको पहलमा वा उनी स्वयम् प्रधान कजी भई अघिल्लो र पछिल्लो

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यामाको (हनुमान) हुने कलाकारहरूमा दायाँतर्फ थर्कबहादुर श्रेष्ठ र बायाँतर्फ इन्द्रबहादुर श्रेष्ठसहितका यामनारायण श्रेष्ठ, लीलाम्वर श्रेष्ठ, धनबहादुर श्रेष्ठ, हरिप्रसाद श्रेष्ठ, बुद्धिमान श्रेष्ठ, भोजकुमार श्रेष्ठ, हरिकुमार श्रेष्ठ, गुप्तबहादुर श्रेष्ठ, विष्णुप्रसाद नेवार, खुमप्रसाद श्रेष्ठ, मीन प्रसाद श्रेष्ठ, खुवकुमार श्रेष्ठ, फत्तबहादुर श्रेष्ठ, गोपाल श्रेष्ठ, ठाकुरप्रसाद श्रेष्ठ, गोविन्द श्रेष्ठ, मोतिप्रसाद श्रेष्ठ, बुद्धिबहादुर राना, जयनारायण श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठ, नारायणप्रसाद श्रेष्ठ, प्रकाश प्रधान, ओमकार प्रधान आदि कलाकारहरू हनुमाननाचका निम्ति सहभागी भएका नामहरूको उल्लेख गरिएको देखिन्छ। सो समयमा वाद्यवादकका रूपमा स्थानीय क्षेत्रका बुद्धिमान श्रेष्ठ, देवीप्रसाद श्रेष्ठ, श्यामप्रसाद श्रेष्ठ, गम्भीर नारायण श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठ र डम्बरबहादु कुमाल आदि कलाकारहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

३.४० नृत्यप्रति चासो

उक्त हनुमान नाच पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारमा करिब २९ वर्षपछि अर्थात् वि.सं. २०६३ र २०६५ को विजयादशमी तथा शुभ दिपावलीको शुभअवसर पारी लोपोन्मुख हुँदै गएको हनुमान नाचजस्तो पुरानो लोकनृत्यलाई पुन जगाउने र यसलाई निरन्तरता दिने अभिप्राय राखी कुश्मा बजारका क्रियाशील युवा नेवार संस्कृतिकर्मीहरूमध्ये धनबहादुर श्रेष्ठ, विष्णुप्रसाद नेवार, इन्द्रबहादुर श्रेष्ठ, गणेश श्रेष्ठ, गोविन्द श्रेष्ठ, इन्द्रप्रसाद श्रेष्ठ, भीमराज श्रेष्ठको विशेष पहलमा हुनमान नाचलाई प्रदर्शन गरिएको देखिन्छ।

प्रदर्शित हनुमान नाचको अघिल्लो ज्यामाको (हुनमान) हुने कलाकार सजन श्रेष्ठ, पछिल्लोमा आनिष श्रेष्ठ र एक्लो हुनमान हुने कलाकार विष्णुप्रसाद नेवारसहितका अन्य युवा कलाकारहरूमा अनिष श्रेष्ठ (क) कमल श्रेष्ठ, संसार श्रेष्ठ, रेशम श्रेष्ठ, प्रेम श्रेष्ठ, अर्जुन श्रेष्ठ, रोशन श्रेष्ठ, गौतम श्रेष्ठ (क) गौतम श्रेष्ठ (ख) अनिष श्रेष्ठ

CC-0. In Public Domain. Digitization by eGangotri

(ख), प्रवल श्रेष्ठ, राजन श्रेष्ठ, क्षितिज श्रेष्ठ, अशोक श्रेष्ठ, ज्याण्टिल श्रेष्ठ, सन्दीप श्रेष्ठ र प्रवेश श्रेष्ठले भाग लिएको पाइन्छ । सो समयमा बाद्यबादकका रूपमा स्थानीय कलाकार इन्द्रबहादुर श्रेष्ठ, रमेश श्रेष्ठ, प्रेमबहादु श्रेष्ठ, र थर्कबहादुर श्रेष्ठको प्रमुख भूमिका रहेको पाइन्छ ।

पर्वत जिल्लाको सदरमुकाम कुश्मा वजारमा नेवारसमुदायले आफ्नो जातिको उत्थान, विकास र संरक्षण र सम्वर्द्धन गर्नका निम्तिव्यवस्थित रूपमा कार्यसञ्चालन गर्न कुश्माका जागरूक युवाहरूद्वारा **नेवा सांस्कृतिक समूह-२०६०** नामक एक संस्था गठन गरेको छ सो समूहको अध्यक्ष इन्द्रप्रसाद श्रेष्ठ, उपाध्यक्ष हरिप्रसाद शर्मा, सचिव इन्द्रबहादुर श्रेष्ठ, कोषाध्यक्ष भीमराज श्रेष्ठ र सदस्यहरू बुद्धिकुमारी श्रेष्ठ, चेतप्रसादश्रेष्ठ, गणेश श्रेष्ठ (क), गणेश श्रेष्ठ (ख), देवेन्द्रकुमार श्रेष्ठ, भोजकुमार श्रेष्ठ, प्रेम श्रेष्ठ, सुरज श्रेष्ठ, धनबहादुर श्रेष्ठ, राम श्रेष्ठ र रामु श्रेष्ठ रहेको १५ सदस्यीय सांस्कृतिक समूह गठन गरिएको विषयलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

कुश्मा वजारमा कुश्माकै कलाकारहरुद्वारा प्रदर्शित हनुमान नाचको दृश्य

CC-0. In Public Domain. Digitization by eGangotri

३.४१ नेवा सांस्कृतिक समूह

उक्त नेवा सांस्कृतिक समूहद्धारा आगामी वर्षहरूमा नियमित रूपमा वर्षेनी आयोजना गरिने लोकसंस्कृतिमूलक विविध लोक नृत्यहरूबाट संकलित रकमबाट स्थानीय स्तरका विद्यालय महाविद्यालय, बनवाटिका, बाटोघाटो तथा असहायहरूका लागि यथासक्दो आर्थिक सहयोग उपलब्ध गराउने उद्देश्य र लक्ष्य राखिनु स्थानीय क्षेत्रमा संचालित शैक्षिक, सामाजिक, सांस्कृतिक क्षेत्रको उत्थानकै लागि बलियो आधारशीला तयार हुने शुभ सङ्केत मान्न सकिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

चौँथो परिच्छेद

हनुमान नाच संरक्षण परिषद् बागलुङ्को परिकल्पना र लक्ष्य

४.१ संस्थाको परिकल्पना

बागलुङ्का संस्कृति प्रेमी पुर्खाहरूले कीरब ३०० वर्षदेखि संचालन गर्दै आइरहेको हनुमान नाचको जगेर्नालाई सांस्कृतिक धरोहरका रूपमा सदा विकसित गर्दै त्यसलाई चिरस्थायीरूपमा लैजान प्रमुख संस्था अघि बढेको छ भने अर्को अठोट संस्थाले प्रचलित स्थानीय विभिन्न संस्कृतिलाई जगेर्ना गर्न टेवा पुऱ्याउनुलगायत संस्थाले छ्हरापँधेरा स्थित करिव ३०० वर्षदेखि स्थापित हनुमानजीको प्रतिमूर्तिको भक्तिभाव पश्चात् भगवान रामजीको आराधनाको लागि बागलुङ नगरपालिका ११ स्थित उपल्लाचौरमा राममन्दिरको स्थापना गर्न सकेको छ। त्यसबाहेक यस संस्थाले स्थानीय समाजको काजक्रियालगायत यसैसँग सम्बद्ध विभिन्न क्रियाकलाप अपनाउन एउटा सार्वजनिक हनुमान धर्मशाला भवन निर्माण गरी साधु, सन्त, महन्त, गरिबगुरूवा, जोगी र फकिर आदिलाई सहयोग पुऱ्याउन आश्रयस्थल निर्माण गर्न हनुमान नाच संरक्षण परिषद् बागलुङ्का कार्यकर्ताहरू सक्रिय रूपमा जुटेका छन्।

४.२ लक्ष्य

हनुमानजीको नृत्यको झझल्को मार्फत् रामभक्त हनुमाजीको आराधनामा सार्थकता तुल्याउन र संस्कृतिको रक्षार्थ नवपिढीहरूमा जागरण ल्याउनु।

४.३ उद्देश्य

लोकसंस्कृतिका जगेर्नाको माध्यमबाट विभिन्न धार्मिक र चेतनामूलक कार्यक्रम संचालन गरी सुसंस्कृत नागरिक तयार गरी धार्मिक र सामाजिक क्षेत्रमा चेतनामूलक कार्य सञ्चालन गर्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

४.४ कार्यक्षेत्र

बागलुङ जिल्ला र छिमेकी जिल्लाहरू

४.५ संस्थाले संचालन गरेका प्रमुख कार्यहरू

क) यस संस्थाको स्थापनापछि २०४६ साल, २०५१ साल, २०५६ साल र २०६३ साल भाद्र ६ गतेबाट हनुमान नाच संचालन गरी निरन्तरता दिलाउन सफल ।

ख) हनुमान नाचका उत्कृष्ट बाद्यवाधक र नृत्यकलाकारहरूलाई अभिनन्दन सम्मान कार्यक्रम गर्नु ।

ग) हनुमान नाचसम्बन्धी सभा, गोष्ठी र तालिम संचालन गर्नु ।

घ) बागलुङको सामाजिक क्रियाकलापमा सघाउ पुऱ्याउनु बागलुङमा सबभन्दा पहिले भाँडावर्तन सामाग्रीको सेवालाई २०४६ सालदेखि हालसम्म संचालन गर्नु ।

ङ) संस्कृतिको जगेर्नामा भदौरे नाचहरू, घण्टाकर्ण नाच, फागुपूर्णिमा, मालश्री, बसन्त श्रावण, हनुमान जयन्ती, रामनवमी पर्वलाई संचालन गर्न प्रोत्साहन गर्नु ।

च) संस्थाले करिब १२ लाखको लागतमा स्थानीय श्रद्धालुदाता श्रीमती कमल कुमारी श्रेष्ठको आर्थिक सहयोगमा रामन्दिर उपल्लाचौरमा राममन्दिर निर्माण गरी नियमित पूजाआजा गर्नुको साथै आध्यात्मिक चेतनाका लागि बेलाबखतमा धार्मिक सत्संग, सभागोष्ठी र प्रवचन कार्यक्रमहरू संचालन गर्नु ।

छ) राममन्दिरको अक्षयकोषको लागि रू. १,००,०००।- (अक्षरूपी रू. एक लाख रूपैयाँ) को अक्षयकोष खडा गर्न नारायणप्रसाद श्रेष्ठबाट रू. ५०,०००।- (अक्षरूँपी रू. पचास हजार) सहयोग प्राप्त ।

ज) संस्थाको संस्थागत भौतिक सम्पत्ति र आय-व्ययलाई स्थानीय सहयोगको आधारमा आय व्ययलाई चुस्त र दुरूस्त गरी प्रत्येक वर्ष लेखापरीक्षण गर्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

झ) संस्थाको क्रियाकलापहरू संचालन गर्न नियम-विनियम र कार्यपद्धतिहरू तर्जुमा गर्नु ।

ञ) संस्थाको कार्यसमितिको बैठकहरू पटक/पटक नियमित बसी कार्यन्वयन गर्नु ।

ट) परिषद्का सदस्यहरूमा साधारण सदस्य र आजीवन सदस्य गरी १३०, संरक्षक संख्या ५ जना कार्यसमितिमा संख्या १७ सल्लाहकारमा सख्या ५ जना साधारण सदस्य संख्या २८ जना छन् । संस्थाको क्रियाकलाप पूर्णरूपमा स्वयमसेवीको माध्यमवाट संचालन गर्नु सफलतामा आधारित छन् । त्यसबाहेक जनशक्ति न्यूनरूपमा मात्र परिचालित छ ।

ठ) संस्थाले छहरा-पँधेरामा जीर्ण भै पुरानो सार्वजनिक हनुमान पौवा भवनलाई भत्काई स्थानीय श्रद्धालुदाता चिरञ्जीवीकुमार श्रेष्ठको सहयोगमा करिव २,८०,०००।- (अक्षरूपी रू दुईलाख असी हजार) को सहयोगमा पहिलो तलाको भवन ढलान भै दोस्रो तलाको भवन संस्थाको अग्रसरतामा करिब १७ लाखको लागतमा निर्माण कार्य अघि बढाइएको छ । जसको लागि जि.वि.स.बाट रू. ७०,०००।- (अक्षरपि रू. सत्तरी हजार मात्र)सहयोग प्राप्त भएको छ । अन्य आर्थिक सहयोग जुटाउनको लागि स्थानीय सङ्घ संस्था कार्यालयमा प्रयास जारी गरिएको छ ।

ड) यो संस्थाले हालै हनुमान पौवाक्षेत्र र छहरा धारा कैलामपोखरी वन समूह क्षेत्रमा भू-संरक्षण कार्यालय बागलुङको र संस्थागत जनसहभागिताअनुरूप लुगा धुने काठेखोलामा स्वच्छ खानेपानीको धारा निर्माण गर्नु त्यस क्षेत्रलगायत हनुमान पौवा क्षेत्रमा १७ वटा जाली लगाई भू-क्षय रोक्ने कार्य गर्नु । हुनमानस्थान जाने बाटो निर्माण गर्नु लगायत त्यहाँ वर्षौदेखि मर्मत गर्नुपर्ने खानेपानी टंकीको मर्मत गरी छहराधाराको

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक स्वच्छपानीलाई संचालन गर्न सकेको छ। यस सम्बन्धी सवै कार्यका लागि रू. १,५०,०००।- (अक्षरूपी एकलाख पचास हजार) को लागतमा सम्पन्न गर्न सकिएको छ।

ढ) यस संस्थाले चालू आर्थिक वर्षको संस्थागत आय व्यय १५ लाखका कार्यहरू निवारण गर्न तत्परता लिइएको।

४.६ प्रमुख सफलता

क) लोप हुन लागेको संस्कृतिहरूलाई जगेर्ना गर्ने कार्य हुनु।

ख) प्राचीन हुनमान नाचलाई जगेर्ना गरी राष्ट्रिय संस्कृतिको सम्पदामा सुपरिचित तुल्याउन सफल हुनु।

ग) संस्कृतिलाई जगेर्ना गर्न स्थानीय नव युवाहरूलाई परिचालन गरी सहयोग नुटाउनु र पुराना बूढापाकाहरूबाट संस्कृतिको लागि प्रेरणदायी सहयोग प्राप्त गर्नु।

४.७ लक्षित समूह तथा वर्ग

संस्थाले साँस्कृतिक सामाजिक आर्थिक कार्यहरू गरी गरिव, उत्पीडित, महिला पुरूषलगायत जोगी, फकिर, सन्त, महन्त, अपाङ्गता भएका व्यक्तिलाई सेवा पुऱ्याउँदै आउनु।

४.८ मुख्य चुनौतिहरू

आजको बदलिदो परिस्थितिमा धर्म, संस्कृतिजस्ता कुरालाई मान्यता दिन बाधा भएर पनि त्यसलाई समुचितरूपमा संचालन गरीरहनु संस्थाको अगाडि चुनौतिको विषय बन्न पुगेको छ किनभने आज पाश्चात्य संस्कृतिले नवप्रतिभाहरूमा नराम्ररी प्रभावित तुल्याई रहेको छ। यसैले धर्म संस्कृतिमा असर पार्न सक्नु स्वाभाविक देखिन्छ।

४.९ हनुमान नाच संचालनमा लाग्ने अनुमानित खर्च

हनुमान नाच प्रदर्शनका लागि तपशिलबमोजिमको खर्च लाग्ने अनुमान गर्न सकिन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

क्र.स.	विवरण	खर्च
१	कलाकार ड्रेस रातो कपडा -कमिज, कट्टु) १ जना × १० मिटर × ७० = ७००×२६	१८,२००।-
२	जामा सेतो चरेश मलमल १ ×जना ×२० मिटर ×१०० = २००×२६	५२,०००।-
३	पुजारी वस्त्र २ जना × २५००।-	५,०००।-
४	घुङ्गा १ जना × १०००×२६ जना	२६,०००।-
५	काठ डण्डा १ जना ×१०००×२६	२६,०००।-
६	विविध सामाग्री पुच्छर १ जना ५०००×२६	१,३०,०००।-
७	कलाकारको श्रृगार सामाग्री र वाद्यवादक प्रशिक्षण पारिश्रमिक १ जना ×३०००×५० जना (१ महिना)	१,५०,०००।-
८	वाद्यवादन सामाग्री मृदङ्गा, झ्याली	३०,०००।-
९	शूरु "नासो द्यो" पूजा र विसर्जन पूजा लगायत भोज र जलपान खर्च	१,५०,०००।-
१०	पुजारी पारिश्रमीक ५०००×१२×२ जना	१,२०,०००।-
११	कर्मचारी खर्च ६०००×१२×२ जना	१,४४,०००।-
१२	प्युटोमेक्स सं ५×४०००	२०,०००।-
१३	इन्धन खर्च	१७,०००।-
१४	टेलिफोन खर्च	२५,०००।-
१५	छपाई, मसलन्द	२५,०००।-
१६	प्रचार प्रसार खर्च (विज्ञापन) सूचना	५०,०००।-
१७	वाद्यवादक पारिश्रमीक ५०००×१२×२	१,२०,०००।-
१८	हनुमान भजन सि.डी. निर्माण	२५,०००।-
१९	हनुमान खोप्पामा खर्च	१,००,०००।-
२०	पुरस्कार र सम्मान कार्यहरुमा खर्च	१५,०००।-
२१	विविध	२०,०००।-
२२	फर्निचर	१,००,०००।-
	जम्मा	१३,६८,२००।-

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला प्रशाशन कार्यालय बागलुङ, द.नं. २२/२०४६/०४७

समाजकल्याण परिषद् आवद्ध नं. ३२६३/०५२

हनुमान नाच संरक्षण परिषद्

बागलुङ-२०४६

हनुमान नाच पूजा संचालन विधि

२०६३

४.१०.१प्रस्तावना

२.परिच्छेद १ प्रारम्भ

३.परिच्छेद २ हनुमान नाच प्रारम्भिक सुरू "नासो द्यो" पूजा तथा विर्सजन पूजा विधि

४.परिच्छेद ३ हनुमान नाच सुरू, प्रारम्भिक तथा विसर्जन पूजा किनाराटोल सडक आँगनमा हुने पूजा विधि

५.परिच्छेद ४ हनुमान सुरू, प्रारम्भिक पूजा र विसर्जन पूजा विधि हनुमान स्थान मन्दिर छ्हराधारार्मा

६.परिच्छेद ५ हनुमान नाचको पूजा टोल ग्रहण गरिंदाका विधिहरू

७.परिच्छेद ६ हनमान नाचलाई जिल्लाबाहिर लैजाँदा साधारणतया पालन गर्नुपर्ने नीतिहरू

८.परिच्छेद ७ हनुमान नाचको पूजा टोलमा दिइदा जुटाउनुपर्ने सामाग्रीको विवरण

९.परिच्छेद ८ हनुमान नाचको सुरू, प्रारम्भिक "नासो द्यो" बिसर्जन पूजामा जुटाउनु पर्ने पूजा सामग्रीको विवरण।

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच संरक्षण परिषद्को
हनुमान नाच संचालन पूजाविधि
२०६३

४.११ प्रस्तावना

बागलुङको प्राचीन हनुमान नाच झन्डै २७५ वर्ष अघिदेखि संचालन हुँदै आएको ऐतिहासिक प्राचीन सांस्कृतिक धरोहर भएकोले यस नाचलाई २०४६ सालदेखि सङ्गठित संस्थाका रूपमा खोली २०४६, २०५१,२०५६ र हाल चालू २०६३ मा हनुमान नाचलाई परम्परागत स्वरूपअनुरूप मर्यादितरूपमा संचालन (निरन्तर) गर्ने प्रयास गरिएको छ। हनुमान नाचको सचांलन व्यवस्थितरूपमा गर्न हनुमान नाच संचालन नियमावली २०४६ तयार भै लागू भै सकेको र हाल हनुमान नाचको संचालनको लागि पूजाविधि लिपिवद्ध रूपमा राख्न आवश्यक भएको हँदा हनुमान नाच संरक्षरण परिषद् बागलुङ, कार्यसमितिले परिषदको विधान - २०४६ को परिच्छेद-७, धारा-२५ को उपधारा (१) को अधिकार प्रयोग गरी यो हनुमान नाच संचालन पूजाविधि तयार गरी लागू गरेको छ।

परिच्छेद १

प्रारम्भ

४.१२.१ संक्षिप्त नाम र प्रारम्भः-

क) यो नियमावलीको नाम हनुमान नाचको पूजा संकलन विधि रहेको छ।

ख) यो विधि नियमावली परिषद्को हनुमान नाच संचालनको वखत लागू हुनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

४.१३.२ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधि नियमावलीमा

क) 'विधान' भन्नाले हनुमान नाच संरक्षण परिषद् विधान -२०४६ सम्झनु पर्छ।

ख) 'नियमावली' भन्नाले हनुमान नाच संचालनका लागि २०४६ सालमा निर्मित नियमावली र यो हनुमान नाच पूजा संचालनसम्वन्धी विधि - २०६३ सम्झनुपर्दछ।

ग) 'समिति' भन्नाले विधानअन्तरगत स्थापना भएको हनुमान नाच संरक्षण परिषद् का.स. संचालन समिति सम्झनु पर्छ।

घ) 'कार्यकारिणी' भन्नाले विधान गठन भएका का.स. संचालन समिति सम्झनुपर्छ।

ङ) 'अध्यक्ष' भन्नाले कार्यसमिति वा कार्यकारिणी समितिको अध्यक्ष वा हनुमान नाच संचालनको वखत स्वतः प्रधानकजी पनि सम्झनुपर्छ।

च) 'उपाध्यक्ष' भन्नाले का.स. कार्यकारिणी उपाध्यक्ष वा नाच संचालनको वखत स्वतः उपप्रधानकजी सम्झनु पर्छ।

छ) 'पदाधिकारी' भन्नाले कार्यकारिणीको सचिव, कोषाध्यक्ष, स.सचिव र सदस्यहरू स्वतः जिम्मेवारी पदाधिकारी हुनेछ । साथै नाच संचालनको वखत प्रधानकजी, उपप्रधानकजी, सचिवलगायत विभिन्न कजी अघिल्लो पछिल्लो ज्यामाको, सहायक ज्यामाको नाच्ने हनुमान र पुजारी आदि हनुमान नाच संचालन नियमावली -

CC-0. In Public Domain. Digitization by eGangotri

२०४६ मा जे जति उल्लेखित परिच्छेद १ प्रारम्भमा वर्गीकरण भए अनुरूप स्वत: हुनेछ।

ज) ब्याख्या गर्ने अधिकार- यो नियमावलीको ब्याख्या गर्ने अधिकार परिषद् कार्यकारिणी समितिमा सुरक्षित हुने छ। यसमा कुनै प्रश्न उठेमा कार्यकारिणी समितिबाट गरेको ब्याख्या अन्तिम हुनेछ।

झ) यो नियमावलीको संशोधन आवश्यक भएमा कार्यकारिणी समितिबाट गर्न सक्नेछ।

ञ) नियमावली बमोजिम हुने- यस नियमावलीमा लेखिए जति यसै बमोजिम र अरू यसबाहेक ब्याख्या गर्नु पर्ने भए का.स.को तोकअनुसार हुनेछ।

ट) यो हनुमान नाच पूजा संचालन विधिविधान नियमावली तयार गरिंदा मिति २०६३।५।१० मा कार्यसमितिबाट गठित कमिटिको बैठकबाट आवश्यक छलफल भै अध्यक्ष परशुराम श्रेष्ठबाट तयार भै पेश भएको यस हनुमान नाचको पूजा संचालन विधिबाट मिति २०६३ कार्तिक १३ गते सोमबार बसेको परिषद्को कार्य समितिको बैठकले सर्वसम्मतिबाट पारित गरी सोही अवधिबाट लागू गरेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिच्छेद २

प्रारम्भिक

४.१४.३ सुरू नाशो 'द्यो' पूजा र विसर्जन पूजा विधि

हनुमान नाचमा प्रारम्भिक शुरू नासो 'द्यो' पूजा किनाराटोलमा गर्दा अपनाउनु पर्ने पूजा विधिहरू (यस सम्वन्धी सबै पूजा नाचको पुजारीले गर्नेछ । साथ साथमा प्रधानकजीसमेतले गर्नुपर्नेछ ।)

१) स्वच्छरूपमा पूजारीद्वारा भीमसेनस्थान मन्दिरमा लिपपोत गरी देवताहरूको मूर्तिहरूलाई नुहाई सरसफाइ गर्ने ।

२) मन्दिरको देवताको प्रतिमूर्ति अगाडि केराको पात ओछ्याउने ।

३) फूल प्रसाद, नैवेद्य पूजाथालीहरू पूजा स्थलमा राख्ने । श्रीगणेशको सुकुन्दा बाल्ने (पानीसहित फूल राखी सुकुन्दामा घ्यू राखी बत्ती बाल्ने ।

४) श्रीगणेशको कलश स्थापना गर्ने । (श्री गणेशको कलश स्थापना गर्दा तामाको सानो जलदान दुईवटा तयार गरी जल राखी पुजाआजा र आराधना गर्ने ।)

५) केशरीले केराको पातमा १ वटा चिन्ह राखी उक्त चिन्ह र सुकुन्दा कलशमा पूजा गर्ने । त्यसका लागि फूल, अक्षता, सुपारी चढाउने । रातो सेता धजा चढाउने ।

६) फलफूल, रोट, नैवेद्य, (धाौ) दही, पतुजा चढाउने, हाँसको अण्डा चढाउने । मोहनी खो केयुगु मोहनी थाप्ने - मोहनी थाप्नको लागि २ वटा पाला डल्ला उक्त दियो बालेको पाला वरिपरि त्रिमुख राखी अर्को पालाले ढाकेर मोहनी थाप्ने कार्य गर्नु पर्नेछ । यस प्रकारले

CC-0. In Public Domain. Digitization by eGangotri

मोहनी बन्छ । यो मोहनी छहरापधेरा स्थित हनुमान स्थानको पूजा सम्पन्न पश्चात् हनुमानजीको प्रतिमूर्ति लिएर फर्केपछि मात्र पुजारीबाट त्यो मोहनी झिक्ने प्रचलन छ ।

७) बोगतामा घ्यूको धूप र वाती राखी बत्ती बाली चढाउने ।

परिच्छेद ३

४.१५.४ सुरू प्रारम्भिक, विसर्जन पूजा किनाराटोल सडकको आँगनमा पूजा

"नासो द्यो" पूजा सकिएपछि भीमसेनस्थान अगाडि आँगनमा हनुमान नाचको नृत्य समूह गरेको पश्चिम भाग (ध्रुबको घर) अगाडि सडकको आँगनमा परम्परादेखि गर्दै आएको हनुमानजीको पूजा-अर्चना र आराधना गर्नुपर्दा अपनाउनुपर्ने पूजा विधिहरू-

१) आँगनको आसपास क्षेत्र सरसफाइ गर्ने ।

२) आँगनमा करिब ३ हात लम्बाई र २ हात चौडाइ भएको काठको फलेक ओछ्याउने ।

३) उक्त फलेकमाथि केराको पात ओछ्याउने ।

४) श्रीगणेशजीको सुकुन्दामा घ्यू र बाती राखी दियो बाल्ने ।

५) श्रीगणेशजीको कलश स्थापना गर्ने ।

क) कलश स्थापना गर्दा दुईवटा तामाको जलदानमा जल राखी पूजाआजा गर्ने ।

CC-0. In Public Domain. Digitization by eGangotri

ख) केराको पातमा १ ओटा केशरीको चिन्ह राखी पूजाआजा र आराधना गर्ने ।

ग) श्री गणेशजीको स्थापित कलशमा फूल, अक्षता र केशरीबाट पूजाआजा गर्ने ।

घ) पूजा सुपारी चढाउने ।

ङ) सगुन धौ (दही) को खोला चढाउने ।

च) फलफूल, नैवेद्य र रोट आदि चढाउने ।

छ) बोगतामा ध्यू राखी धूप र बाती चढाउने ।

ज) हनुमान नाचको नृत्य कलाकारहरूको डण्डा अघिल्लो जामाको देखि सबै नृत्यसमूहको डण्डाको पूजा पूजारीले गर्ने र मृदङ्ग र झ्यालीको पूजा गर्ने ।

झ) रोट काट्ने- रोट काट्दा नाकको भाग छुट्याई काट्ने र देवतालाई चढाउने । फूल अक्षताहरू नाचसमूहदेखि वाद्यवादन समूह बस्ने क्षेत्रसम्म छर्ने छ । पुजारीले पूजा सकिएपछि प्रथम पटक टीका आफै लगाउने छ । त्यसपछि प्रधानकजी, नृत्यसमूह र नाचमण्डलीहरूलाई टीका लगाउने छ । यस पूजामा प्रसाद, नैवद्य पुजा स्थलमा वितरण गर्नेछ । फलफूल प्रसाद एकीकृत गरी हनुमानस्थान मन्दिरको पूजापछि त्यहीँ वितरण हुनेछ ।

ञ) उपरोक्त हनुमानजीको पूजा सम्पन्न भएपछि नासो 'द्यो' मा चढाएको हाँसका फुल फुटाल्नु पर्नेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ट) त्यसपछि बोका बलि दिने काम पूजाको लागि पुजारी र प्रधानकजीबाट बोकाको पूजा गर्नेछन्। बोकालाई जल सेचन गरेपछि बोका पर्सने छ, त्यसपछि रेटेर बोकाको बलि दिइनुपर्नेछ।

ठ) बोकाको बलि दिएपछि बोकाको टाउकोसहित रगत "नासो द्यो" मा चढाउने। उक्त बलि टाउको पुजारीलाई दिने।

उपरोक्त अनुसार सबै पूजा गरेपछि नाचमण्डलीहरूलाई हनुमानस्थान मन्दिर छहरा पधेरामा लैजानु पर्नेछ। त्यहाँ हनुमानस्थान मन्दिरमा छुट्टै विधिवत् पूजा हुनेछ।

परिच्छेद ४

४.१६.४ प्रारम्भिक, सुरू पूजा र विसर्जन पूजामा

५. हनुमानस्थान मन्दिर छहराधारामा संचालन गर्नुपर्ने पूजा विधि

१) हनुमानस्थान मन्दिर छहराधारामा पुजा गर्नुपूर्व तयारी अवस्थामा गर्नुपर्ने कार्यहरू:-

क) हनुमानस्थान र हनुमान पौवा क्षेत्रमा नाँच मण्डलीलाई लगी सरसफाई आदि कार्य गराउने।

ख) पुजारीद्वारा हनुमानस्थान मन्दिर आसपास क्षेत्रमा चोखो जलबाट देवतालाई नुहाई दिने।

ग) हनुमानजीको मूर्तिमा तोरी तेल र सिन्दुरले लेपन गरी मूर्तिलाई स्वच्छ तुल्याउने।

CC-0. In Public Domain. Digitization by eGangotri

घ) हनुमानजीको मन्दिरमा रंगरोगन लगाई स्वच्छ तुल्याउने ।

२) भीमसेनस्थान किनाराटोलको शुरू "नासो 'द्यो'" पूजा सम्पन्नपछि हनुमानस्थान मन्दिर छहरा पधेरा स्थित प्राचीन हनुमानजीको प्रतिमूर्तिमा पूजाआजा र आराधना गर्न हनुमान नाचका नृत्यमण्डलीहरूलगायत सम्पूर्ण कला र कलाप्रेमीहरूसहितको प्रोशेसन गाजाबाजासहित फलफूल, रोट, नैवेद्य, पूजाको सामग्रीसहित ठूला लाम लस्करवद्ध भै अघिल्लो पंक्तिमा पूजा, प्रसाद, नैवेद्य र फलफूल आदि सगुन लिएको पुजारीसहित अन्य मण्डली समुह जाने, त्यसपछि प्रधानकजी, कजीहरू र कलाप्रेमी समुह पनि हनुमान नृत्य समूह, वाद्यवादनसमूह र भजन समूह सामेल भै हनुमानस्थान छहरापधेरामा जानेछ ।

३) क) हनुमानस्थानमा पुगेपछि प्रथमतः पूजा समग्रीहरू लगायत सबै प्रकारका वेद्य (प्रसाद) आदि हनुमानस्थानको मन्दिर प्राङ्गणमा राख्ने ।

ख) हनुमान नाचका नृत्यकलाकार, वाद्य वादन र भजनटोली हनुमान पौवा भवनको सडक प्राङ्गणमा नाच नचाई बस्ने छ ।

ग) पुजारीबाट हनुमानस्थानको मूर्तिमा तोरी तेल र सिन्दूर लेपन गरी मूर्तिलाई स्वच्छ तुल्याउने कार्य गर्नेछ ।

घ) चोखो जल पूजारीबाट ल्याउनेछ ।

ङ) चोखो जलद्वारा हनुमानजीको प्रतिमूर्तिमा सेचन गर्ने कार्य पुजारीबाट गर्नेछ ।

४) उक्तकार्य पूरा भएपछि हनुमान स्थानमा पूजाको आरम्भ निम्न अनुसारको विधि अपनाई गरिने छ :

CC-0. In Public Domain. Digitization by eGangotri

१) हनुमानस्थानको पूजा आरम्भको चरणमा "द्यो ल्हाय" ताल बजाउनु अगावै तुर्लिन्ङ-छ्यासको ताल र हनुमानजीको भजन (गायन) स्थानीय वयोवृद्ध पाकाहरूबाट हुनेछ। त्यसपछि द्यो ल्हाय ताल बजाई पूजा नसकिएसम्म चल्नेछ।

२) पूजाको आरम्भको चरणमा हनुमानजीको प्रतिमूर्ति अगाडि केराको पातलाई नुहाउने कार्य पुजारीबाट गर्नेछ।

३) गणेशजीको सुकुन्दामा घ्यू राखी धूप बाती मोलेर दियो बाल्ने। गणेशजीको कलश स्थापना तामाको दुईवटा जलदानमा जल राखी गर्ने।

४) केराको पातमा ९ वटा केशरीको चिन्ह राखी पूजा आजा आराधना प्रारम्भ गर्ने।

५) श्रीगणेशजीको स्थापित कलशमा फूल, अक्षता, केशरी र सुपरी आदिबाट पूजा आजा गर्ने।

६) काँक्राको माला, विमिरोको माला र ल्वाङ्को माला चढाउने।

७) सगुन-धौको खोला चढाउने।

८) फलफूल, रोट र नैवेद्य आदि चढाउने।

९) रोट चढाँउदा रोटमा बनाइएको नाकको घेरा मिलाई रोट काटेर मन्दिरमा चढाउने।

१०) बोगतामा धूप र बाती राखी, दियो बाली भगवान्लाई चढाउने। (धूप र बाती घ्यू मोलेको हुनुपर्नेछ।)

CC-0. In Public Domain. Digitization by eGangotri

११) यसरी हनुमानस्थानको मन्दिरमा सबै विधिको पूजा सम्पन्न भएपछि हनुमान नाचको द्यो ल्हाय तालबाट विसर्जन गरिनेछ।

१२) त्यसपछि हनुमान नाचको सलामी ताल बजाएर नाचको क्रियाकलापलाई केही समयका लागि स्थगित गरिनेछ। नाचका नृत्यकलाकार र नाचमण्डलीहरू हनुमानजीको पूजास्थलमा आउने छन्। प्रथम चरणमा टीका पुजारीले आफै लगाएपछि पुजारीबाट प्रधानकजी, कजीहरू लगायत नृत्यकलाकारहरूमा फूल अक्षता र टीका लगाउनेछ।

१३) हनुमान नाचको शुरू पूजाको क्रममा यस वखत सबैलाई फलफूल, रोट, दैवेद्य, प्रसाद वितरण गरिनेछ।

१४) यस वखत हरिबोल गर्नु जरूरत हुने छैन।

१५) हनुमान नाचको विसर्जनको कालमा भने फूल, अक्षता ग्रहण गरेपछि हरिबोल गर्नुपर्नेछ।

१६) हरिबोलमा हनुमानका नृत्य टोलीहरू तल बस्न लगाई हनुमानस्थानको मन्दिरबाट फलफूल र रोट (नैवेद्य) प्रसाद छर्न लगाइनेछ। यो कार्य पुजारी, प्रधानकजी र कजीहरूबाट गर्न सक्नेछ।

१७) हरिबोलको कार्य सम्पन्नपछि नृत्यटोलीलगायत सबैलाई प्रसाद (नैवेद्य) वितरण गरिनेछ, सो कार्य सकिएपछि हनुमान नाचको नृत्य टोली, वाद्यवादन टोलीहरू साविकको (पहिलाकै) अखडामा गै पुनः नाचको क्रियाकलापमा संलग्न रहनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

१८) यता पुजारीबाट हनुमानस्थानको मन्दिरबाट सानो हनुमानजीको प्रतिमूर्तिलाई अधिमुख पारी आफूपछि (पछिल्तिर)बाट हिंडी नाचको अघिल्लो पंक्तिमा (प्रोशेसन) जुलुसमा समावेश भै हनुमानस्थानको मन्दिर छहरा पधेराबाट सिधै द्यौरालीचोक हुँदै किनाराटोलस्थित "नासो 'द्यो'" मन्दिरमा मोहनी टीका ग्रहण गर्न पुजारी देवताको साथ जाने छ। हनुमानजीको देवताको प्रतिमूर्ति लिएर पुजारीबाट जाँदा किनाराटोलस्थित नासो 'द्यो' मा स्थापित मोहनी थापेको लिन पूजारी जानुपर्नेछ । त्यसबेला पूजरीबाट देवताको प्रतिमूर्ति प्रधानकजीलाई हस्तान्तरण गरी उक्त मोहनी थापेको स्थल भीमसेनस्थान किनाराटोलमा नासो 'द्यो'भित्र जानुपर्नेछ ।

१९) यस चरणमा नाचको नृत्य मण्डली माझकोट टोलमा नाचसम्वन्धी क्रियाकलाप गरिरहनेछ।

२०) पुजारीबाट त्यस मोहनी थापेको कालो टीकालाई पूजा थालीमा राखी अलिकति तोरीको तेल मिसाएर चलाउने छ। त्यसपछि सिन्काको सहाराबाट पहिला भगवानलाई चढाउने त्यसपछि पूजारी आफूतिर त्यसपछि प्रधानकजीलगायत अन्य नाचसमूहलाई पुजारीबाट टीकास्वरूप लगाइदिनेछ।

२१) तत्पश्चात् प्रधानकजीको साथरहेको हनुमानजीको मूर्ति पुजारीलाई हस्तान्तरण गर्नेछ । त्यसपछि नाचको समुहभन्दा अगाडि रही बजार परिक्रमा गर्दै माझकोटटोलदेखि सिधै परिषद्को राममन्दिर परिक्रमा पश्चात् हनुमान नाचको सलामी ताल, श्रीरामजीको

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तिभावको लागि चढाई सबै नाच मण्डलीहरूबाट मन्दिरभित्र श्रीरामजीको सभक्ति दर्शन गरिनेछ। त्यसपछि नाच मण्डलीहरू सिधै राममन्दिर हुँदै बजार परिक्रमा पछि अन्तमा नारायणचोक स्थित भक्तिलाल चौतारीमा हनुमानको प्रतिमूर्ति राख्न बनाइएको तख्ता (खाट)मा राखी हनुमान नाचको विसर्जन नहुञ्जेल उक्त प्रतिमूति त्यही राखिनेछ। त्यसपछि सो दिनको नाच समापन हुनेछ। नाच मण्डलीहरूले सबैबाट विहान र साँझ नियमति धूप बत्ती दिइनु पर्नेछ।

२२) सुरू पूजा र विसर्जन पूजा सकिएपछि प्राप्त किस्तीको चामल र पूजामा चढेको भेटीमात्र प्रधानकजीको अनुमतिमा पुजारीलाई दिन सकिनेछ।

परिच्छेद ५

४.१७.६ टोलमा पूजा दिने क्रममा हनुमान नाच नचाईसकेपछि टोलमा दिइने पूजा प्रारम्भ गर्दा प्रथमतः पूजा दिने स्थलमा तुर्लिन्ङ छ्यास ताल बजाई भजन गायन साथपछि द्यो ल्हाय ताल बजाई पूजा सुरू गर्नेछ।

हनुमान नाचको पूजामा टोल-टोलमा दिइनु पर्दा अपनाउनु पर्ने पूजा विधिहरू यो पूजा विधि पूजारीद्वारा हुने भएता पनि प्रधानकजी पनि साथमा रही पूजा गर्नेछ।

क) टोलको पूजा दिइनु पर्दा आँगनमा ३ हात लम्बाइ र २ हात चौडाइको काठको फलेक ओछ्याउने।

ख) केराको पात फलेक माथि ओछ्याउने।

ग) श्रीगणेशजीको सुकुन्दा घ्यु राखी बातीलाई घ्यूमा मोलेर बत्ती राखी बाल्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

घ) श्रीगणेशजीको कलश स्थापित गर्ने ।

ङ) श्रीगणेशजीको कलश स्थापना गर्दा तामाको २ ओटा जलदानमा जल राखी स्थापना गर्ने ।

च) केराको पातमा केशरीको ९ वटा चिन्ह राखी पूजा आजा र आराधना गर्ने जसमा अक्षता, फूल, केशरीले पूजा गर्ने ।

छ) सुपारी चढाउने ।

ज) सगुन (धौ) दहीको खोला चढाउने ।

झ) फलफूल, नैवेद्य, रोट चढाउने ।

ञ) बोगतामा धूप, बत्ती बालेर चढाउने । घिउमा धूप वत्ती मोलेर ।

ट) हनुमान नाचका नृत्य कलाकारमध्ये अघिल्लो जामाको डण्डीमा पूजा गर्ने ।

ठ) रोट काट्ने ।

ड) पूजामा भएको अक्षता, फूल आदि नाचको नृत्यसमूहबीच पुजारीबाट प्रथम चरणमा छर्नेछ । त्यसपछि पुजारी आफै टीका लगाउने छ । त्यसपछि पुजारीबाट प्रधानकजीलगायत कजीहरू र नृत्यकलाकारहरू सबैमा टीका लगाईदिने ।

ढ) पूजाको प्रसाद आदि वितरण गर्नेछ । केही समय विश्राम गर्नेछ ।

ण) त्यसपछि केही समय पूजा स्थलमा नाच लगाई नाच्दै नारायणचोकको अखडामा गै त्यो दिनको नाच विसर्जन हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

त) टोलको पूजामा सम्पूर्ण टोलमा आवद्ध नाचका कलाकार र कजीहरूले अनिवार्यरूपमा पूजाको किस्ती पूजास्थल ल्याउनुपर्नेछ ।

थ) टोलमा पूजा दिइँदा पुजारीलाई कम्तीमा २५०।- पारिश्रमिक अलग्गै छुट्याउनुपर्नेछ । पुजारीले मूल भेटीबाहेकका पूजामा चढेको रकम मात्र पाउनेछ ।

परिच्छेद ६

४.१८.७. हनुमान नाचलाई जिल्लाबाहिर लैजाँदा साधारणतः पालना गर्नुपर्ने कार्यविधिहरू

१) हनुमान नाचलाई हालको बदलिंदो अवस्थामा नाचको गौरवमय महत्त्वलाई बाहिरी क्षेत्रमा पनि ब्यापकरूपमा पहिचान गराउने उद्देश्य राखी संस्थाको आह्वानमा मिति २०६३।६।२८ गते आइतबार बसेको परिषद्को कार्यसमिति, सल्लाहकारवर्ग, नृत्यकलाकार वर्ग, वाद्यवादन समूह, कजीहरू, पुजारी र पुराना बूढापाकाहरू तथा कलाप्रेमीहरूको संयुक्त बैठकले हनुमान नाचलाई जिल्लाबाहिर लैजानेबारे सर्वसम्मतिबाट निर्णय गरेको छ ।

२) यसरी हनुमान नाचलाई बाहिरी जिल्लामा लैजाँदा नाचको अस्तित्वमा खलल नपुऱ्याई नाचको पालन गर्नुपर्ने आचरण र मर्यादा लगायन अनुशासनमा वफादार रहने गरी तत्परता लिइनुपर्नेछ ।

३) नाचलाई जिल्ला बाहिर लैजानु पर्दा नाच्ने, बजाउने, गाउने, पुजारी र कजीहरू सबै दत्तचित्त भै अनिवार्यरूपमा भाग लिनुपर्नेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

४) बाहिरी क्षेत्रमा हनुमान नाच प्रदर्शन गर्न माग भएपछि प्रथम चरणमा स्वागत हितमा छ छैन ? भन्ने वारे परिषद्को का.स. बाट छानविन गरिनुपर्नेछ।

५) नाच बाहिर लैजानुपूर्व स्थानीय क्षेत्रका कलाप्रेमीहरूको वृहत् बैठक वोलाई सो बैठकले दिएको मार्ग दर्शन अनुरूप कार्यान्वयनमा जानुपर्नेछ।

६) हनुमान नाच बाहिर लैजानुपर्दा सबै नाचमण्डलीहरू एकै समूहमा जाने, सबै समूहमा बस्ने, एकै समूहमा नाच्ने एकै सूहमा फर्कनुपर्नेछ।

७) यस्तो अवस्थामा जो कोही नाच मण्डलीहरू आफन्त नाता, गोता वा सम्वन्ध कायम भएको घरमा गई बस्न सख्त मनाही गरिएको छ।

८) हनुमान नाचलाई वाह्य क्षेत्रमा लैजाने सबै क्षेत्रको निर्णय भएपछि संस्थाले सबै नाचमण्डलीलाई पत्रबाट वा सूचनाबाट जानकारी गर्नेछ।

९) नाचलाई बाह्य क्षेत्रबाट लैजाँदा नाचको प्रधानकजीको नेतृत्वमा जानुपर्नेछ।

१०) यस्तो बेलामा प्रधानकजीको निर्देशनलाई सबै नाच मण्डलीहरूले शिरोधार्य गर्नुपर्ने छ।

११) नाच बाहिर लैजानु पर्ने सूचना प्राप्त हुनासाथ नृत्य कलाकारहरूले आ-आफ्नो नृत्य सामग्रीहरूलाई उचित हेरचाह गरी स्वच्छ तुल्याई नाचको गरिमा बढाउन प्रयासमा लाग्नु पर्नेछ।

१२) हनुमान नाच बागलुङबासीको गौरव भएकोले यसको गौरव बढाउन सबैको चेष्टा हुनुपर्नेछ। नाचको अस्तित्वमा

CC-0. In Public Domain. Digitization by eGangotri

खलल पुऱ्याउने जो कोहीबाट प्रयास भएमा त्यस्ता व्यक्तिलाई सामाजिकरूपमा जे जस्तो कारवाही गर्नुपर्ने हुन्छ त्यसको लागि संस्थाले अपनाउनेछ।

१३) नाच बाहिर लिएर जानुपर्ने दिन विहानै सबै नृत्य कलाकार, वाद्यवादन, कलाकार, भजन समूह, कजीहरू, पुजारी र का.स.का पदाधिकारी सदस्यहरूले नुहाई धुवाई स्वच्छ बनी हनुमान नाच अखडा भएको स्थान भक्तिलाल चौपारीको तख्तामा राखिएको हनुमानजीको प्रतिमूर्तिमा सभक्ति धूप वत्ती चढाउनुपर्नेछ।

१४) यस वखत नृत्यकलाकारहरूले पोशाक लगाएर श्रृंगारेको अवस्थामा उपस्थित हुनुपर्नेछैन।

१५) सभक्ति धूप वत्ती हनुमानजीलाई चढाएपछि हाम्रो कामना पुरा होस् भनी साष्टाङ्ग ढोक गरिनुपर्नेछ।

१६) यस वखत सबै नाच मण्डलीहरूले स्वच्छ, सादा खाना, फलफूल, नैवेद्य आदि खानुपर्नेछ।

१७) नाच संचालन गर्न बाहिर जानु पर्दा साविक हनुमानजीको प्रतिमूर्तिलाई लिएर जानुपर्ने छैन।

१८) नाच संचालन गर्न प्रस्थान गर्दा नृत्य कलाकारहरूले बसमा बस्दा आ-आफ्नो नृत्य सामग्रीहरू नलगाई सुसज्जीत रूपमा राखिनुपर्नेछ।

१९) बाहिरी क्षेत्रमा हनुमान नाच लैजानु पर्दा प्रथम चरणमा त्यस स्थलमा हनुमानजीको मन्दिर वा स्थान छ छैन खोजी गरिनुपर्नेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

२०) उपयुक्त ठाउंमा हनुमानजीको स्थान वा मन्दिर भएमा हनुमानजीको स्थान वा मन्दिरलाई प्रतिमूर्तिको रूपमा स्थापित गरी हनुमान नाचको शुभारम्भ गर्ने स्थल (अखडा) र नाचको विसर्जन गर्ने स्थलको अखडा मानी नाचलाई स्वचालित गरिनुपर्नेछ।

२१) नाच शुरू हुनुपुर्व प्रतिस्थापित हनुमानजीको स्थान मन्दिरमा धूप बत्ती सोही ठाउंबाट हनुमाननाचलाई वाह्य क्षेत्रमा नाचको प्रारम्भ गरी संचालन गरिनेछ।

२२) यसप्रकार नाचको विसर्जन गर्दा पनि सोही ठाउँलाई अखडा मानी विधिवत विसर्जन गरी हनुमानजीलाई साष्टाङ्ग ढोग गरी सबै नाचमण्डलीहरू घर घरमा एकै समुहमा जान सक्नेछन्।

२३) बाहिरी प्रस्थानस्थलमा प्रथमत हनुमान नाचलाई सेवामुलक रूपमा विधिवत संचालन गर्न सकिनेछ। यसको लागि उपयुक्त बार (दिन) हुनु जरूरी हुने छैन।

२४) यस क्षेत्रमा हनुमान नाचको पूजा लिइनु पर्दा भने नाचको पूजा विधिप्रणालीअनुरूप हनुमान नाचको पूजा संचालन गरिनुपर्नेछ। पूजा लिइँदा नाचको पूजा लिइनु पर्ने प्रचलित दिनहरूमा मात्र लिइनेछ।

२५) हनुमान नाच बाहिर लैजानुपर्ने अवस्थामा प्रधानकजीले आवश्यक पर्ने नाचका नृत्य कलाकार, बजाउने, गाउने, कजीहरू, पूजारीलगायत समितिका पदाधिकारी र सदस्यहरूलाई लैजानुपर्नेछ। यस वखत प्रधानकजीबाट

CC-0. In Public Domain. Digitization by eGangotri

तोकिएको नाच मण्डलीहरू अनिवार्यरूपमा जानुपर्नेछ ।

२६) यसका लागि प्रधानकजीले आवश्यक पर्ने नाचमण्डलीहरूको सूची तयार गरी विस्तृत योजना बनाउनेछ ।

२७) हनुमान नाच बाहिर लैजानु पर्दा कुनै समस्या आईपरेमा त्यसको समधान प्रधानकजीले कार्यसमितिको परामर्शमा समाधान गर्नेछ ।

२८) हनुमान नाच संचालन गरिनुपर्दा र नाचको पूजा संचालन गर्नुपर्दा संस्थाको हनुमान नाच संचालन नियमावली -२०४६ र हनुमान पूजा विधि प्रणाली -२०६३ अनुरूप हुनेछ ।

२९) बाहिरी क्षेत्रमा हनुमान नाचलाई संचालन गरिंदा जो कोहीलाई व्यावसायिक रूपमा संचालन गर्न दिइने छैन । यदि सोअनुरूप गर्नुपर्ने भएमा संस्थासित पूर्व स्वीकृति लिनुपर्नेछ ।

३०) नाचको छायाङ्कन, भिडियो संचालन र प्रत्यक्ष प्रसारण जे जति गरिनुपर्ने हुन्छ सोको मुनाफा र व्यवसायमूलकरहित र सेवाग्राहीलाई रोकतोक गरिनेछैन ।

३१) विशेष परिस्थितिमा हनुमान नाचलाई समयसापेक्ष रूपमा संचालन गर्दै लैजानु पर्ने भएको हुँदा परिषद्को हनुमान नाच संचालन नियमावली -२०४६ मा निम्न दफा थप गरी विशेष परिस्थितिमा हनुमान नाच प्रदर्शन

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न सकिने कुरा २०६० फागुन २९ गतेको कार्यसमितिको बैठकले निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ ।

क) हनुमान नाच नियमित देखाउने काम नभएको अवस्थामा आकस्मिकताअनुरूप राष्ट्रिय, अन्तराष्ट्रिय विशिष्ट व्यक्तित्वको आगमन भएमा वा कुनै राष्ट्रिय पर्व आदि पर्न आई नाचको गरिमा र प्रतिष्ठा वढाउन सघाउ हुने भएमा र नाचको मर्यादामा आँच नपुऱ्याउने गरी यो हनुमान नाचलाई त्यस्तो अवस्थामा विधिवत् रूपमा देखाउन सकिनेछ ।

ख) यस्तो बेलामा नाच देखाउनुपर्दा "नासो 'द्यो" पूजा लगाई हनुमानजीको स्थानमा पूजा गर्नुपर्ने छ ।

ग) यस्तो परिस्थितिबाहेक अन्य अवस्थामा नाचलाई आफ्नो प्रचलित पद्धतिअनुरूप स्वतः देखाउनुपर्नेछ ।

परिच्छेद ७

४.१९.८ टोलमा पूजा दिइँदा आवश्यक जुटाउनुपर्ने आवाश्यकसामग्रीहरू

१) टोलमा स्वेच्छापूर्वक १२ ओटा रोट हाल्ने । चामलको पीठो सामग्री ल्वाङ, सुकुमेल, छोकडा, नरिवल, मरिच, घ्यु लोकल, चिनी आदि

२) स्वच्छ जल राख्ने तामाको हत्तर

३) पूजा सामग्री राख्ने सुरक्षित कोठा

CC-0. In Public Domain. Digitization by eGangotri

४) कलशका लागि तामाका दुईवटा जलदान, द्योखोला, अर्घ

५) गणेश सुकुन्दा

६) अक्षेता चामल

७) केशरी चन्दन

८) सिन्दूर

९) अविर

१०) सुपारी

११) धजाको कपडा रातो-सेतो

१२) पूजा गर्ने फूलप्रसाद

१३) भेटी

१४) धूप, वत्ती घ्यूमा मोलेको

१५) दही

१६) पैसा चढाउने

१७) प्रसादको लागि फलफूल हलुवा

१८) पूजाको थाली

१९) दुना टपराहरू

२०) बातेको धूप र सिक्ने धूप

२१) सलाई लाइटर

रोट बनाउन पूजामा भाँडा-वर्तन

१) झाँगा फलामे २

CC-0. In Public Domain. Digitization by eGangotri

२) ओदान २

३) दाउरा भारी वा स्टोभ मट्टितेल १

४) स्टिल आरी ४

५) डिनर प्लेट ५

६) पानीको जग १

७) बाल्टिन १

परिच्छेद ८

४.२०.९ हनुमान नाचको सुरु पूजा नासो 'द्यो' र विसर्जन पूजा तर्जुमा गर्नुपर्दा जुटाउनुपर्ने पूजासम्बन्धी सामग्री

पूजासामग्री

१) बातेको धूप

२) सिन्के धूप

३) रातो धजा

४) सेतो धजा

५) केशरी, सुपारी

६) सिन्दूर, अविर

७) हाँसको फुल (अण्डा)

८) ल्वाङ् र ल्वाङ्को माला

९) विमिरोको माला

१०) काँक्राको माला

११) केराको पात

१२) नरिवल

CC-0. In Public Domain. Digitization by eGangotri

१३) मरिच

१४) सुकमेल

१५) घ्यु लोकल

१६) चामल रोटको लागि

१७) दही आधा माना

१९) देवता ढोक्न डेढ मिटर रातो सेतो कपडा

२०) सलाई वा लाइटर

२१) टपरी ५० ओटा

२२) रोट तयार गर्दा १२ वटा कम्तीमा त्यसमा बढी राख्न सकिने

२४) फलफूल

२५) बोका १

रोट बनाउन पूजाका भाँडावर्तन

१) झाँगा फलामे २

२) ओदान २

३) दाउरा भारी वा स्टोभ मट्टितेल १

४) स्टिल आरी ६

५) डिनर प्लेट १०

६) पानीको जग १

७) बाल्टिन १

पूजाका लागि भाँडावर्तन सामग्री

१) पाला शित २

CC-0. In Public Domain. Digitization by eGangotri

२) लै या शित हटर१

३) पूजा थाली स्टिल वा तामा थाली ३

४) अर्घ २

५) गणेश सुकुन्दा २ क) भीमसेनस्थान ख) हनुमानस्थान

६) जलपात्र २

७) दही (धौ खोला) २

८) माटो डल्लो ३

क) रोट बनाउने कार्य नारायणचोक भक्तिलाल चौपारीमा हुनेछ ।

ख) सामानहरू राख्न भीमसेनस्थान मन्दिर र गणेश मन्दिरमा हुनेछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

४.२१ हनुमान नाचको पूजाविधि

१) काठको फलेक विछ्याउने ।

२) काठको फलेकमाथि केराको पात विछ्याई स्वच्छ जलद्वारा सेचन गर्ने ।

३) श्रीगणेशजीको सुकुन्दामा घ्यू मोलेको वत्ती राखी दियो बाल्ने

४) गणेशजीको कलश स्थापना २ वटा जलदान राखी गर्ने ।

५) श्री गणेशजीको सुकुन्दा र कलशमा विधिवत पूजाआजा अर्चना फूल अक्षेता चढाई गर्ने ।

६) केराको पातमा १ वटा केशरीको चिन्ह राखी घेरा राख्ने । त्यसपछि केशरीको घेरामाथि अविरको पनि चिन्ह घेरा राख्ने । विधिवत् अक्षेताफूल चढाई पूजा अर्चना गर्ने ।

७) सुपारी चढाउने, धान भुटेको (लावा) चढाउने ।

८) सगुन धौ खोला चढाउने ।

९) फलफूल, नैवेद्य, रोट चढाउने ।

१०) बोगतामा धूप वत्ती चढाउने ।

११) ज्यामाको डण्डीमा पूजा गर्ने ।

१२) रोट काट्ने

१३) पूजाको फूल, अक्षेता, मोलेर नाच मण्डलीबीच छर्कने

१४) शक्ति उत्पत्ति भएका हनुमानहरूलाई पुजारीबाट धूप दिने ।

१५) पूजारीले आफै टीका ग्रहण गर्ने र प्रधान कजीलाई टीका लगाई, ज्यामाको र नाचमण्डलीलगायत कजीहरूलाई टीका

CC-0. In Public Domain. Digitization by eGangotri

लगाउने । नाचको दण्डी, मृदङ्ग, झ्याली आदिको पूजा गर्ने ।

१६) फूल, प्रसाद वितरण गर्ने, विश्राम गर्ने ।

१७) फूल, प्रसाद वितरणपछि नाचको विसर्जन क्रममा केहीबेर नाच लगाई विसर्जन गर्ने आयोजकसँग विदाइ लिने ।

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान नाच संरक्षण परिषद्को
विधान - २०४६

४.२२ प्रस्तावना

"हनुमान नाच" बागलुङ बजारमा देखाइने नेवारी जातिको प्राचीन लोकसंस्कृतिको झलक हो। यसको मूल आधार रामायण हो, यसमा हिन्दू संस्कृतिको धार्मिक भावना छिपेर रहेको पाइन्छ। रामचन्द्रकी पत्नी सीतालाई लङ्काका राजा रावणले हरण गरेर लैजादा रावणसँगको युद्धमा वायुपुत्र महावली हनुमानको सक्रीय सहयोगले सीता फर्काउन सफल भएकाले त्यसै बेलादेखि रावणलाई पराजित गराई फकाई यस हनुमानको विभिन्न नृत्य रचनाको झलक यस नृत्यबाट झल्किन्छ। यसरी रामचन्द्रको सेवक वायुपुत्र हनुमानको आराधना गर्नाले शक्ति प्राप्त हुन्छ भन्ने हिन्दू धर्मावलम्बीहरूको प्रगाढ विश्वासले झन्डै २७५ वर्ष अघिदेखि बागलुङ बजारको पश्चिम पहाडमा हनुमानको मूर्ति स्थापना गरी, मानवजीवनको रक्षार्थ हनुमानको सेवा गरी सोही समयदेखि यो नाच प्रदर्शित गर्दै आएको देखिन्छ। बागलुङमा प्रदर्शन हुने यो नाच अधिराज्यको कुनै पनि ठाउँमा प्रदर्शित नहने हुँदा हनुमान नाच बागलुङको लोकसंस्कृतिको इतिहास हुनुपर्दछ।

परिच्छेद १
प्रारम्भिक

४.२३.१ संक्षिप्त नाम र प्रारम्भ

क) यस संस्थाको नामः "हनुमान नाच संरक्षण परिषद्"

ख) यस परिषद्को एउटा संचालक समिति रहनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग) यो परिषद् स्थानीय स्तरबाट सञ्चालित स्वशासित संस्था रहनेछ।

४.२४.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

क) 'परिषद्' भन्नाले हनुमान नाच संरक्षण परिषद् सम्झनु पर्दछ वा संक्षेपमा ह.ना.सं.प. सम्झनुपर्दछ।

ख) 'समिति' भन्नाले संचालक समिति सम्झनुपर्छ।

ग) 'सदस्य' भन्नाले पदाधिकारी एवं सदस्यसमेत सम्झनुपर्दछ।

घ) 'कार्यकारिणी' भन्नाले विधान अनुसार भएको कार्यकारिणी संचालक समिति सम्झनुपर्दछ।

ङ) 'अध्यक्ष' भन्नाले संचालक समितिको अध्यक्ष सम्झनुपर्दछ।

च) 'पदाधिकारी' भन्नाले परिषद्का अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, संचालक समितिसम्झनुपर्दछ।

४.२५.३ संस्थाको छाप

